# नेपाली निबन्ध परम्परामा मकवानपुर जिल्लाको योगदान

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली
केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ
पत्रको प्रयोजनका निम्ति प्रस्तुत

## शोधपत्र

शोधार्थी
देवराज न्यौपाने
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्व विद्यालय
कीर्तिपुर, काठमाडौँ
२०६९

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली एम. ए. दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि श्री देवराज न्यौपानेले **नेपाली निबन्ध परम्परामा मकवानपुर जिल्लाको योगदान** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभाग समक्ष पेश गर्न सिफारिस गर्दछु ।

मिति २०६९/१२/२३

..........................
श्री मीरा प्रधान
शोध निर्देशक
नेपाली केन्द्रीय विभाग
त्रि. वि., कीर्तिपुर
काठमाडौं

**त्रिभुवन विश्व विद्यालय**
**नेपाली कन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत नेपाली केन्द्रीय विभागका छात्र देवराज न्यौपानेले स्नातकोत्तर तह दोस्रो वर्ष दसौं पत्रको प्रयोजनको लागि मीरा प्रधानको निर्देशनमा रही **नेपाली निबन्ध परम्परामा मकवानपुर जिल्लाको योगदान** नामक शोधपत्र तयार पार्नु भएकाले प्रस्तुत शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

| **शोधमूल्याङ्कन समिति** | | **हस्ताक्षर** |
|---|---|---|
| १ | प्रा. डा. देवीप्रसाद गौतम<br>(विभागीय प्रमुख) | ........................ |
| २. | मीरा प्रधान<br>(शोध निर्देशक) | ........................ |
| ३. | भोलानाथ ओझा<br>(बाह्य परिक्षक) | ........................ |

मिति : २०६९/१२/२९

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्व विद्यालय सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको मातहतमा रही गरिएको यस **नेपाली निबन्ध परम्परामा मकवानपुर जिल्लाको योगदान** नामक शोधपत्रको शीर्षक छनौटदेखि अहिले सम्म सफल निर्देशनको भूमिका निभाएर सक्दो सहयोग गर्नुका साथै समय-समयमा हौसला प्रदान गर्नुहुने गुरु मीरा प्रधानप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै नेपाली केन्द्रीय विभागका प्रमुख प्रा. डा. देवीप्रसाद गौतमप्रति  आर्दिक आभार प्रकट गर्दछु । यस क्रममा नेपाली केन्द्रीय विभागका सम्पूर्ण गुरुज्यूहरू लगायत सहयोगी कर्मचारी मित्रहरू मा कृतज्ञता प्रकट गर्नु आफ्नो कर्तव्य सम्झन्छु ।

दस महिनासम्म गर्भमा लिई आफ्नो वात्सल्य प्रेमद्वारा उचित संस्कार र शिक्षाको मार्गमा अनेक कष्ट सहेर भए पनि मेरो उच्च शिक्षाको मार्गमा अग्रसर गराउन र आफ्नो आकाङ्क्षालाई पूरा गर्न दिनु आफ्नो दायित्व सम्झेर प्रेरणा दिने पूज्य आमा श्री रंगनायकी न्यौपाने एवम् बुबा रुद्रनाथ न्यौपानेप्रति म सदैव ऋणी रहने छु । परिवारिक समस्यामा आफै जुधेर मेरो अध्ययन मार्ग प्रशस्त गर्ने प्रिय जीवन साथी अप्सरा तिमल्सिनालाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

शिक्षाको मार्गमा अग्रसर हुँदा आफ्ना अमूल्य ज्ञानहरू प्रदान गर्दै मेरो उन्नतिमा सहायक हुनु भएका समस्त गुरुहरूप्रति म सदैव नतमस्तक छु । विभिन्न कृतिहरू उपलब्ध गराइदिने एवम् सलह दिने मकवानपुरका स्रष्टा, आर. सी. रिजाल, रामचन्द्र आचार्य 'फुर्सती' आर. आर. चौलागाई, रमेशमोहन अधिकारीले लगाएको गुनलाई मैले बिर्सन हुन्न । आफ्नो अमूल्य समयलाई खर्चेर मलाई सदैव सहयोग गर्ने मित्र कुरेश पाण्डेलाई बिर्सिएमा म कृतनी ठहरिने छु । मलाई यस शोधपत्रको तयारीका क्रममा सामग्री उपलब्ध गराउने केन्द्रिय पुस्तकालय परिवार, पुष्पलाल स्मृति पुस्तकालय परिवार, हेटौंडा, आर्थिक सहयोग गर्नु हुने दाजुहरू अनन्तराज र नवराजलाई नसम्झी रहन सक्तिन । यस शोध कार्यलाई कुशलता पूर्वक टङ्कन कार्यमा सहयोग पुऱ्याउनु जुपिटर कम्प्यूटर सेन्टर कीर्तिपुरका भाइ सुमन अधिकारीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा प्रस्तुत नामक यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सविनय अनुरोध सहित नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष पेश गर्दछु ।

| | |
|---|---|
| मिति : २०६९/१२/ | शोधार्थी |
| शैक्षिक सत्र: २०६४/०६५ | देवराज न्यौपाने |
| त्रि. वि. दर्ता नं:६-३-२८-२१९-२००७ | नेपाली केन्द्रीय विभाग |
| परीक्षा क्रमाङ्क : २८१५५७ | कीर्तिपुर |

# विषय सूची

पृष्ठ संख्या

शोध निर्देशकको सिफारिस क

स्वीकृति पत्र ख

कृतज्ञता ज्ञापन ग

विषय सूची घ-छ

सङ्क्षेपीकृत सूची ज

**पहिलो परिच्छेद**

**शोधपरिचय १–६**

१.१ विषय परिचय १

१.२ समस्या कथन १

१.३ शोधकार्यको उद्देश्य २

१.४ पूर्वकार्यको विवरण २

१.५ शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता ५

१.६ शोधकार्यको सीमाङ्कन ५

१.७ शोधविधि ६

१.८ शोध पत्रको रूपरेखा ६

**दोस्रो परिच्छेद**

**मकवानपुर जिल्लाको सङ्क्षिप्त परिचय ७–१६**

२.२ परिचय ७

२.२ नामकरण ७

२.३ स्थिति, क्षेत्रफल र सिमाना ७

२.४ राजनीतिक विभाजन ८

२.५ जनसङ्ख्या ८

२.६ हावापानी ९

२.६.१ अर्धऊष्ण हावापानी ९

२.६.२ न्यानो समशीतोष्ण हावापानी ९
२.६.३ ठण्डाशीतोष्ण हावापानी १०
२.७ वनस्पति १०
२.७.१ लेकाली वनस्पति १०
२.७.२ मैदानी वनस्पति ११
२.८ महत्त्वपूर्ण स्थलहरू ११
२.८.१ ऐतिहासिक स्थलहरू ११
२.८.२ पर्यटकीय स्थलहरू १२
२.८.३ धार्मिक स्थलहरू १२
२.९ शैक्षिक विकास १३
२.१० यातायात १४
२.१०.१ राष्ट्रिय राजमार्ग १४
२.१०.२ सहायक मार्गहरू १४
२.१०.३ नगर सडकहरू १४
२.११ सञ्चार १५
२.१२ निष्कर्ष १६

**तेस्रो परिच्छेद**

**मकवानपुर जिल्लाको निबन्ध लेखनको परम्परा १७–२९**
३.१ पृष्ठभूमि १७
३.१.१ प्राथमिक वा पृष्ठभूमि काल (वि. सं. २०० अघि) १७
३.१.२ विस्तार  वा उर्वर काल (वि. सं. २०००-२०२५) १८
३.१.३ आधुनिक काल (वि. सं. २०२५- हालसम्म) १९
३.२ मकवानपुर जिल्लाबाट प्रकाशित भएका कृतिहरू २२
३.३ मकवानपुर जिल्लाबाट प्रकाशित विभिन्न पत्रपत्रिकाहरू २४
३.४ मकवानपुर जिल्लामा गठन भएका विभिन्न साहित्यिक संघ संस्थाहरू २६
३.५ मकवानपुर जिल्लामा स्थापना भएका विभिन्न पुरस्कार तथा सम्मानहरू २८
३.६ निष्कर्ष २९

## चौथो परिच्छेद

**निबन्धको सैद्धान्तिक परिचय** **३०–४५**

४.१ निबन्ध परिचय ३०

४.१.१ निबन्धको पूर्वीय मान्यता ३०

४.१.२ निबन्धको पाश्चात्य मान्यता ३१

४.१.३ निबन्धको परिभाषा र स्वरूप ३२

४.२ निबन्धका तत्त्वहरू ३४

४.३ निबन्धको वर्गीकरण ३७

४.३.१ आत्मपरक निबन्ध ३८

४.३.२ वस्तुपरक निबन्ध ३९

४.४ नेपाली निबन्ध परम्परा ४०

४.४.१ प्राथमिक काल (१८३१-१९५७) ४१

४.४.२ माध्यमिक काल (१९५८-१९९२) ४२

४.४.३ आधुनिक काल (१९९३-हालसम्म) ४२

४.४.३.१ प्रथम चरण (१९९३-२००३) ४३

४.४.३.२ द्वितीय चरण (२००४-२०३५) ४३

४.४.३.३ तृतीय चरण (२०३६ देखि हालसम्म) ४४

४.५ निष्कर्ष ४५

## पाँचौं परिच्छेद

**मकवानपुर जिल्लाका निबन्धकार तथा तिनका निबन्ध र निबन्धसङ्ग्रहको अध्ययन** **४६(८३**

५.१ विषय प्रवेश ४६

५.२ मकवानपुर जिल्लामा निबन्ध लेखनको आरम्भ ४७

५.३ मकवानपुर जिल्लाका निबन्धकार तथा तिनका निबन्ध र निबन्ध सङ्ग्रहहरू ४७

५.४मकवानपुर जिल्लाका निबन्धकार र उनीहरूका निबन्ध सङ्ग्रहहरू ४९

५.४.१ भीम विरागको समान्य परिचय ४९

५.४.१.१ स्वरसम्राटको सम्झना निबन्ध सङ्ग्रहको सङ्क्षिप्त विवेचना ४९

५.४.२ निबन्धकार आर.सी. रिजाल र उनका निबन्ध सङ्ग्रहहरूको विवेचना ५०

५.४.२.१ आर.सी. रिजालको सामान्य परिचय ५०

५.४.२.२ 'कुकुरको पुच्छर' निबन्ध सङ्ग्रहको सङ्क्षिप्त विवेचना ५०

५.४.२.३ 'कण्ठलङ्गौटी' निबन्ध सङ्ग्रहको सङ्क्षिप्त विवेचना ५६

५.४.२.४ 'हाकिमको खप्पर' निबन्ध सङ्ग्रहको सङ्क्षिप्त विवेचना ६१

५.४.३ नियात्राकार तथा संस्मरणकार रमेशमोहन अधिकारी र उनको नियात्रा तथा संस्मरण सङ्ग्रहको सङ्क्षिप्त विवेचना ६७

५.४.३.१ रमेशमोहन अधिकारीको सामान्य परिचय ६७

५.४.३.२ सम्झनाको सेरोफेरो नियात्रा तथा संस्मरण सङ्ग्रहको सङ्क्षिप्त विवेचना ६७

५.४.४ निबन्धकार श्याम भारद्वाज र उनका हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहहरूको सङ्क्षिप्त विवेचना ७०

५.४.४.१ श्याम भारद्वाजको सामान्य परिचय ७०

५.४.४.२ कहीँ नभएको जात्रा हाँडी गाउँमा निबन्ध सङ्ग्रहको सङ्क्षिप्त विवेचना ७१

५.४.४.३ साम्देन बा र ज्योतिष बाजे हास्यव्यङ्ग्य सङ्ग्रहको सङ्क्षिप्त विवेचना ७४

५.५ मकवानपुर जिल्लाका निबन्धकार र तिनका फुटकर निबन्धहरू ७८

५.६ निष्कर्ष ८३

**छैटौं परिच्छेद**

**नेपाली निबन्ध परम्परामा मकवानपुर जिल्लाको योगदान ८४-८८**

६.१ परिचय ८४

६.२ निष्कर्ष ८८

## सातौं परिच्छेद

**उपसंहार** ८९-९०

७.१ निष्कर्ष ८९

७.२ सम्भावित शोधशीर्षकहरु ९०

**सन्दर्भ सामग्री सूची** ९१-९२

**परिशिष्ट** ९३

## सङ्क्षेपीकृत सूची

| | | |
|---|---|---|
| अप्र. | : | अप्रकाशित |
| आर.सी. | : | रामचन्द्र |
| आर. आर | : | राजाराम |
| उदा. | : | उदाहरण |
| गा. वि. स. | : | गाउ विकास समिति |
| चु.सा.ब.उ.स. | : | चुच्चे खोला सामुदायिक वन उपभोक्ता समिति |
| चौ. सं. | : | चौथो संस्करण |
| जि. वि. स. | : | जिल्ला विकास समिति |
| ते. सं. | : | तेस्रो संस्करण |
| दो. सं. | : | दोस्रो संस्करण |
| नि. मा. वि. | : | निम्न माध्यमिक विद्यालयमा |
| ने. रा. प्र. प्र. | : | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | : | पृष्ठ |
| प्रा. वि. | : | प्राथमिक विद्यालय |
| मा. वि. | : | माध्यमिक विद्यालय |
| वि. सं. | : | विक्रम सम्वत् |
| वि. वि. | : | विश्व विद्यालय |
| सम्पा. | : | सम्पादक |
| सा. प्र. | : | साझा प्रकाशन |
| संस्क. | : | संस्करण |

## पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

मकवानपुर जिल्ला नेपाल अधिराज्यको पाँच विकास क्षेत्रमध्ये मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चलमा पर्दछ । यस जिल्लाको आफ्नै साहित्यिक पृष्ठभूमि रहेको छ । यस जिल्लाको सहित्य लेखन आरम्भको कुरा गर्दा वि. सं. २००० को छेउछाउसम्म पुग्न सकिन्छ । यस शोधकार्यमा मकवानपुर जिल्लाको सङ्क्षिप्त चिनारी, जिल्लाको समान्य साहित्यिक सर्वेक्षण मकवानपुरका निबन्धकार र तिनका निबन्धात्मक कृतिहरूको पहिचान, मूल्याङ्कन एवम् विश्लेषण गरिएको छ । विभिन्न निबन्धकारहरूका समय-समयमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर निबन्धदेखि निबन्ध सङ्ग्रहसम्मकै अध्ययन अनुसन्धान गर्नु यस शोधकार्यको मुख्य विषय बनेको छ ।

## १.२ समस्या कथन

मकवानपुर जिल्लाबाट नेपाली साहित्यका विभिन्न विधाहरू (कथा, कविता, खण्डकाव्य, महाकाव्य, उपन्यास, निबन्ध आदि) मा रचनाहरू प्रकाशित भएका छन् यस भन्दा पहिले नै **मकवानपुरका कथाकारको अध्ययन** र **मकवानपुरका कवि र कविता** शीर्षकमा शोधकार्य भइसकेका छन् । मकवानपुर जिल्लाका निबन्धकार, निबन्ध सङ्ग्रह र निबन्ध परम्परामा हालसम्म कुनै शोधकार्य भएको पाइँदैन । प्रस्तुत शोधकार्यमा मकवानपुर जिल्लामा जन्मी यसै जिल्लालाई साहित्यिक कर्मथलो बनाउने एवम् अन्य जिल्लामा जन्मी मकवानपुर जिल्लालाई साहित्यिक कर्मथलो बनाउने निबन्धकारहरूको योगदानका साथै मकवानपुरको साहित्यिक गतिविधिका बारेमा खोज-अनुसन्धान र मूल्याङ्कन गरिएको छ । यस शोधकार्यमा निम्नलिखित समस्याहरू रहेका छन:

१. मकवानपुर जिल्लाको भौगोलिक, ऐतिहासिक र सामाजिक स्थिति के कस्तो छ ?

२. मकवानपुर जिल्लाको साहित्य लेखनको परम्परा के कस्तो छ ?

३. मकवानपुर जिल्लाका निबन्धकार र तिनका निबन्धात्मक कृति के कति र कस्ता रहेका छन् ?

४. नेपाली निबन्ध परम्परामा मकवानपुर जिल्लाको योगदान के कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य शोध समस्यामा देखिएका समस्याहरूको उचित समाधान गर्नमा केन्द्रित रहेको छ । यस सन्दर्भमा मकवानपुर जिल्लाका निबन्धकार एवम् तिनका कृतिहरूको सर्वेक्षण गरी यस जिल्लाको निबन्धलेखन परम्परा र योगदानमा आधारित भएर विस्तृत तथ्यपरक अध्ययन तथा विश्लेषण गर्नका लागि प्रस्तुत शोधपत्रमा निम्नलिखित उद्देश्य रहेका छन् ।

क. मकवानपुर जिल्लाको भौगोलिक, ऐतिहासिक र सामाजिक स्थितिको चिनारी दिनु ।

ख. मकवानपुर जिल्लाको साहित्यलेखन परम्पराको सर्वेक्षण गर्नु ।

ग. मकवानपुर जिल्लाको निबन्धकार र तिनका निबन्ध तथा निबन्ध सङ्ग्रहको सर्वेक्षण गरी विवेचना गर्नु ।

घ. नेपाली निबन्ध परम्परामा मकवानपुर जिल्लाको योगदानको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली निबन्ध परम्परामा मकवानपुर जिल्लाको योगदान महत्त्वपूर्ण भए पनि त्यसका बारेमा केही पत्रपत्रिकामा छापिएका समालोचनात्मक लेखबाहेक अन्वेषण कार्य भएको भेटिँदैन । 'नेपाली साहित्यमा मकवानपुर जिल्लाको योगदान' (२०५६) शीर्षकमा भएको शोधपत्रमा मकवानपुरे निबन्धकार र तिनका निबन्धहरूको सङ्क्षिप्त चिनारी भएको तर बृहद् अध्ययन नभएको अवस्थामा यस शोधकार्यमा निबन्ध विधामा विस्तृत अध्ययन हुन आवश्यक छ । अतः

यस शोधकार्यका निम्ति यस भन्दा पहिले भएका विवरणहरू उल्लेखनीय र महत्त्वपूर्ण हुने भएकाले ती पूर्वकार्यहरूलाई कालक्रमिक रूपमा यहाँ सङ्क्षिप्त विवरण दिइएको छ ।

रामचन्द्र आचार्य 'फुर्सती' ले **दीपशिखा** (२०५६) नामक साहित्यिमा त्रैमासिक पत्रिकामा 'साहित्यिक सेरोफेरोमा मकवानपुर' शीर्षकमा मकवानपुरको साहित्यिक अवस्था, तुलसी थापा, आर. आर. चौलागाई भीम विराग जस्ता क्रियाशील स्रष्टाहरू एवम् साहित्य संगम, पुष्पलाल स्मृति पुस्तकालय जस्ता साहित्यिक संघ संस्था एवम् पत्रपत्रिकाको विस्तृत चर्चा गरेका छन् ।

सञ्जय शाहले **अभिव्यक्ति** (२०५८) साहित्यिक पत्रिकामा 'मकवानपुरे साहित्यको सङ्क्षिप्त चिनारी' शीर्षकमा मकवानपुरका स्थापित, उदीयमान एवम् विधागत योगदान पुऱ्याउने आर. सी. रिजाल, निमेष निखिल आदि साहित्यकारहरूका बारेमा आफ्ना दृष्टिकोण प्रस्तुत गरेको छन् ।

निमेष निखिलले **अभिव्यक्ति** (२०५८) साहित्यिक पत्रिकामा 'मकवानपुरका तीन कृति एक दृष्टि' शीर्षकको समीक्षात्मक लेखमा रमेशमोहन अधिकारी, आनन्दराम पौडेल आदि साहित्यकारहरूको विविध पक्षको चर्चा गर्दै आर. सी रिजालको 'कण्ठ लगौंटी' निबन्ध सङग्रहको सामान्य चर्चा गरेका छन् ।

समालोचक मोहन दुवालले **जनमत** (२०६५) नामक साहित्यिक मासिक पत्रिकामा 'साहित्यघरका सृष्टिकर्ता, अक्षरका रचयिताः आर. सी. रिजाल' शीर्षकमा रिजालका विभिन्न आयाम एवम् योगदानको चर्चा गरेका छन् ।

भरतकुमार भट्टराईले **जनमत** (२०६५) नामक साहित्यिक मासिक पत्रिकामा 'हास्यव्यङग्य निबन्धमा आर. सी. रिजाल' शीर्षकको समीक्षात्मक लेखमा रिजालले हास्यव्यङग्य निबन्धकारिताका बारेमा चर्चा गरेका छन् ।

हास्यव्यङ्ग्यकार चट्याङ माष्टरले **हाकिमको खप्पर** 'निबन्ध' सङग्रहको भूमिकामा 'रिजालको विशाल बगैचा' नामक शीर्षक दिएर केही निबन्धहरूको चर्चा गरेका छन् ।

खिल प्रसाद बरालले **मकवानपुरका कवि र कविता** (२०६३) शीर्षकको स्नातकोत्तर तह अप्रकाशित शोधपत्रमा मकवानपुरका जिल्लास्तरका साहित्यकारहरू देखि राष्ट्रिय स्तरका कवि एवम् साहित्यकारहरूको चर्चा गरेको छन् ।

कुल प्रसाद सापकोटाले **नेपाली साहित्यमा मकवानपुर जिल्लाको योगदान** (२०५८) शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रमा समग्र मकवानपुर जिल्लाको साहित्यिक इतिहासको चर्चा गर्दै केही निबन्धकारहरूको चर्चा समेत गरेका छन् ।

मोदनाथ पोखरेलले **मकवानपुरका कथाकारहरूको अध्ययन** (२०६३) शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रमा मकवानपुर जिल्लाका २०६३ सम्म देखापरेका कथाकारहरूको परिचय दिई उनीहरूका कृतिहरूको विश्लेषण र मूल्याङ्कन गरेका छन् ।

योगेन्द्रमणि दाहालले "नेपाली हास्यव्यङ्ग्य २०४६ पछि" (२०६७) शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधकार्यमा निबन्धकार आर. सी. रिजालको **हाकिमको खप्पर** निबन्ध सङ्ग्रहको सङ्क्षिप्त चर्चा गरेका छन् ।

यसरी विभिन्न पुस्तक, शोधकार्य, लेख रचना आदिमा मकवानपुर जिल्लाको साहित्यकार र साहित्यिक निबन्धकार र निबन्धात्मक रचनाहरूमा केन्द्रित भएर अध्ययन अनुसन्धान भएको छैन । अतः यस कार्यमा नेपाली निबन्ध परम्परामा मकवानपुर जिल्लाको योगदानको अध्ययन गरिएको छ ।

## १.५ शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता

मकवानपुर जिल्लाबाट नेपाली साहित्यका विविध विधाहरूमा रचनाहरू प्रकाशित भएका छन् । निबन्ध विधामा पनि यस जिल्लाका निबन्धकारहरूले विभिन्न पत्रपत्रिकामा निबन्ध प्रकाशित गर्नुका साथै निबन्ध सङ्ग्रहहरू पनि प्रकाशित गरेको देखिन्छ । यस जिल्लाका निबन्धकार तथा निबन्धहरूको सम्बन्धमा सामान्य चर्चा भए पनि यसमै मात्र केन्द्रित भएर व्यवस्थित अध्ययन भएको छैन । मकवानपुर जिल्लाका निबन्धकार तथा निबन्धहरूमा नै केन्द्रित भएर यो शोधकार्य गरिएको छ । यस कार्यबाट मकवानपुर जिल्लाको सङ्क्षिप्त परिचयका साथै त्यस क्षेत्रका निबन्धकार र निबन्धात्मक रचनाहरूको बारेमा

जानकारी प्राप्त हुनाका साथै नेपाली निबन्ध परम्परामा मकवानपुर जिल्लाको योगदानको यथासम्भव सुव्यवस्थित अध्ययन गरिएको छ । मकवानपुर जिल्लाका निबन्धकारहरू र निबन्धका सम्बन्धमा अध्ययन गर्न चाहने तथा जिज्ञासा राख्ने पाठक, समालोचक, विद्वान् एवम् संघसंस्थाका लागि यो शोधपत्र उपयोगी रहने हुँदा यस कार्यको महत्व तथा उपयोगीता सिद्ध हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रको शीर्षक बमोजिम नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने नारायणी अञ्चलको मध्यपहाडी जिल्ला मकवानपुरको भौगोलिक सीमा भित्र रही यो शोधकार्य तयार पारिएको छ । यस क्रममा मकवानपुर जिल्लाको साहित्यिक यात्राको थालनीदेखि वर्तमानसम्म देखापरेका निबन्धकार र तिनका निबन्धात्मक कृतिहरूको समग्र सर्वेक्षण प्रस्तुत गरिएको छ । यसका साथै मकवानपुर जिल्लाका निबन्धकारहरूको सामान्य परिचय र तिनका निबन्ध सङ्ग्रहहरूको अध्ययन तथा विश्लेषण गर्दै नेपाली निबन्धका क्षेत्रमा मकवानपुर जिल्लाको योगदानमा प्रस्तुत शोधपत्र सीमित रहेको छ । मकवानपुरको साहित्य लेखनमा प्रभाव पार्ने साहित्यिक संघ संस्था, पुस्तकालय पत्रपत्रिका आदिको सामान्य जानकारी समेत प्रस्तुत शोधपत्रको सीमाङ्कनभित्र पर्दछ । यस कार्यमा मकवानपुरमा निबन्धलेखन आरम्भदेखि वि. सं. २०६७ सम्म निबन्ध लेख्ने निबन्धकार र तिनका निबन्ध सङ्ग्रह, फुटकर निबन्धहरू तथा यात्रा संस्मरणहरूको विश्लेषणमा यो शोधकार्य केन्द्रित रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधपत्रमा शोध विषयसँग सम्बन्धित आवश्यक सामग्रीहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । यस क्रममा सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययनपद्धति र पुस्तकालयीय अध्ययन पद्धतिको प्रयोग गरिएको छ । सम्बन्धित विषयका बारेमा पत्रपत्रिकामा गरिएका टिप्पणी र समीक्षालाई सहायक सामग्रीका रूपमा लिइएको छ । आवश्यकता अनुसार सम्बद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक, समालोचक र संघसंस्थाबाट पनि जानकारी लिइएको छ । मकवानपुर जिल्लाको निबन्ध क्षेत्रमा साधनारत निबन्धकार र

तिनका कृतिहरूको अध्ययन र विश्लेषणमा केन्द्रित प्रस्तुत शोधपत्रमा वर्णनात्मक र विश्लेषणात्मक पद्धतिलाई अवलम्बन गरिएको छ ।

## १.८ शोध पत्रको रूपरेखा

प्रस्तुत शोध पत्रको संरचनालाई सन्तुलित एवम् व्यवस्थित ढङ्गले अध्ययन गर्नका लागि जम्मा सात परिच्छेद विभाजन गरिएको छ । उक्त परिच्छेदहरूलाई पनि आवश्यकता अनुसार शीर्षक, उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्रका परिच्छेदगत ढाँचा यस प्रकार रहेको छः

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोध परिचय |
| दोस्रो परिच्छेद | : | मकवानपुर जिल्लाको सङ्क्षिप्त परिचय |
| तेस्रो परिच्छेद | : | मकवानपुर जिल्लाको निबन्ध लेखनको परम्परा |
| चौथो परिच्छेद | : | नेपाली निबन्धको सैद्धान्तिक परिचय |
| पाँचौं परिच्छेद | : | मकवानपुर जिल्लाका निबन्धकार र तिनका निबन्ध तथा निबन्ध सङ्ग्रहको अध्ययन |
| छैटौं परिच्छेद | : | नेपाली निबन्ध परम्परामा मकवानपुर जिल्लाको योगदान |
| सातौं परिच्छेद | : | उपसंहार |

परिशिष्ट

सन्दर्भ सामग्री सूची

## दोस्रो परिच्छेद

# मकवानपुर जिल्लाको सङ्क्षिप्त परिचय

### २.२ परिचय

सुन्दर, शान्त, सुरम्य, प्रकृतिका मनोहारी छटाले सुसज्जित हिमाली मुलुक नेपालको मध्यभागमा अवस्थित नारायणी अञ्चलमा पर्ने मकवानपुर जिल्ला भौगोलिक बनावट, हावापानी, भाषा, संस्कृति, जातजाति, धर्म आदि हरेक दृष्टिले विविधतायुक्त जिल्ला हो । यस जिल्लाले नेपालको कूल क्षेत्रफल (१, ४७, १८१ वर्ग कि. मि.) को १.६५% भाग ओगटेको छ ।

### २.२ नामकरण

कुनै पनि जिल्लाको बारेमा चर्चा गर्नु पूर्व सर्वप्रथम उक्त जिल्लाको नामकरणको प्रसङ्गलाई जोड्नु सान्दर्भिक हुन्छ । कुनै स्थान विशेषको नामकरणका सम्बन्धमा विभिन्न किम्बदन्तीहरू जोड्ने नेपाली परिपाटिबाट मकवानपुर जिल्ला पनि अछुतो छैन । किम्बदन्ती अनुसार पाल्पाका राजा मुकुन्दसेन प्रथम (१५५७-१६३२) ले आफ्नो राज्य विस्तारको क्रममा पूर्वमा दूधकोसी क्षेत्रसम्मको भूभाग आफ्नो राज्यमा गाभेपश्चात श्रीवस्ती प्रदेशको पूर्वतिर भावर प्रदेशको काखमा एउटा रमणीय सहरको निर्माण गराएका थिए । सो सहरलाई ‘मुकुनदपुर’ नामाकरणपश्चात् बोलीको अपभ्रंशबाट ‘माकन्दपुर, ‘मेकामपुर’ हुँदै ‘मकवानपुर’ नामकरण गरिएको हो (सङ्क्षिप्त जिल्ला परिचय, २०६७ जि. वि. स. मकवानपुर) । यस आधारमा हेर्दा यो किम्बदन्ती विश्वसनीय प्रतीत हुन्छ ।

### २.३ स्थिति, क्षेत्रफल र सिमाना

मकवानपुर जिल्लाको कुल क्षेत्रफल २४२६ वर्ग कि. मी. रहेका छ । यो जिल्ला २७° उत्तर अक्षांशदेखि २७°४०’ उत्तरसम्म र ४°४१’ पूर्वदेखि ५°३१’ पूर्वी देशान्तरसम्म फैलिएको छ । समुद्री सतहबाट १६६ मिटरदेखि २५८४ मिटरसम्मका उचाइमा फैलिएको यो जिल्लाको सवैभन्दा होचो ठाउँ राइगाउँको हात्तीढुङ्गा हो भने सबैभन्दा अग्लो ठाउँ दामनको सिमभञ्याङ

हो । मकवानपुर जिल्लाले अन्य नौवटा जिल्लाहरूलाई छोएको छ । मकवानपुरसँग सिमाना जोडिएका जिल्लाहरूमध्ये पूर्वमा ललितपुर, काभ्रेपलाञ्चोक र सिन्धुली, पश्चिममा चितवन, उत्तरमा धादिङ्ग र काठमाडौं तथा दक्षिणमा बारा, पर्सा र रौतहट जिल्ला रहेका छन् (पाठक २०५९ : ४) ।

## २.४ राजनीतिक विभाजन

जिल्लाको चौतर्फी विकासमा एकरूपता ल्याउन तथा प्रसाशनिक कार्यमा सरलता तथा तदारूकता ल्याउन मकवानपुर जिल्लालाई तीन निर्वाचन क्षेत्र, तेह्र इलाका, एक नगरपालिका तथा त्रिचालिस गाविसहरूमा विभाजन गरिएको
छ ।

## २.५ जनसङ्ख्या

वि. सं. २०५८ सालको जनगणना अनुसार मकवानपुर जिल्लाको कूल जनसङ्ख्या ३,९२६०४ रहेकोमा वि. सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार यस जिल्लाको कूल जनसंङ्ख्या ४८५४२७ रहेका देखिन्छ । जम्मा ४३ वटा गाविसमध्ये सबैभन्दा बढी जनसङ्ख्या रहेको गाविस छतिवन हो । भने सबैभन्दा कम जनसङ्ख्या रहको गाविस कोगटे हो । जिल्लामा जातिगत हिसाबले सबैभन्दा बढी तामाङहरूको बसोबास पाइन्छ भने सबैभन्दा कम मुस्लिमहरूको बसोबास रहेको छ । मकवानपुर जिल्लाको जनसाङ्ख्यिक स्थिति यस प्रकार रहेको देखिन्छ (पाठक, २०५९ : ५) ।

| सि. नं. | विवरण | वि सं. २०४८ | वि. सं. २०५८ | वि. सं. २०६८ |
|---|---|---|---|---|
| १ | कूल जनसङ्ख्या | ३१४५९९ | ३९२६०४ | ४८४५२७ |
| २ | पुरूष | १५९५६२ | १९९१४४ | २५२३५१ |
| ३ | महिला | १५५०३७ | १९३४६० | २२७१२१ |
| ४ | घरधुरी सङ्ख्या | ५६०९१ | ७१११२ | ९३२५७ |
| ५ | औषत घरधुरी सङ्ख्या | ५.६ | ५.५२ | ७.७८ |
| ६ | जनघनत्व | १२९.६७ | १६१.८३ | १७२.५७ |

## २.६ हावापानी

भौगोलिक विविधताका कारण मकवानपुर जिल्लाको हावापानीमा पनि एकरूपता पाईँदैन । भित्री मधेसदेखि लिएर उच्च पहाडी भूभागसमेत रहेको यस जिल्लामा मूख्य रूपमा तिन प्रकारका हावपानी पाइन्छ । जुन यस प्रकार छ :

### २.६.१ अर्धऊष्ण हावापानी

जिल्लाको ३०५ मिटरदेखि १२१९ मिटरको उचाइमा यस प्रकारको हावापानी पाइन्छ । प्रशस्त वर्ष हुने यस क्षेत्रको तामक्रम ग्रीष्ममा लगभग ३५ डिग्रिसेन्टिग्रेट र हिउादमा ६ देखि ७ डिग्रिसेन्टिग्रेड रहेको पाइन्छ । यस प्रकारको हावापानी पाइने क्षेत्रमा उष्णप्रदेशीय सदावहार जङ्गल पाइन्छ । यस्तो जङ्गलमा साल, सिसौ, खयर, सिमल आदिजस्ता रूखहरू पाइन्छन् भने खेतीपातीका रूपमा धान, गहुँ, मकै, उखु आदि उत्पादन हुन्छ । मकवानपुर जिल्लामा यस प्रकारको हावापानी पाइने स्थानहरूमा हेटौंडा नगरपालिका, छतिवन, हर्नामाडी, हटिया, हाँडीखोला, राईगाउँ मनहरी आदि पर्दछन् (पाठक २०५९ : ६) ।

### २.६.२ न्यानो समशीतोष्ण हावापानी

जिल्लाको १,२१९ मिटरदेखि २,१३३ मिटरसम्मको उचाइमा यस प्रकारको हावापानी पाइन्छ । प्रायः कम वर्ष हुने य क्षेत्रको तापक्रम ग्रीष्ममा लगभग २७/२८ डिग्रि सेन्टिग्रड र हिउँदमा ४ देखि ५ डिग्रि सेन्टिग्रेड रहेको पाइन्छ । यस प्रकारको हावापानी पाइने क्षेत्रमा कोणधारी तथा पतझड जङ्गल पाइन्छ । यस्तो जङ्गलमा सल्ला, देवदारू, चाँप, कटुस, लालीगुराँस आदिजस्ता रूखहरू प्रशस्त मात्रामा पाइन्छन् भने खेतीपातीका रूपमा धान, गहँ, मकै, विभिन्न जातका तरकारीहरू, नासपाती आदिको उब्जनी हुन्छ । मकवानपुर जिल्लामा यस प्रकारको हावापानी पाइने स्थानहरूमा सरिखेत, नामटार, दामन, ठिंगन, कोगटे, भीमफेदी आदि पर्दछन् (पाठक : २०५९ : ७) ।

### २.६.३ ठण्डाशीतोष्ण हावापानी

मकवानपुर जिल्लाको २,१३३ मिटरदेखि २,२७३ मिटरसम्मको उचाइमा यस प्रकारको हावापानी पाइन्छ । अत्यन्त चीसो हुने यस क्षेत्रको तापक्रम ग्रीष्ममा लगभग २०/२१ डिग्रि सेन्टिग्रेड र हिउँदमा $1^{\circ}$ डिग्रि सेन्टिग्रेड रहेको पाइन्छ । कम वर्षा हुने यस प्रकारको हावापानी अत्यन्तै रमणीय हुन्छ । कोणधारी जङ्गल मात्र पाइने यस्तो हावापानी भएको क्षेत्रमा विभिन्न जातका सल्ला र लालीगुराँसका रूखहरू प्रशस्त मात्रामा पाइन्छ भने खेतीपातीका रूपमा गहुँ, मकै, कोदो, आलु, नासपाती आदि उब्जनी यस क्षेत्रमा हुन्छ । मकवानपुर जिल्लामा यस प्रकारको हावापानी पाइने स्थानहरूमा चित्लाङ, आग्रा, टिस्टुङ, मार्खु, सिमभञ्ज्याङ आदि

पर्दछन् (पाठक, २०५९ : ७) ।

## २.७ वनस्पति

भौगोलिक विविधता तथा विषम हावापानीका कारण मकवानपुर जिल्लामा विभिन्न प्रकारका वनस्पतिहरू पाइन्छन् । मोटामोटीरूपमा यस जिल्लामा पाइने वनस्पतिहरूलाई दुई भागमा वर्गीकरण गरिएको पाइन्छ ।

### २.७.१ लेकाली वनस्पति

जिल्लाका अत्युच्च (२,४४३ मी.) महाभारतका टाकुराहरूमा यस प्रकारका वनस्पतिहरू पाइन्छन् । यस क्षेत्रको अग्ला टाकुराहरूमा घाँस तथा काँडेदार झारहरू मात्र पाइन्छ, भने कम उचाइ भएका पहाडी ढालहरूमा विभिन्न प्रकारका फूल फुल्ने ससाना पोथ्रे बोटबिरूवाहरू पाइन्छन् । सल्ला, धुपी, गुराँस, शिरीष, चिलाउने, कटुस आदिका कोणधारी रूखहरू पाइने यस्तो जङ्गललाई कोणधारी वन भनिन्छ । उपयुक्त स्थानमा कुलोद्वारा सिंचाइ गरी धान, मकै, गहुँ आदिको खेती गरिने यस्ता स्थानहरूमा कैतकतै निगालोका झाडीहरू पनि पाइन्छन् (पाठक, २०५९ : ७) ।

### २.७.२ मैदानी वनस्पति

जिल्लाका ३०५ मी. उचाइसम्म यस प्रकारका वनस्पतिहरू पाइन्छन् । यस क्षेत्रमा साल, सिमल, खयर, चाँप, आँप, पिपल आदिजस्ता अर्धऊष्ण वनमा पाइने रूखविरूवाहरू पाइन्छन् । यसका अतिरिक्त मैदानी वनस्पति पाइने यस क्षेत्रमा सोमलता, जीवन्ती, रतुवा, कुरिलो, पखनवेद, तेजपात, टिमुर, चिराइतो, विष्फेन, रिठा, कपुर, जटामसी, मजिठा आदि जस्ता उपयोगी जडिबुटीहरू पनि पाइन्छन् (पाठक, २०५९ : ८) ।

## २.८ महत्त्वपूर्ण स्थलहरू

भौगोलिक तथा हावापानीगत विविधताका कारण मकवानपुर जिल्लालाई यदाकदा 'सानो नेपाल' समेत भन्ने गरिएको पाइन्छ । मकवानपुर जिल्लाभित्र रहेका केही महत्त्वपूर्ण स्थलहरूलाई छुट्टाछुट्टै शीर्षकमा यसरी अध्ययन गरिएको छ :

### २.८.१ ऐतिहासिक स्थलहरू

मकवानपुर जिल्लाले आफ्नै प्रकारको ऐतिहासिक पृष्ठभूमि बोकेको छ । यस क्षेत्रमा थुप्रै ऐतिहासिक स्थलहरू रहेका छन्, जसमध्ये केही महत्त्वपूर्ण स्थलहरू यस प्रकार छन् :-

मकवानपुरगढी (पृथ्वीनारायण शाहको पहिलो ससुराली रहेको स्थान), चिसापानीगढी, शिखरकेटेरी (नेपाल-अङ्ग्रेज युद्ध भएको ठाउँ), झुरझुरी (दनुवार राजाको दरवार रहेको विश्वास गरिएको ठाउँ), टौखेल, भटुवाल, पुकुनथली (चेपाङ राजाको दरबार रहेको विश्वास गरिएको ठाउँ), हेटौंडा, आदि रहेका छन् ।

त्यसैगरी मकवानपुरगढी, चिसापानीगढी, टिष्टाङ, भीमफेदी, पालुङ, चित्लाङ आदिजस्ता स्थानहरू पुरातात्विक दृष्टिले समेत महत्त्वपूर्ण स्थलका रूपमा रहेका छन् ।

### २.८.२ पर्यटकीय स्थलहरू

मकवानपुर जिल्लाको आफ्नै प्रकारको भूवनावट तथा हावापानी वैविध्यका कारण यहाँ पर्यटकीय विकासका थुप्रै सम्भावनाहरू रहेका छन् । यस जिल्लामा रहेका केही महत्त्वपूर्ण पर्यटकीय स्थलहरू यस प्रकार छन् :

मकवानपुरगढी तथा चिसापानीगढी, इन्द्रसरोवर (मार्खु), सहिद स्मारक तथा मनकामना, दामन तथा सिमभञ्ज्याङ, गुम्बाडाडा (हर्नामाडी) हाल अन्तर्राष्ट्रिय मूर्तिकला कार्यशाला स्थापना भएको स्थान ।

त्यसैगरी भैरवडाँडा तथा चौरा खोलादेखि लोथरसम्मको शाही चितवन राष्ट्रिय निकुञ्जले ओगटेको क्षेत्र आदि मकवानपुर जिल्लाका केही प्रमुख पर्यटकीय स्थलहरू हुन् आवश्यक भौतिक पूर्वाधारको विकास गर्न सकिएमा मकवानपुर जिल्लामा यस खालको सम्भावना बोकेका अन्य थुप्रै स्थानहरू पनि रहेका छन् ।

### २.८.३ धार्मिक स्थलहरू

मकवानपुर जिल्लामा विभिन्न जातजातिका मानिसहरूको बसोबास भएकाले यहाँको आफ्नै धार्मिक परम्परा रहेको छ । यस जिल्लामा रहेको केही महत्त्वपूर्ण धार्मिक स्थलहरू यस प्रकार छन् (आचार्य, २०५२ : २०) ।

गोरक्षश्वर (हेटौंडा नगरपालिकाको पश्चिममा अवस्थित), नाटारम्भेश्वर (ठिंगन गाविसमा अवस्थित), चम्पकेश्वर (चित्लाङ), उन्मत्तेश्वर (टिष्टुङ), नन्दीकेश्वर (टिष्टुङ), गोखुरेश्वर (कुन्छाल), कुटेश्वर (आग्रा), धर्मशाला र भजनघरसहितको भूटनदेवी मन्दिर (हेटौंडा १०), भवनेश्वर मन्दिर (हेटौंडा ४), लक्ष्मीनारायण मन्दिर (हेटौंडा), लक्ष्मीनारायण मन्दिर ( हटिया ४ लक्ष्मीपुर), श्री बेङ्कटेश देवस्थान (हटिया १ गैरीगाउँ), गणेश मन्दिर (हेटौंडा ४), चुरियामाई (चुरे पहाड), मनकामना (गोठडाँडा), पुण्यक्षेत्र
(धार्मिक वनसमेत, हेटौंडा -११), वंशगोपाल (मकवानपुरगढी), सुन्दरीमाई (भैंसेबजार), भीमसेनस्थान (भीमफेदीबजार), वटुक भैरव (चिसापानीगढी), पञ्चकन्या (इपा गाविस), ललाटेश्वर (सिस्नेरी), वत्सलादेवी (टेकर), स्वच्छन्दभैरव (चित्लाङ), वज्रवाराही

(टिष्टुङ), इन्द्राणीदेवी (पालुङ), मत्स्यनारायण (पालङ), महादेवस्थान (कटहरे), वासुकीनाथ तथा स्यार्सेकालिका (नामटार), पुङ्केकालिका (देवीटार, कटुञ्जे), खैराङ्कालिका (खैराङ), भञ्याङकालिका (सरिखेत पलाँसे), गोल्पिङकालिका (निबुवाटार), त्रिखण्डेश्वर महादेव (भैंसे), आदि रहेका छन् ।

यिनका अतिरिक्त मकवानपुर जिल्लामा केही गुम्बाहरू पनि रहेका छन् । जसमध्ये नगरपालिका भन्दा अन्यत्र रहेका केही गुम्बाहरूमा ऋषेश्वर पहाडमा रहेको गुम्बा विहार र सुकौरा गुम्बा, तासी तेलाङ गुम्बा (पदमपोखरी) आदि रहेका छन् ।

धार्मिक सहिष्णुताको नमूनाको रूपमा रहेको यस जिल्लामा विभिन्न देवीदेवताका स्थानहरू, देउराली, चौतारी तथा पाटीपौवाहरू, अन्त्येष्टि स्थल तथा धार्मिक आस्था बोकेका वनवाटिकाहरूसमेत पाइन्छ । मकवानपुर जिल्लालाई राम्रो पर्यटकीय सम्भावना भएको जिल्लाका रूपमा पनि हेर्न सकिन्छ, तर यस क्षेत्रको त्यति विकास र विस्तार भने हुन सकेको देखिदैन ।

## २.९ शैक्षिक विकास

शैक्षिक जागरणको दृष्टिले मकवानपुर जिल्ला नारायणी अञ्चलका ५ जिल्लाहरूमध्ये दोस्रो स्थानमा पर्दछ । मकवानपुरको साक्षरता प्रतिशत ३८.६ रहेका छ, जसमा पुरूषको साक्षरता प्रतिशत ५२.१ रहेको छ भने महिलाको २४.७% रहेको छ । प्रति गाविस सरदर ९ विद्यालय पर्ने यस जिल्लामा रहेका शैक्षिक संस्थाहरूको तथ्याङ्क यस प्रकार रहेको छ (पाठक, २०५९ : ९)

| क्र. सं | विवरण | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | प्रा.वि | २९५ | ३७ | ३३२ |
| २ | नि. मा. वि. | ४१ | ५ | ४६ |
| ३ | मा. वि. | ४५ | १० | ५५ |
| ४ | उच्च मा. वि. | ३ | १ | ४ |
| ५ | उच्च शिक्षा (क्याम्पस) | १ | २ | ३ |
| ६ | प्राविधिक शिक्षालय | – | २ | २ |

(शैक्षिक झलक, २०६८)

## २.१० यातायात

सुगम जिल्लाका रूपमा लिइए तापनि हेटौंडा महेन्द्र राजमार्गले छोएको इलाकाहरू तथा नगरपालिका र आसपासका इलाकाहरूलाई छोड्ने हो भने मकवानपुर जिल्ला एउटा विकट दुर्गम जिल्ला हो । जिल्लाका कूल ४३ गा. वि. स. हरूमध्ये ३१ वटा गा. वि. स. हरूमा मात्र यातायात सुविधा पुगेको छ । यस जिल्लामा सडक यातायातको स्थितिको तथ्याङ्क यस प्रकार रहेको देखिन्छ (पाठक, २०५९ : ९) ।

### २.१०.१ राष्ट्रिय राजमार्ग

- सोप्याङ् -चुरे खण्ड (त्रिभुवन राजपथ) ११० किमी कालोपत्रे सडक
- हेटौंडा - लोथर खण्ड (महेन्द्र राजमार्ग) ४७ किमी कालोपत्रे सडक

### २.१०.२ सहायक मार्गहरू

- हेटौंडा - ठिंगन (कान्तिराजपथ) २७ किमी माटे सडक (हाल १३ कि. मी. कालोपत्रे)
- भैंसे - भीमफेदी १२ किमी कालोपत्रे सडक
- कुलेखानी - भीमफेदी १३ किमी कालापत्रे सडक

### २.१०.३ नगर सडकहरू

१० किमी कालोपत्रे सडक

१० किमी ग्राभेल सडक

१० किमी माटे सडक

### २.९.४ रोप-वे

हेटौंडा - टेकु (४२ किमी) हाल बन्द अवस्थामा रहेको छ ।

## २.११ सञ्चार

मकवानपुर जिल्लामा सञ्चार-सम्पर्कको स्थिति सुदृढ नै देखापर्छ । यस जिल्लामा रहेको एक दूर सञ्चार कार्यालयबाट ३ गाविस र एक नगरपालिकामा गरी ३१०० लाइन टेलिफोन वितरण भएको छ भने VHF प्रणालिबाट १ गाविसमा, VHF MARTS प्रणालीबाट ५ गाविसमा, MARTS प्रणालीबाट ७ गाविसमा गरी कूल १७ गाविसमा टेलिफोन सेवा उपलब्ध भएको छ ।

त्यसैगरी हुलाकको कुरा गर्दा जिल्लामा रहेका विभिन्न हुकालहरूको स्थिति यस प्रकार रहेको देखिन्छ (पाठक, २०५९ : १०) ।

जिल्ला हुलाक १ वटा, इलाका हुलाक ११ वटा, अतिरिक्त हुलाक ३४ वटा, स्थानीय हुलाक १ वटा, काउण्टर हुलाक २ वटा रहेका छन् ।

जिल्लामा बेलाबखत विभिन्न पत्रपत्रिकाहरू प्रकाशित हुने गरेका पाइए तापनि तिनले निरन्तरता पाउन सकेको देखिन्न । वर्तमानमा यस जिल्लाबाट प्रकाशन भइरहेका पत्रपत्रिकाहरू यस प्रकार रहेका छन् :

| | |
|---|---|
| प्रयास (२०५६) | साप्ताहिक |
| कुराकानी (२०५७) | साप्ताहिक |
| हेटौंडा सन्देश (२०५८) | दैनिक |
| साम (२०६२) | दैनिक |
| नमस्कार (२०६४) | दैनिक |
| हेटौंडा टुडे (२०६४) | दैनिक |
| नारायणी (२०६५) | दैनिक |
| समृद्ध समाज (२०६६) | दैनिक |

विद्युतीय सञ्चार माध्यमको रूपमा मकवानपुर जिल्लामा हेटौंडा नगरपालिकास्थित हेटौंडा एफ. एम., रेडियो मकवानपुर, थाहा सञ्चार, रेडियो आकाशगङ्गा सञ्चालित छन् भने छतिवन र पालुङमा ग्रामीण सामुदायिक रेडियो सेवा उपलब्ध रहेका छन् ।

## २.१२ निष्कर्ष

मकवानपुर जिल्ला भाषा-साहित्य, कला-संस्कृति, भूबनावट, हावापानी, जनजाति आदि दृष्टिले उल्लेखनीय रहेको छ । नेपालमै दुर्लभ मानिएको जाति वनकरिया यसै जिल्लामा बसोबास गरेको पाइएको छ । त्यसैगरी चेपाङ् जातिको पनि अत्याधिक बाहुल्यता रहेको छ । यी जातिहरुको बारेमा पनि खासै अध्ययन भएको पाइएको छैन । अझ भन्नै पर्ने कुरा के छ भने नेपालकै मध्यभागमा रहेको यस अञ्चल यातायातको दृष्टिले केन्द्र भएकाले यहाँका धेरे जसो प्रतिभाहरु चालक, सहचालकतिर उन्मुख देखिन्छन् । त्यसैले अझ खोज-अनुसन्धान गर्ने हो भने यहाँ महत्त्वपूर्ण तथ्यहरू फेला पार्न सकिने सम्भावना प्रशस्त रहेका छन् ।

## तेस्रो परिच्छेद

# मकवानपुर जिल्लाको निबन्ध लेखनको परम्परा

## ३.१ पृष्ठभूमि

मकवानपुर जिल्लामा, साहित्यिक लेखन परम्पराको कुरा गर्दा वि. सं. २००० को छेउछाउसम्म पुग्न सकिन्छ । मकवानपुरको पुरानो सदरमुकाम भीमफेदी हरेक प्रकारको चहलपहल हुने केन्द्र रहेको थियो । विभिन्न खाले पत्रपत्रिका प्रकाशन गर्ने तथा पुस्तकालय सञ्चालन गरेर भीमफेदीका युवाहरूले साहित्यिक तथा सांस्कृतिक गतिविधिलाई अगाडि बढाएको पाइन्छ । यस्ता अगुवा व्यक्तिहरूमा गणेशलाल श्रेष्ठ, पुष्पनारायण मुल्मी लगायतको नाम लिन सकिन्छ । मकवानपुर जिल्लाको साहित्यिक इतिहासलाई निम्न लिखित रूपमा काल विभाजन गरी अध्ययन गरिएको देखिन्छ
(बराल, २०६२ : ११) ।

पृष्ठभूमि काल (वि. सं. २००० अघि)

विस्तार काल (वि. सं. २००० देखि वि. सं. २०२५ सम्म)

आधुनिका काल (वि. सं. २०२५ देखि हालसम्म)

### ३.१.१ प्राथमिक वा पृष्ठभूमि काल (वि. सं. २०० अघि)

मकवानपुर जिल्लाको साहित्यिक इतिहासको आधिकारिक दस्तावेज खोज्दै जाँदा वि. सं. २००० भन्दा अघिको कृति पाउन सकिएको छैन । वि. सं. १९९३ मा प्रजा परिषद्को गठनपश्चात भीमफेदीमा लिथो मेशिन राखेर राजनीतिक पर्चा तथा पम्पेलटहरू छाप्ने गरिएको र त्यहाँबाट काठमाडौं उपत्यका तथा तराईतिर पठाउने गरिएको देखिन्छ । तत्कालीन समयमा भीमफेदी-चिसापानीगढी हुँदै थानकोट काठमाडौं जोड्ने मूलबाटो भए तापनि कला साहित्यको क्षेत्रमा यो भेग पछि पर्नु निश्चय नै दुःखको कुरा हो (बराल, २०६२ : ११) ।

मकवानपुरे साहित्यिक इतिहासको पृष्ठभूमिकाल लोक साहित्यिक परम्परामै सीमित रहेको देखिन्छ । यस क्षेत्रमा खोज अनुसन्धान नहुनु र तत्सम्बन्धी प्रामणिकता नपाइनुले पनि मकवानपुरे साहित्यको यो पाटो अन्धकारमै रहेको छ । यो आफैं एउटा छुट्टै खोज अनुसन्धानको विषय हुनसक्छ ।

## ३.१.२ विस्तार वा उर्वर काल (वि. सं. २०००-२०२५)

मकवानपुर जिल्लाको साहित्यिक इतिहासको माध्यमिककाल वा विस्तारकाल भनेर वि. सं. २००० देखि २०२५ साल सम्मको समयावधिलाई लिन सकिन्छ । यस कालमा मकवानपुरे साहित्यमा साहित्यिक लेखन प्रकाशनको परम्परा सुरू भएको देखिन्छ । राणा शासनको अन्तिम चरणमा देखापरेको विद्रोही काव्यचेतले साहित्यिक क्षेत्रमा ल्याएको गतिशीलताबाट मकवानपुरे साहित्य पनि अछुतो देखिँदैन । खासगरी वि. सं. २००० पछिका दिनमा मकवानपुरे कलासाहित्य-संस्कृतिको केन्द्र भीमफेदीबाट फाटफुट रूपमा साहित्यिक गतिविधिहरू सञ्चालन हुन लागेको देखिन्छन् (बराल, २०६२ : १३) ।

वि. सं. २००४ सालमा भीमफेदीमा भाषापाठशाला (हालको महेन्द्र मा. वि.) को स्थापना हुनुबाट पनि केही साहित्यिक सांस्कृतिक जागरण आएको देखिन्छ । वि. सं. २००४ सालमा भीमफेदी निवासी गणेशलाल श्रेष्ठको ‘दुई थुँगा फूल’ नेवारी गीत सङ्ग्रहको प्रकाशन भएको र २०११ सालमा खड्कबहादुर सिंहको ‘विद्रोह’ उपन्यास प्रकाशनमा आएको देखिन्छ । त्यसपछिको झण्डै एक दशकको समय साहित्यिक गतिविधिका हिसाबले शून्यप्राय रहेको देखिन्छ । वि. सं. २००९ सालमा ‘ज्योति’ पुस्तकालय भीमफेदको स्थापनाबाट सुषुप्त अवस्थामा रहेको मकवानपुरे साहित्यले पुनः स्थापनाबाट पनि मकवानपुरे काव्यसाहित्यमा थप उर्जा प्रदान भएको देखिन्छ ।यसैक्रममा २०१८ सालमा नव कलाकुन्ज हेटौंडाको स्थापनाबाट पनि मकवानपुरे काव्य साहित्यमा थप उर्जा प्रदान भएको देखिन्छ । वि. सं. २०१९ मा राप्ती क्लब भैंसेको स्थापनाले पनि साहित्यिक साँस्कृतिक जागरणका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको देखिन्छ । वि. सं. २०१९-०२० सालतिर भीमफेदीस्थित तत्कालीन नेपाल फरेष्ट्री तालिम केन्द्र र हालको वन विज्ञान अध्ययन संस्थानले एकल रूपमा र महेन्द्र मा.वि. सँग मिलेर विभिन्न नाटकहरू मन्चन गर्ने गरेको पाइन्छ । यस कार्यको प्रेरणा हेटौंडा स्थित नव

कलाकुञ्जबाट मिलेको देखिन्छ । नवकला कुञ्जकै प्रभावबाट समानधर्मी प्रगति साँस्कृतिक मण्डल पनि यसै कालमा स्थापित भएको देखिन्छ (बराल, २०६२ : १३) ।

खासगरी वि. सं. २०१०-०१५ सालतिरको समयबाट छिटफुट रूपमा भक्तबहादुर श्रेष्ठ, मोहन गुरुजु, महेनमोहन भ्यातुलगायतका व्यक्तित्वहरूबाट मकवानपुर जिल्लामा साहित्यिक लेखनलाई अघि बढाइएको पाइन्छ । त्यसैगरी वि. सं. २०१६ बाट रामचन्द्र आचार्य “फुर्सदी” पनि साहित्यिक लेखनमा क्रियाशील हुन थालेको देखिन्छ । यसक्रममा मकवानपुरे साहित्यको गोरेटो निर्माणमा उनीहरूले अहम् भूमिका निर्वाह गरेका छन् । वि. सं. २०१९ सालमा महेन्द्र मा. वि. भीमफेदीले कविता प्रतियोगीता आयोजना गरेको देखिन्छ । नवकला कुञ्जद्वारा प्रकाशित ‘गीतकुञ्ज’ नेपाली भाषामा प्रकाशित पहिलो पत्रिका मानिन्छ । (वि. सं. २०२४) सालमा नामटारमा कालिका कलाकुञ्जको स्थापनाले पनि जिल्लाको साहित्यिक सक्रियतामा बल पुऱ्याएको देखिन्छ । समग्रमा मकवानपुरे साहित्यको माध्यमिक कालले साहित्यिक गोरेटो निर्माण गर्ने कार्य मात्र गरेको देखिन्छ । २०२५ पछि भने मकवानपुर साहित्यले निश्चित प्रवृत्तिलाई वरण गर्दै आधुनिकताको स्पष्ट सङ्केत दिएको देखिन्छ (बराल, २०६२ : १३) ।

### ३.१.३ आधुनिक काल (वि. सं. २०२५- हालसम्म)

मकवानपुरे साहित्यको आधुनिक काल वि. सं. २०२५ बाट सुरू भएको देखिन्छ । मकवानपुरे साहित्यमा आधुनिकताको प्रवेश गराउनमा जिल्लाकै पहिलो हास्यव्यङ्ग्य प्रधान साहित्य पत्रिका ‘अचार’ (२०२५) को उल्लेखनीय भूमिका रहेको देखिन्छ । नीलममणि नेपाल, देव प्रसाद श्रेष्ठ, केशवलाल श्रेष्ठ लगायतका व्यक्तिहरूको संलग्नतामा प्रकाशित ‘अचार’ को पहिलो अङ्क लगभग ३५ पृष्ठको रहेको छ । तत्कालीन राज्यव्यवस्थाप्रति तीव्र व्यङग्य प्रहार गर्ने प्रकृतिको ‘गोरु व्यायो’ शीर्षकीय व्यङ्ग्यका कारण शासकीय बक्रदृष्टि पर्न गई यस पत्रिकाका सम्पूर्ण प्रतिहरू जफत गरिएको कारण अन्य अङ्कहरू प्रकाशित हुन सकेन (बराल, २०६२ : १४) ।

त्यसैगरी वि. सं. २०२४ मै कालिका युवा क्लब नामटारले साहित्य गोष्ठी आयोजना गरेको र नामटारबाटै रामचन्द्र आचार्य ‘फुर्सदी’ को प्रबन्धकत्वमा ‘नयाँ खबर’ नामक हस्तलिखित समचारपूलक साप्ताहिक पत्रिका ५/६ अङ्कसम्म प्रकाशन हुनाले पनि मकवानपुरे

साहित्यलाई आधुनिकतातर्फ धकेलेका छन् । यसै क्रममा राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल मकवानपुरले वि. सं. २०२५ सालमा विनोद के. सी को सम्पादकत्वमा 'मुना' सामयिक सङ्कलनको प्रकाशन गरेको देखिन्छ । जसमा कमल थापा लगायतको पनि सहभागीता रहेको देखिन्छ । वि. सं. २०२० तिरबाट तुल्सी थापा पनि मकवानपुरे साहित्यमा सक्रिय देखिएका छन् । कविता, गीत र नाटकमा कलम चलाउने थापाले वीरगञ्जबाट लेखनको अभ्यास गरेको देखिन्छ । उनका विभिन्न रचनाहरू तत्काली समयका विभिन्न पत्रपत्रिकाहरूमा समेत प्रकाशित भएका छन् । त्यसैगरी २०२५/२०२६ सालतिर नव कालकुञ्जबाट प्रकाशित गीतकुञ्ज गीत सङ्ग्रहले पनि मकवानपुर जिल्लाको साहित्यलाई आधुनिकीकरण गर्नमा प्रशस्त योगदान पुऱ्याएको छ । यही पत्रिकालाई नै मकवानपुर जिल्लाको नेपाली भाषामा छापिएको पहिलो पत्रिका मानिएको छ । यस गीतिसङ्ग्रहमा एकाउन्न वटा आधुनिक गीतका आधारमा तयार गरिएका गीत, उन्नाइस वटा लोकगीत, लोकगीतका आधारमा तयार गरिका १६ वटा राष्ट्रिय गीत, चीरायु गीत र स्वागत गीतसमेत गरी कुल १०६ वटा गीतहरू रहेका छन् । सङ्ग्रहमा सङकलित गीतका गीतकारहरूमा गिरिजाप्रसाद जोशी, हिरण्य भोजपुरे, नन्दरत्न स्थापित, आर. बी. लामा, डेण्टीजङ्ग शाह, केशी खरेल, पुष्पनाथ शर्मा, धनशुन्दर, विश्वनाथ रेग्मी, बोर्को, बद्रिप्रसाद तिमल्सिना, मनुसुवा घले, नन्दशनदर, गंगाराम, शुक्रराज शाक्य, गुणराज शाक्य, रत्नानन्द राजोपाध्याय, शैलराज चण्डिकाप्रसाद श्रेष्ठ, बद्रि बिरानो, नरहरिनन्दन खरेल, ध्रुव मानन्धर बत्सगोपाल बैद्य, शैलराज रञ्जिकार, विष्णुकुमार शाही, पुष्प मानन्धर, तुल्सी थापा, विन्दु प्रधान, प्रेमकुमार शाही, इन्दिरा अधिकारी, किशोर सिंह, पृथु राणा आदि रहेका छन् । नेपाली भाषा लगायत नेवारी, तामाङ् र भोजपुरी भाषाका केही गीतहरू सङ्कलित रहेको यो सङ्ग्रहले मकवानपुरे साहित्यलाई स्पष्ट गोरेटो प्रदान गरेको पाइन्छ ।

वि. सं. २०२७ मा हिमाली साहित्य प्रकाशन नामटारको हेटौंडा शाखाले रामचन्द्र आचार्य 'फुर्सदी' को प्रधान सम्पादकत्व र केदार न्यौपानेको व्यवस्थापनमा 'त्रिवेणी सङ्गम' सामयिक सङ्कलन प्रकाशन गरेको देखिन्छ । यस प्रकाशनसँग आनन्द मकवानपुरे तथा भोला सिवाकोटी समेतको संलग्नता पाइन्छ । वि. सं. २०३२ मा भीम विरागको 'तातो सुस्केरा' कविता सङ्ग्रह प्रकाशित भएपछि भने आधुनिक मकवानपुरे साहित्य परिपक्क अवस्थामा पुगेको स्पष्ट हुन्छ । मकवानपुरे साहित्यलाई आधुनिकता प्रदान गर्ने प्रारम्भिक चरणमा

भक्तबहादुर श्रेष्ठ, मोहन गुरुजु, शैलराज रञ्जित, केशव एल श्रेष्ठ, देवप्रसाद श्रेष्ठ, कलानाथ अधिकारी, जनक भट्टराई, रामचन्द्र आचार्य 'फुर्सदी' टंकनाथ पराजुली लगायतका साहित्यिक व्यक्तित्वहरूको योगदानलाई पनि बिर्सन सकिन्न । पछिल्लो चरणमा आर. सी. रिजाल, नवराज शर्मा, कौशल पाण्डे, रामहरि श्रेष्ठ, धर्मदत्त न्यौपाने, तुल्सी थापा लगायतले पनि आधुनिक मकवानपुरे साहित्यलाई यथेष्ट मलजल गरेका छन् । त्यसैगरी तीसको दसकको उत्तरार्द्धबाट आर. आर. चौलागाई केशव श्रेष्ठ, 'ज्योति', चालीसको दश बाट तुल्सी घिमिरे, साम्ब ढकाल, इन्द्रजित शर्मा चौलागाई, ओकिलराज गोर्खाली, ह्यग्रीव आचार्य, खेम बानियाँ, गोविन्द खड्का, दीपक मुडभरी 'मित्र' लगायतका साहित्यकारहरू नयाँ नयाँ शैली र शिल्पसहित मकवानपुरे साहित्यमा देखा पर्दछन् । कुमार थापा, ईश्वर पाण्डे, हरि सिंखडा, मानसिंह 'बेगर', पागल विश्वास, विद्यासागर घिमिरे, रामचन्द्र खनालहरूले उपन्यास विधामा कलम चलाएर योगदान पुऱ्याएको देखिन्छ । आधुनिक मकवानपुरे साहित्यको विकासक्रमलाई बुझ्नका लागि विभिन्न समयक्रममा यहाँबाट प्रकाशित भएका कृतिहरूको विवरणले सहयोग गर्ने देखिन्छ ।

## ३.२ मकवानपुर जिल्लाबाट प्रकाशित साहित्यिक कृतिहरू

| क्र,. सं. | कृतिको नाम | विधा | प्रकाशित मिति | रचनाकार | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुखेको इन्द्रणी | गीत-सङ्ग्रह | २०२५ | भीम विराग | |
| २ | आठ टुक्रे बादल | कथा सङ्ग्रह | २०२९ | भीम विराग | |
| ३ | तीन खोले दोभान | गीत सङ्ग्रह | २०३४ | रामचन्द्र आचार्य 'फुर्सती' | |
| ४ | प्रेम र सङ्घर्ष | उपन्यास | २०३६ | भरत लामिछाने | |
| ५ | प्रभाकर | शोककाव्य | २०३७ | ठाकुरनाथ शर्मा | |
| ६ | सामन्तीलाई चिठी | कविता सङग्रह | २०३७ | आर. आर. चौलागाई | |
| ७ | नौलो बिहानी | कविता सङ्ग्रह | २०३७ | आर. आर. चौलागाई | |
| ८ | फेरि पनि कुर्णेश | विविध सङ्ग्रह | २०३९ | रामचन्द्र आचार्य 'फुर्सदी' | |
| ९ | तुहेर जन्मिन्छन् मान्छेहरू | कविता सङ्ग्रह | २०४० | प्रेम लामा | |
| १० | अतृप्त स्पर्श | गीत सङ्ग्रह | २०४३ | भीम विराग | |
| ११ | मालती | उपन्यास | २०४३ | केशव श्रेष्ठ 'ज्योति' | |
| १२ | यहाँ मिल्छन् कहाँ क्षितिज र धरा | उपन्यास | २०४४ | इश्वर 'अज्ञात' | |
| १३ | जुनी बित्ला र ? | उपन्यास | २०४५ | विद्यासागर | |
| १४ | जिउँदा मानिसहरू | कविता सङ्ग्रह | २०४५ | आर. आर चौलागाई | |
| १५ | रामलाल | उपन्यास | २०४६ | केदार न्यौपाने | |
| १६ | विस्थापित रहरहरू | उपन्यास | २०४९ | केशव श्रेष्ठ 'ज्योति' | |
| १७ | नारी सङघर्ष | उपन्यास | २०५० | पागल विश्वास | |
| १८ | आदिम यात्रा | कविता सङ्ग्रह | २०५१ | तीर्थदेव सिलवाल | |
| १९ | चँस्सचुस्स | हाइकु, छोक, मुक्तकहरू | २०५२ | सहलेखन | |
| २० | यात्राका गीतहरू | गीत सङ्ग्रह | २०५३ | आर. आर. चौलागाई | |
| २१ | खोज्दौ जाँदा तिमीलाई | कविता सङ्ग्रह | २०५३ | सहलेखन | |
| २२ | मेरो अन्तर्मनले भन्छ | कविता सङ्ग्रह | २०५३ | ऋषि के. बी. | |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | सबैका लागि | कविता सङ्ग्रह | २०५४ | | |
| २४ | भीम विरागका कविता | कविता सङ्ग्रह | २०५४ | भीम विराग | |
| २५ | खुकुरी र मान्छे | कविता सङ्ग्रह | २०५५ | हयग्रीव आचार्य | |
| २६ | फुटेको भाग्मा बगेको रगत | उपन्यास | २०५५ | रामहरि श्रेष्ठ | |
| २७ | कुकुरको पुच्छर | हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह | २०५५ | आर. सी रिजाल | |
| २८ | तुवाँलो भित्र र तुवाँलोबाहिर | कविता सङ्ग्रह | २०५५ | आर. आर. चौलागाई | |
| २९ | उद्गार | कविता सङग्रह | २०५५ | ऋषि के. वी. | |
| ३० | चौथो प्रहार | कविता सङग्रह | २०५५ | केशव श्रेष्ठ 'ज्योति' | |
| ३१ | अज्ञातप्रारम्भ | खण्डकाव्य | २०५६ | भीम विराग | |
| ३१ | प्रतिक्षा | खण्डकाव्य | २०५६ | श्यामकुमार बानियाँ | |
| ३३ | मन्त्री पुराण | कविता सङ्ग्रह | (?) | गणेशकुमार पौडेल | |
| ३४ | कविता लेख्नु निरर्थक हुन्छ | कविता सङ्ग्रह | २०५६ | आर. आर. चौलागाई | |
| ३५ | सिमात बकैया | कथा सङ्ग्रह | २०५६ | ऋषी के. वी. | |
| ३६ | स्वरसम्राटको सम्झना | संस्मरण | २०५७ | भीम विराग | |
| ३७ | कण्ठ लगौटी | हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह | २०५७ | आर. सी रिजाल | |
| ३८ | उडान वुद्धयुद्ध | लुगकाव्य | २०५८ | पालुङ्गे चरो | |
| ३९ | एक निमेष अनन्तको | मसिना कविता सङ्ग्रह | २०५८ | तुल्सी थापा | |
| ४० | देवका पनि देव भष्ट्रेश्वर माहदेव | पाल्सी महाकाव्य | २०५८ | गणेशकुमार पौडेल | |
| ४१ | मान्छेहरू अजङ्गको यात्रामा | कविता सङ्ग्रह | २०५८ | साम्ब ढकाल | |
| ४२ | लङगडो सोख | कविता सङ्ग्रह | २०५८ | ज्ञानवीर क्षेत्री | |
| ४३ | प्रतिनिधिसभा स्त्रोतम् | व्यङ्ग्यसूक्ति | २०६१ | गणेशकुमार पौडेल | |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०६० | सङ्ग्रह | | | |
| ४४ | ऊ गाँउ फर्कन चाहन्छ | कथा सङ्ग्रह | २०४६ | रामहरि श्रेष्ठ | |
| ४५ | तेस्रो आखाँ | लेख | | रामहरि श्रेष्ठ | |
| ४६ | आस्था रोपेर मनका गराहरूमा | कविता सङ्ग्रह | २०६१ | आर. आर. चौलागाई | |
| ४७ | उत्सव अनिश्चित वेदनाको | कविता सङ्ग्रह | २०६१ | पुण्यशिला | |
| ४८ | बिथोलिएको मन | गजल सङ्ग्रह | २०६१ | बबी थापा | |
| ४९ | अमरसिंहको खोजीमा अमरसिंह नाटक | नाटक | २०६१ | तुल्सी थापा | |
| ५० | ऐतिहासिक चिसापानी काण्ड | लेख | २०६१ | मोहन बज्राचार्य | |
| ५१ | वार्ता | गीतिकाव्य | २०६२ | गणेशकुमार पौडेल | |
| ५२ | अक्षरका जुलुसहरू | कविता सङ्ग्रह | २०६२ | गिरिजा अधिकारी | |
| ५३ | खरानीभित्रको आगो | उपन्यास | २०६६ | आर. सी. रिजाल | |

(बराल, २०६२ : १६)

यसरी विभिन्न विधाका पुस्तकहरूका साथै विभिन्न पत्रपत्रिकाहरूको स्थापना आदिले पनि मकवानपुरे साहित्यको विकास र विस्तारमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । मकवानपुर जिल्लाबाट प्रकाशित केही पत्रपत्रिका, साहित्यिक गतिविधिसँग सम्बन्धित संघसंस्थाहरू र साहित्यकारहरूलाई प्रदान गर्ने उद्देश्यले स्थापना भएका पुरस्कारहरू यस प्रकार छन् :

## ३.३ मकवानपुर जिल्लाबाट प्रकाशित पत्रपत्रिकाहरू

मकवानपुरे साहित्यको विकास र विस्तारमा विभिन्न पत्रपत्रिकाहरूको उल्लेख्य योगदान रहेको छ । मकवानपुर जिल्लाबाट प्रकाशित केही पत्रपत्रिकाहरू यस प्रकार छन् (बराल, २०६२ : १७):

| क्र.सं. | पत्रपत्रिको नाम | प्रकाशित मिति (वि.सं.) | प्रकाशक | पत्रिकाको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|
| १ | गथु | (२०२०) | नेवारी हस्तलिखित (महेनमोहन भ्यातु) | मासिक | |
| २ | जूनकीरी | २०२२ | भूटनदेवी मा. वि | " | |
| ३ | अचार | २०२५ | नीलमणि नेपाल लगायत अन्य | " | |
| ४ | त्रिवेणी सङ्गम | २०२८ | रामचन्द्र आचार्य फुर्सदी | " | |
| ५ | श्रमिक | २०३० | लोकनाथ पाण्डे | " | |
| ६ | अठोट | २०३८ | दीपक मुडभरी 'मित्र' | " | |
| ७ | प्रयास | २०४० | कौशल पाण्डे/देव श्रेष्ठ | साप्ताहिक | |
| ८ | सत्प्रयास | २०४९ | सूर्यचन्द्र न्यैपाने | " | |
| ९ | मूर्च्छना | २०४९ | रामचन्द्र भण्डारी/खेम बानियाँ | " | |
| १० | क्रमश | २०५९ | विभिन्न व्यक्तिहरू (साहित्य सङ्गम मकवानपुर) | " | |
| ११ | सौरभ | | विभिन्न व्यक्तिहरू (साहित्य सङ्गम मकवानपुर) | " | |
| १२ | शुभारम्भ | २०४८ | रामचन्द्र आचार्य 'फुर्सदी' | मासिक | |
| १३ | उद्बोधन | २०४० | दीर्घराज पौड्याल | " | |
| १४ | जूनकीरी | २०५० | जूनकीरी साहित्य परिवार, फापरवारी | " | |
| १५ | झरना | २०५० | झरना साहित्य परिवार | वार्षिक | |
| १६ | चन्द्रागिरी | २०५२ | श्री स्वच्छन्द भैरव मा. वि. चित्लाङ | " | |
| १७ | दीपशिखा | २०५३ | आर. आर चौलागाई | " | |
| १८ | आरोह | २०५३ | शृङ्खला नाट्य समूह | " | |
| १९ | प्रणयन | २०५५ | ऋषि के. वी. | पाक्षिक | |
| २० | युगदर्पण | २०५६ | युगदर्पण साहित्य परिवार, हर्नामाडी | " | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | उद्यान | २०५६ | उद्यान साहित्य परिवार, छत्तिवन | " | |
| २२ | बारूद | २०५६ | श्यामकुमार बानियाँ | " | |
| २३ | प्रतिभा प्रकाश | २०५७ | मकवानपुर साहित्यिक परिवार कला केन्द्र | " | |
| २४ | परिवर्तन | २०५७ | परिवर्तन साहित्य परिवार | साप्ताहिक | |
| २५ | आभार | २०५७ | आभार प्रकाशन समूह | " | |
| २६ | पलाँस | २०४८ | रामकुमार एलन | " | |
| २७ | पाहुर | २०५८ | कुमार तिमल्सिना | " | |
| २८ | नवपल्लव | २०५७ | जी. एस. निकेतन | " | |
| २९ | अक्षर | २०६१ | आर. सी. रिजाल | मासिक | |
| ३० | दामन | २०५९ | दामन साहित्यक परिवार शरण बानियाँ | " | |
| ३१ | गुलेली | २०६१ | शरण बानियाँ | " | |
| ३२ | मातृभूमि | २०५८ | मातृभूमि साहित्य समाज, पिप्ले | वार्षिक | |
| ३३ | मूलजरा | | गोविन्द एसिड आदि | " | |

यी साहित्यिक पत्रिकाहरूका अतिरिक्त विभिन्न संघसंस्थाहरूबाट बेलाबेलामा प्रकाशित हुने स्मारिका तथा स्थानीय रूपमा प्रकाशित हुने विभिन्न समचारमूलक साप्ताहिक तथा दैनिक पत्रपत्रिकाहरूले पनि कुनै न कुनै रूपमा साहित्यिक लेख रचनालाई स्थान दिएकै छन् माथि उल्लेख गरिएका पत्रिकाहरूमध्ये अक्षर, मातृभूमि, नवपल्लव, झरना, सौरभ आदिजस्ता पत्रपत्रिकाहरू हालसम्म पनि नियमित रूपमा प्रकाशित भइरहेका छन् ।

## ३.४ मकवानपुर जिल्लामा गठन भएका विभिन्न साहित्यिक संघ संस्थाहरू

मकवानपुर जिल्लाको साहित्यिक विकास र विस्तारमा विभिन्न समयमा स्थापना भएका साहित्यिक संघसंस्थाहरूको पनि उल्लेखनीय योगदान रहेको छ । यस्ता केही संस्थाहरूको सूची यस प्रकार रहेको छ (बराल, २०६२ : २०):

| क्र. सं. | संघ संस्थाको नाम | स्थापना भएको मिति | कैफियत |
|---|---|---|---|
| १ | ज्योति पुस्तकालय, भीमफेदी | २००९ | |
| २ | नव बला कुञ्ज, हेटौंडा | २०१० | |
| ३ | हाम्रो पुस्तकालय, हेटौंडा | २०१८ | |
| ४ | प्रगति सांस्कृतिक मण्डल, हेटौंडा | २०२१ | |
| ५ | हिमाली साहित्य प्रकाशन, नामटार | २०२४ | |
| ६ | जनकपुस्तकालय, हेटौंडा | २०२४ | |
| ७ | सङ्गम पुस्तकालय, हेटौंडा | २०३५ | |
| ८ | युग प्रकाश क्लब, नवलपुर | २०३९ | |
| ९ | मकवानपुर साहित्य परिषद, हेटौंडा | २०३९ | |
| १० | साहित्य सङ्गम, मकवानपुर | २०४४ | |
| ११ | अविरल परिवार, हेटौंडा | २०४६ | |
| १२ | नवजीवन ज्याति क्लब, चौघडा | २०४६ | |
| १३ | मूर्च्छना सङ्गीत समूह, हेटौंडा | २०४९ | |
| १४ | विश्वेश्वर आलोक अध्ययन मञ्च हेटौंडा | २०४९ | |
| १५ | सत्प्रयास समूह, हेटौंडा | २०४९ | |
| १६ | पुष्पलाल स्मृति पुस्तकालय, हेटौंडा | २०४९ | |
| १७ | झरना साहित्य परिवार, छत्तिवन | २०५० | |
| १८ | जूनकिरी साहित्य परिवार, फारवारी | २०५० | |
| १९ | उद्बोधन साहित्य मञ्च, हेटौंडा | २०५० | |
| २० | प्रगतिशील लेखक संघ, मकवानपुर | २०५० | |
| २१ | दिपशिखा साहित्य परिवार, हेटौंडा | २०५३ | |
| २२ | शृङ्खला नाट्य समूह, हेटौंडा | २०५० | |
| २३ | युगदर्पण साहित्य समाज, हर्नामाडी | २०५० | |
| २४ | कर्ममोहन प्रतिभा पुरस्कार गुठी छतिवन | २०५३ | |
| २५ | प्रणय परिवार, हेटौंडा | २०५५ | |
| २६ | चन्द्रगिरी साहित्यिक परिवार, चित्लाङ् | २०५५ | |
| २७ | मार्तभूमि साहित्य समाज, हेटौंडा | २०५६ | |
| २८ | उद्यान साहित्य परिवार, छत्तिवन | २०५६ | |
| २९ | न्यू जनहित युवा क्लब, हेटौंडा | २०५६ | |
| ३० | बारूद अल्लारे समूह, हेटौंडा | २०५६ | |

| | | | |
|---|---|---|---|
| ३१ | आभार प्रकाशन, हेटौँडा | २०५७ | |
| ३२ | मृगतृष्ण साहित्य डबली, मनहरी | २०५७ | |
| ३३ | सिस्नुपानी, मकवानपुर | २०५७ | |
| ३४ | दामन साहित्य परिवार, दामन | २०५८ | |
| ३५ | वंशगोपाल सिर्जनशील समाज, हेटौँडा-६ चौघडा | २०६३ | |
| ३६ | न्यू सरगम यूवा क्लब, हटिया-१ चुनडाँडा | २०६७ | |
| ३७ | मकवानपुर जनसाहित्यिक मञ्च -हेटौंडा | २०६७ | |
| ३८ | गजल मञ्च, मकवानपुर, हेटौँडा | २०६७ | |

यसरी विभिन्न समयमा स्थापना भएका यस्ता संघसंस्थाहरूले बेलाबेलामा साहित्य गोष्ठिहहरूको आयोजना गर्ने, पत्रिपत्रिका प्रकाशन गर्ने, पुरस्कार वितरण गर्ने, आदिजस्ता क्रियाकलापहरू सञ्चालन गर्दै आएका छन् । यी विभिन्न संस्थाहरूमध्ये स्थापना कालदेखि हालसम्म पनि सर्वाधिक सक्रिय संस्थाका रूपमा साहित्य सङ्गम मकवानपुर रहेको छ । यस संस्थाले देशका विभिन्न साहित्यकारहरूको सम्मान गर्ने देखि लिएर, हालसम्म १२५ वटा साहित्यिक कार्यक्रमहरू सम्पन्न गरिसकेको छ । अन्य क्रियाशील संघसंस्थाहरूमा झरना साहित्य परिवार, मातृभूमि साहित्य समाज, पुष्पलाल स्मृति पुस्तकालय लगायतका उल्लेख्य छन् ।

## ३.५ मकवानपुर जिल्लामा स्थापना भएका विभिन्न पुरस्कार तथा सम्मानहरू

| क्र. सं. | पुरस्कारको नाम | संस्थापक | स्थापना भएको मिति | पुरस्कारको राशि | कैफियत |
|---|---|---|---|---|---|
| १ | मकवानपुर साहित्य प्रतिभा पुरस्कार | विश्वेश्वर आलेक | २०४९ | ५०००/- | |
| २ | मकवनापुर प्रतिभा पुरस्कार | साहित्य सङ्गम परिवार | २०५० | ५००१/- | |
| ३ | कर्ममोहन प्रतिभा पुरस्कार | पाण्डवराज कार्की | २०५३ | २००१/- | |
| ४ | शेषजङ्ग स्मृति पुरस्कार | डेन्टीजङ्ग शाह | २०५३ | १००१/- | |
| ५ | णकुमारी स्मृति पुरस्कार | आर. सी. रिजाल | २०५४ | १००१/- | |
| ६ | पारिजात स्मृति पुरस्कार | आदर्श टोल विकास संस्था | २०५६ | १००१/- | |
| ७ | यती फाइनान्स साहित्य | यति फाइनान्स कम्पनी | २०५८ | ५००१/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पुरस्कार | प्रा. लि. | | | |
| ८ | नित्यगोविन्द सङ्गीत पुरस्कार | मुक्तिगोविन्द वैद्य | २०५९ | ५००१/- | |
| ९ | बालप्रतिभा पुरस्कार | विन्दुगोपाल गोर्खाली | २०६० | २५०१/- | |

(बराल २०६२ : २२)

## ३.६ निष्कर्ष

पूर्णता भन्ने शब्द आफैमा पूर्ण छैन । आकाश, धर्ती, साहित्य, राजनीति, इतिहास, विकास आदि इत्यादि केही पनि पूर्ण छैनन् । जुनसुकै विषयमा जतिसुकै खोज अनुसन्धान भए पनि त्यसलाई पूर्ण मानिएकौ छैन । जति गहिरियो उति नयाँ नयाँ तथ्यहरू फेला पर्दै जान्छन् ।

मकवानपुरे साहित्य पनि यस ध्रुवसत्य कुराको अपवाद बन्न सक्दैन । यहाँ उल्लेख गरेदेखि नै मकवानपुरे साहित्यको सुरूवात भयो भन्ने होइन । नयाँ तथ्य फेला नपरेसम्मको लागि मात्र यो सत्य हो । अझै पनि गाउँ, खोंच, कुना, काप्चामा कैयौं प्रतिभाहरू आफ्ना सृजनाका पाण्डुलिपिहरू घरमै थन्काएर ओझेलमा परेका होलान् ।

मकवानपुरे साहित्यलाई राष्ट्रिय स्तरमा परिचित गराउन विभिन्न समयमा स्थापित साहित्यिक संघसंस्था पत्रपत्रिका एवम् पुरस्कारहरूले पनि अत्याधिक सहयोग गरेको छ । त्यसैले पनि यस प्रकारका पुरस्कार, कृति संस्थाहरू व्यक्तिहरू वर्तमानमा पनि सक्रिय छन् ।

अन्त्यमा मकवानपुरको विगत हेरी वर्तमान निकै सफल छ तर पनि जुन गतिका रूपमा यसको विकास हुनपर्थ्यो, त्यस्तो हुन सकेको देखिदैंन अधिकांश मकवानपुरे प्रतिभाहरू केबल जिल्लास्तरमा मात्र सीमित रहिरहनु तीतो सत्य हो भने सृजना क्षेत्रमा लाग्दा लाग्दै पलायन हुने रोगले पनि ग्रस्त छ मकवानपुर । विगत केही समयदेखि मकवानपुरे साहित्यमा प्रकाशित भइरहेका कृति साहित्यिक पत्र-पत्रिका एवम् यस क्षेत्रमा सल्बलाइरहेका हातहरू नै समुन्नत भविष्यका द्योतक हुन् ।

# चौथो परिच्छेद

# निबन्धको सैद्धान्तिक परिचय

## ४.१ निबन्ध परिचय

साहित्यका श्रव्य र दृश्य गरी दुई भेद छन् । साहित्यको श्रव्य भेद अन्तर्गत दुई हाँगा गद्य र पद्यमध्ये निबन्ध गद्य हाँगामा पर्दछ ।  साहित्यका सृजनात्मक विधामध्ये निबन्ध पछिल्लो र लोकप्रिय विधा हो । यो लघु आकारको हुन्छ । निबन्ध साहित्यिक र साहित्येतर दुबै हुनसक्छ । साहित्यिक निबन्ध सौन्दर्यपरक हुन्छ भने साहित्येतर निबन्ध वस्तुनिष्ठ र प्राविधिक हुन्छ ।

### ४.१.१ निबन्धको पूर्वीय मान्यता

निबन्ध तत्सम शब्द हो । 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'घञ्' प्रत्येय लागेर निबन्ध शब्दको निर्माण भएको छ । 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'अच्' प्रत्यय लगाएर पनि निबन्ध शब्दको निर्माण भएको पाइन्छ । यसको व्युत्पत्तिगत अर्थ भने 'निबध्नातीति निबन्ध' भन्ने हुन्छ । यसरी हेर्दा निबन्ध शब्दको अर्थ कुनै वस्तुलाई राम्ररी बाध्नु भन्ने हुन्छ (सुवेदी, २०५७ : ६) । श्रीमद्भागवद् गीतामा 'दैवी सम्पद्धिमोक्षय निबन्धासुरीमता भन्दै निबन्धको प्रयोग आसुरी सम्पदालाई बाध्ने अर्थमा भएको पाइन्छ । हेमचन्द्रले यसको प्रयोग **मूत्ररोधकरूपी** रोग तथा **बन्धन**को अर्थमा गरेका छन् । **वासवदता** र **न्यायमञ्जरी**मा ग्रन्थ रचनाका अर्थमा र तत्त्व दीपनको अनेक तत्त्वहरूको सङ्गृहीत सानो साहित्यिक कलाको चमत्कृत अर्थमा र **शिशुपालबध**मा वा भाष्य र ग्रन्थको अर्थमा 'निबन्ध' शब्दको प्रयोग भएको देखिन्छ (गौतम र अरु, २०५५ : १) ।

वर्तमानमा आएर निबन्धले जुन अर्थ  दिन्छ त्यो अर्थ प्राचीन युगमा पाइँदैनथ्यो । यसको मुख्य कारण संस्कृत साहित्यमा आजको जस्तो निबन्ध विधाको सिर्जना भएको थिएन । नेपाली साहित्यमा आधुनिकताको प्रभाव पाश्चात्य साहित्यको वरदान भएकाले निबन्ध विधा पनि पाश्चात्य साहित्यको उपज मान्न सकिन्छ ।

## ४.१.२ निबन्धको पाश्चात्य मान्यता

अङ्ग्रेजीमा निबन्धलाई एस्से (Essay) भनिन्छ । यो फ्रान्सेली शब्द एसाइ (Essai) बाट आएको हो । यसको अर्थ प्रयास वा प्रयत्न हुन्छ (थापा, २०४२ : १८०) । पाश्चात्य साहित्यमा निबन्ध प्रयोग गर्ने प्रथम व्यक्ति फ्रान्सेली साहित्यकार **मोन्तेन** हुन् । सोह्रौं शताब्दीको अन्त्यतिर उनले आफ्ना रचनालाई एसाइ (Essai) भन्ने नाम दिएका थिए, जसको अर्थ प्रयास हुन्छ । मोन्तेनले आफ्ना रचनामा आफूलाई विषयवस्तु बनाएर प्रस्तुत गरेका छन् । म नै मेरो निबन्धको विषयवस्तु हुँ र मलाई सबभन्दा नजिकबाट चिन्ने व्यक्ति म हुँ (अधिकारी, १९७६ : १९) । फ्रान्सिस **बेकन** निबन्धलाई वस्तुपरक ढङ्गले चिनाउँदै विकीर्ण चिन्तनको समग्र प्रस्तुतीकरण निबन्ध हो भन्दछन् (सुवेदी, २०५३ : १७) ।

पाश्चात्य साहित्यमा निबन्धका नामहरू विभिन्न रूपमा प्रचलित छन् । ग्रिसेली भाषामा निबन्धलाई 'एसिज' जसको अर्थ हुन्छ, 'प्रयास गर्नु' । यसलाई फ्रान्समा मोन्तेयले एस्से (Essay) नाम दिए जसको अर्थ हुन्छ, प्रयास गर्नु । आजको निबन्ध पाश्चात्य साहित्यको देन हो ।

पूर्वीय संस्कृत साहित्यमा 'निबन्ध' शब्दको प्रयोग हुँदै आए पनि त्यसले साहित्यको विशिष्ट गद्य विधालाई बुझाउन सकेको देखिँदैन तर पाश्चात्य एस्से (Essay) शब्दले आरम्भ कालदेखि नै साहित्य रचनाकै अर्थ वहन गरेर व्यापक अर्थमा गद्या विधा विशेषलाई समेट्दै आएको छ । यसर्थ नेपाली निबन्ध शब्दको अर्थ पूर्वीय व्युत्पत्तिमूलक अर्थ भन्दा पाश्चात्य एस्सेसँग नै निकट रहेको देखिन्छ । एस्सेको समानार्थी शब्दका रूपमा नेपाली निबन्ध शब्द प्रचलित भएको छ ।

### ४.१.३ निबन्धको परिभाषा र स्वरूप

साहित्यका चार मूल विधाहरूमध्ये एउटा विधा निबन्ध हो । निबन्ध हुनाका निम्ति के के कुरा आवश्यक पर्दछन् भन्ने सम्बन्धमा धेरै विद्वान्हरूले आ-आफ्नै प्रकारले परिभाषा दिएका छन, ती मध्ये केही विद्वान्हरूको परिभाषा यस प्रकार रहेको छः

निबन्धका प्रथम स्रष्टा मोन्येतका अनुसार मेरो इच्छा हुन्छ निबन्धमा विनाआडम्बर सहज र साधारण गरिकाले म स्वयं स्थापित होऊँ, त्यसमा म कुनै वाग्मिता वा कला भर्न चाहन्न मेरो निबन्धको विषय म नै हुँ (सुवेदी, २०५३ : ७) ।

निबन्ध एउटा छरिएको चिन्तन हो (बेकन) ।

कुनै विषयलाई लिएर कलात्मक वा वस्तुपरक पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना साहित्यको एक गद्यविधा नै निबन्ध हो

नेपाली बृहत् शब्दकोश (पोखेल र अरु, २०४० : ७३१)

निबन्ध त्यो काव्य विधा हो जसमा लेखकको व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकले उपदेश नभई आत्पप्रकाशन कै लक्ष्यमा केन्द्रित हुनुपर्छ

- रामलाल अधिकारी (सुवेदी, २०५३ : ९)

यो रौंचिरा दर्शन होइन र हो पण्डित्य दर्शनको ठ्यासफू : यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरूरत छैन । यो एक किसिमको धूर्त बदमास, ठिटो हो, जो सडकमा हिंडदा कहिलेकहिले ढुङ्गा हान्छ, कतैकतै आनन्दले फुलेर हेर्छ तर घोरिदैन । पाठ घोकुवा हलन्त मिजासले यो एक किसिमको मनको जालीले जगत्मा लहडी माछा मार्ने कला हो

लक्ष्मीप्रसाद देवकोटा (देवकोटा, २०५७ : भूमिका खण्ड)

अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभएपछि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रित गद्यात्मक रचनालाई निबन्ध भनिन्छ ।

- दयाराम श्रेष्ठ र मोहनराज शर्मा (श्रेष्ठ, २०५४ : ८) ।

माथि उल्लिखित विद्वान्हरूका परिभाषालाई केलाएर हेर्दा निबन्धकारका विचारहरू निबन्धात्मक वा वस्तुपरक ढङ्गबाट पाठकसामु प्रस्तुत गर्ने, जुन प्रस्तुतिमा लेखकका विचार पाठकलाई मान्न कर गरिएको छ । आत्मप्रतिपादन, कवितात्मकता, आन्तरिक क्रमबद्धता, विचार, चिन्तन, संवेदना आदिको समष्टि रूप नै वास्तवमा निबन्ध हो ।

यसरी पाश्चात्य र पूर्वीय निबन्धकारहरूका निबन्धात्मक मान्यता र परिभाषालाई हेर्दा निबन्धको स्वरूपलाई निम्नलिखित बुँदामा प्रस्तुत गर्न सकिन्छ :

- निबन्ध एक साहित्यिक विधा हो ।
- यो मनको वह पोख्ने माध्यम हो ।
- निबन्ध सङ्क्षिप्त आयतनमा सिर्जित हुन्छ ।
- निबन्ध कुनै विषयवस्तुमा केन्द्रित वा तटस्थ भएर गरिने वर्णन हो ।
- निबन्ध निरन्तर साधनबाट सुन्दर र सुललित बन्न सक्ने गद्यात्मक रचना हो ।
- परमाणुदेखि बृहत्पिण्डसम्म यसका विषयवस्तु हुन् ।

वास्तवमा निबन्ध भनेको कुनै शीर्षकमा लेखकद्वारा प्रस्तुत निजी धारणाहरूको आन्तरिक शृङ्खलाबद्ध काल्पनिक तथा वस्तुनिष्ठ तार्किक र निजी शैलीमा व्यक्त अवधारणाको प्रस्तुति हो । यो समीक्षात्मक, ऐतिहासिक र अन्वेषणात्मक पक्षमा वस्तुपरक ढङ्गमा पनि लेखिन्छ । हरेक निबन्धमा विषयगत र शैलगीत विविधता पाइन्छ । निबन्ध एक स्वतन्त्र रचना हो । शृङ्खलितता र निश्चित आयाम निबन्धमा नभई नहुने विषय हुन् ।

## ४.२ निबन्धका तत्त्वहरू

निबन्ध सिर्जनाका लागि केही आधारहरू चाहिन्छन् । तिनीहरू नै निबन्धका तत्त्वहरू मानिन्छ । निबन्ध गतिशील विधा भएकाले निबन्धमा स्वरूपगत भिन्नता देखिएको पाइन्छ । नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने **गोपीनाथ शर्माले** निबन्धका उपकरण अथवा तत्त्वका विषयमा पनि चर्चा गरेका छन् । निबन्धको संरचना आफ्नै अवयवहरूले गरेको हुन्छ भन्ने रूप उल्लेख गर्दै उनले औंल्याएका तत्त्वहरू निम्नानुसार छन् (शर्मा, २०५७ : २३) ।

**क) विषय वस्तु**

निबन्ध- रचनाका लागि वस्तु प्रथम आवश्यक तत्त्व हो । वस्तुतत्त्व निबन्धको प्राण हो र यो विनानिबन्धको कल्पनासम्म पनि गर्न सकिँदैन । यहाँ वस्तु शब्दले बाह्य सामग्रीलाई लिन खोजिएको होइन । मानव-मस्तिष्क र हृदयसँग सम्बन्धित कुरा यहाँ वस्तु भनेर लिइएको छ । ती हुन्-बुद्धितत्त्व र भावतत्त्व, बुद्धितत्त्व मानव-मस्तिष्कको खारिएको प्रतिभा हो भने भावतत्त्व निबन्ध रचनाको वस्तुतत्त्व अन्तर्गत आउने अर्को पक्ष हो (शर्मा, २०५७ : २७) ।

**ख) शैली**

आफ्नो विचार वा कुनै विषयवस्तुलाई सम्प्रेषण गर्न तैयार गरिएको शब्द, वाक्य र अनुच्छेदहरूको बुनोटलाई शैली भनिन्छ । शेली भनेको भाव र भाषाको सङ्गमस्थल हो । लेखनकार्यका लागि जसरी परिमार्जित भावको आवश्यकता हुन्छ त्यसरी नै परिमार्जित भाषाको पनि । भाव र भाषालई एकै ठाउँमा समन्वित गर्ने ढङ्ग शैली हो ।

**ग) उद्देश्य**

उद्देश्यविना कुनै काममा पनि प्रवृत्त भइँदैन । साहित्य निर्माणको पनि आफ्नो उद्देश्य हुन्छ । मूलतः स्वान्तः सुख नै साहित्य-रचनाको प्रमुख उद्देश्य वा प्रयोजन रहि आएको छ । यश, अर्थ आदि यसका गौण उद्देश्य हुन् । निबन्ध-रचना पनि साहित्यकै एक विधा भएकाले साहित्य-निर्माणका उद्देश्य छन्- आत्मप्रकाशन र सूचनात्मकता

अ) **आत्मप्रकाशन :** निबन्ध-रचनाका लागि वस्तु र शैली मात्र पर्याप्त हुँदैन् निबन्धकार 'स्व' को प्रकाशन गर्ने खुलदुली पनि हुनु जरुरी छ । त्यसैले निबन्ध व्यक्तित्वको परिचायक हुन्छ र निबन्धकारले यसका माध्यमबाट स्व को चिनारी गराउँछ ।

आ) **सूचनात्मकताः** निबन्ध रचनाको अर्को उद्देश्य सूचनात्मकता हो । जाने बुझेका कुरालाई छोटो छरीतो गद्य विधाबाट अरुछेउ राखीदिनु निबन्धको कार्य हो । यसका अतिरिक्त कुनै नयाँ कुरा विषय वा सूचनालाई अगवत गराउनु एवम् जीवन र जगतका यथार्थ वा काल्पनिक जुनसुकै पक्षका बारेमा पनि छोटो गद्य विधाबाट सुचना दिने काम निबन्धले गर्दछ (शर्मा, २०५५ : २५) ।

शर्माका अनुसार विषय भन्नाले निबन्धको शीर्षक हो । जसको सेरोफेरोमा नै निबन्धकारले आफ्नो विचार व्यक्त गर्दछ । विषय अति सामान्यदेखि विशिष्टसम्म हुन सक्छ ।

एउटै शीर्षकमा दुई निबन्धकारले निबन्ध लेख्दा देखिने एउटा तत्त्व नै शैली हो । समास शैली, व्याख्यान शैली, व्यङ्ग्य शैली, प्रसाद शैली, भावुक शैलीले निबन्धमा आकर्षण थपी पाठकलाई विचार प्रदान गरी रोचकता थप्ने काम गर्दछ । कुनै पनि विषयमा निबन्ध लेखन तयार हुँदा निबन्धकारले कुन उद्देश्य पूरा गर्ने चाहना राखेको हो, त्यही नै निबन्धको प्रयोजन हो ।

नेपाली साहित्यमा निबन्ध विधाको सैद्धान्तिक पक्षको चर्चा गर्ने क्रममा **मोहनराज शर्माले** निबन्धका त□वलाई यसरी प्रस्तुत गरेका छन् (२०५७ : २०)।

क) वस्तु ख) शैली ग) सङ्गठन

विषयवस्तु निबन्धको आधार हो । मूर्त-अमूर्त, स्पष्ट-अस्पष्ट, भूत-वर्तमान र भविष्यत् जनुसुकै विषयवस्तुलाई पनि निबन्धकारले आफ्नो रुचिको क्षेत्र बनाउन सक्छ । वस्तुतः वस्तु वा विषय भनेको निबन्धकारको अनुभूतिलाई व्यक्त्याउने माध्यम हो । विषय रोज्ने प्रक्रिया प्रायः सबै निबन्धकारको मिल्दोजुल्दो हुन्छ तर त्यसलाई शब्दद्वारा व्यक्त गर्ने क्रममा निबन्धकारको शैलीले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विषयलाई सिलसिला मिलाएर निबन्धको स्वरूप दिने प्रक्रियालाई सङ्गठन भनिन्छ । निबन्धको संरचनालाई तीन

भागमा विभाजन गरेर हेर्न सकिन्छ - आदि मध्य र अन्त्य, त्यसैलाई क्रमशः भूमिका खण्ड विस्तार खण्ड, र उपसंहार खण्ड पनि भन्न सकिन्छ ।

यसरी स्वदेशी तथा विदेशी विद्वान्हरूले निबन्धका तत्त्व वा उपकरणलाई आ-आफ्नै तरिकाले प्रस्तुत गरेको पाइन्छ निबन्धका तत्त्वहरूमा निम्न लिखित कुरालाई समेट्नु उपयुक्त देखिन्छ ।

क) विषयवस्तु/भाव/सन्देश

ख) गद्य भाषा

ग) आकर्षक शैली

माथिका तत्त्वहरू निबन्ध लेखनका लागि अनिवार्य तत्त्वहरू हुन् । नेपाली साहित्यमा हालसम्म लेखिएका निबन्धहरूमा प्रत्यक्ष वा प्रकारान्तर रूपले यी तत्त्वहरूलाई आत्मसात् गरेर लेखिएका छन् ।

## ४.३ निबन्धको वर्गीकरण

साहित्यका अन्य विधाहरूमध्ये निबन्ध अत्यन्त वैयक्तिक विधा हो । विषयवस्तु र भाषा शैलीको विविधता तथा रचनात्मक अनेकताका कारण निबन्ध स्वयम् जटिल बन्न पुगेको छ । त्यसकारण निबन्धको वर्गीकरणका लागि कुनै निश्चित आधार भेटाउन निकै कठिन छ । अतः यसको प्रकार विभाजन साहित्यिक अन्य विधाको जस्तो सहज र स्पष्ट रूपमा हुने सकेको देखिँदैन, तापनि विभिन्न विद्वान्हरूले आ-आफ्नै दृष्टिकोणअनुरूप यसलाई वर्गीकरण गरेको पाइन्छ ।

निबन्धहरू विषय र अभिव्यक्तिका आधारमा दुई प्रकारका हुन्छन्-

**क) विषयका आधारमा**

**अ) विषयनिष्ठ वा परात्मक निबन्ध**

विषयनिष्ठ निबन्धहरू विषयकै सेरोफेरोमा घुम्दछन् । यस्ता निबन्धमा निबन्धकार आफू तटस्थ रहन्छ र विषयवस्तुको चिनारी गराउने धुनमा रहन्छ । यसमा निबन्धकारको 'स्व' टड्कारो रुपमा प्रकट हुँदैन । निजानुभूतिको वास्ता नगरेर ...पर' वा वस्तुसत्यको यथार्थ चित्र प्रस्तुत गर्नु उसको मूल लक्ष्य हुन्छ (शर्मा, २०५५ : २७) ।

**आ) विषयीनिष्ठ वा निजात्मक निबन्ध**

विषयी भनेको व्यक्ति हो । व्यक्ती स्वयम् रङ्गिएको निबन्ध विषयीनिष्ठ वा व्यक्तिनिष्ठ निबन्ध हो । आत्मपरकता यस निबन्धको विशेषता हो  निबन्धमा 'म' तत्त्व स्वयम् भोक्ता र कर्ता भएर आएको हुन्छ । व्यक्तिका निजी अनुभव विचार र विद्वत्ता प्रदर्शन गर्ने खालका निबन्धहरू यस भेदमा समेटिन आउँछन् (शर्मा, २०५३ : २७) ।

**ख) अभिव्यक्तिका आधारमा**

अ) वर्णनात्मक निबन्ध

आ) विवरणात्मक निबन्ध

इ) विचारात्मक निबन्ध

ई) भावात्मक निबन्ध

## ४.३.१ आत्मपरक निबन्ध

आत्मप्रकाशन गरिएका निबन्धलाई आत्मपरक निबन्ध भनिन्छ । आत्मपरक निबन्धलाई निजात्मक निबन्ध पनि भनिन्छ । आत्मपरक निबन्ध विचारात्मक भावनात्मक र वैयक्तिक गरी तीन प्रकारका हुन्छन् (सुवेदी, २०५८ : ६३) ।

**क) विचारात्मक निबन्ध**

विचारको प्राधान्य र वुद्धि पक्षको सम्बर्द्धन भएका यस खालका निबन्धमा चिन्तनको निजात्मकता हुन्छ र सार्वभौम स्वीकृतिको अवस्था आग्रहमा प्रवाहित हुन्छ । गृहीत विषयलाई सिङपच्र्र जाँच्दै त्यसका पक्षविपक्ष वा सिद्धान्तको आग्रह भए जस्तो देखिने यस प्रकारका निबन्धमा भाषा साङ्केतिक, श्लेषात्मक र सङ्क्षिप्त हुनाका साथै समास शैलीको प्रयोग गरिएको हुन्छ । यस खालका निबन्धमा थोरैले धेरै भन्नु पर्ने भएकाले प्रत्येक शब्द र वाक्यले एक न एक विचार दिइरहेको हुन्छ ।

**ख) भावनात्मक**

विचार र वैयक्तिक अभिव्यक्ति भन्दा भाव पक्ष प्रवल भएको निबन्ध भावनात्मक निबन्ध हो । यसमा विशेषगरी हृदयको आग्रह हुन्छ । भावनात्मक निबन्धमा जीवन भोगाइका आशा निराशा, प्रेम, करूणा, परोपकार, देशभक्ति जस्ता विषयवस्तुलाई संवेदनात्मक तुल्याई सरस आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ (उपाध्याय, २०४९ : १९०) । यसमा तर्कवितर्कको कुनै स्थान हुँदैन । हृदयका उदात्त अनुभूतिहरू, तीव्र भावना र चरम भावुकता भावनात्मक निबन्धमा पाइन्छ । भावनात्मक निबन्धमा हार्दिकता, संवेदनशीलता र सौकुमार्यको प्रयोग गरिएको छ । यस्ता निबन्धहरू बढी रागात्मक र साङ्गीतिक हुन्छन् । भावनात्मक निबन्धलाई अधिकतम सरल, सुमधुर, कोमल र हृदयसंवेद्य बनाउन निबन्धकारले कल्पनाको सहायता लिएका हुन्छन् ।

**ग) वैयक्तिक**

व्यक्तिप्रधान निबन्धलाई वैयक्तिक निबन्ध भनिन्छ । निबन्धकारले आफ्नो भावनाहरूलाई निजी स्वरूप दिएर वा  जलप लगाएर निबन्ध रचना गर्दा वैयक्तिक निबन्धको सिर्जना हुन्छ । यस प्रकारको निबन्धमा व्यक्तिगत निर्णयका आधारमा यथार्थलाई आफैँ निष्कर्षमा उभ्याएर आफ्नै अभिमत सिद्ध गर्न प्रयत्न गरेको हुन्छ (सुवेदी, २०५३ : १३) । यस्ता निबन्धमा निबन्धकार एउटा कथावाचकझैँ देखिन्छ । वस्तुलाई टिप्दै त्यसलाई आत्मरागमा मुछेर

जीवनका सुखदुःख, हाँसोआँसु, हर्षविस्मात् र भावअभावहरू व्यक्त गर्नु वैयक्तिक निबन्धको मूल पहिचान हो ।

### ४.३.२ वस्तुपरक निबन्ध

कुनै खास विषयमा केन्द्रित भई त्यसका सम्बन्धमा वस्तुगत तथ्याङ्क, प्रमाण, तर्क आदि अघि सारेर ठोस किसिमले वौद्धिक भाषाशैलीको प्रयोग गरी लेखिएको निबन्धलाई वस्तुपरक निबन्ध भनिन्छ (अवस्थी, २०५५) । यसलाई परात्मक निबन्ध पनि भनिन्छ । लेख, प्रलेख, जीवनी, शोधलेख, शोध प्रबन्ध, भूमिका, सन्धिपत्र, सम्पादकीय, प्रतिवेदन, टिप्पणी, अन्तवार्ता र आलेख गरी विभिन्न उपविधामा विभक्त हुन सक्ने यस खालका निबन्धहरू वस्तु र तथ्यमा आधारित हुन्छन् । वस्तुपरक निबन्धमा आत्मपरकता गौण र वस्तुपरकता प्रधान हुन्छ (सुवेदी, २०५३ : १३) । वस्तु विश्लेषणका क्रममा कतैकतै भाव र कल्पना तत्त्व समेत प्रयोग हुन सक्ने यस खालका निबन्धहरूमा विषय वा वस्तुका बारेमा प्राप्त ज्ञानलाई क्रमबद्ध, व्यवस्थित सङ्क्षिप्त एवम् मौलिक पाराले प्रस्तुत गरिएको हुन्छ ।

यस्ता निबन्धमा लेखकको हेराइ, सोचाइ, लेखाइ प्रत्यक्ष रूपमा प्रस्तुत गरिएको हुन्छ । वस्तुपरक निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

#### क) वर्णनात्मक निबन्ध

वर्णन प्रधान निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ । कुनै विषयका बारेमा नालीबेली खुट्ट्याएर त्यसको वास्तविक रूप अगाडि ल्याउनाका साथै कुनै वस्तुतथ्यबारे लेखकको वस्तुपरक दृष्टि स्पष्टसँग पाठकसामु हस्तान्तरण गरिदिनु वर्णनात्मक निबन्धका गुण हुन् ( शर्मा, २०५७ :  २९) । यसमा विषयवस्तुको बाह्य पक्षको यथार्थ चित्रण गर्ने पद्धति भए तापनि लेखकमा सूक्ष्म निरीक्षणको अपेक्षा गरिएको हुन्छ । निबन्धकारमा विषयगत सचेतता, सूक्ष्म निरीक्षण र वर्ण्य विषयलाई मौलिकताको जलप लगाएर वर्णन गर्न सक्ने क्षमता अनिवार्य हुन्छ (रिमाल, २०५७ : २९) । वर्णनात्मक निबन्धमा सरल तथा सुबोध शैलीको प्रयोग हुनाका साथै अलङ्कृत र प्राञ्जल भाषाको प्रयोग हुने भएकाले यो प्रभावकारी र जीवन्त हुन्छ ।

**ख) विवरणात्मक निबन्ध**

घटना वा वृत्तान्तको बेलीबिस्तार गरिएको विवरणप्रधान निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । यसमा घटनाको क्रमबद्ध वर्णन र निबन्धकारको आत्मीयता अनिवार्य मानिन्छ । विवरणात्मक निबन्धमा घटनाको पूर्वापर सम्बन्ध परिमाणतः जन्मेका उत्तरोत्तर घटनाहरू र समाजमा तत्काल परेको प्रतिक्रिया आदिको रोचक तथा सङ्क्षिप्त चर्चा गरिन्छ ( शर्मा २०५७ : ३०) । यस्ता निबन्धमा प्रायः प्राचीन एवम् आधुनिक सत्य, काल्पनिक तथा अतीतकालीन घटना, युद्ध, यात्रा, शासन प्रणाली, जीवनी कुनै जाति विशेषको रीति, स्थिति ऐतिहासिक तथा पौराणिक आख्यानको समावेश गरिन्छ (उपाध्याय, २०५७ : ५९) ।

## ४.४ नेपाली निबन्ध परम्परा

निबन्ध गद्यमा लेखिने साहित्य विधा हो, त्यसैले गद्य लेखनको विकासलाई निबन्ध लेखनको पूर्वाधार मान्न सकिन्छ । आधुनिक प्रचलित निबन्धको सुरुवात पाश्चात्य साहित्यको फ्रान्सेली साहित्यकार मोन्तेनले सोह्रौ शताब्दीमा गरेका थिए (सुवेदी, २०५३ : ५८) । नेपाली साहित्यमा निबन्धले आफ्नो प्रभाव जमाउनु पूर्व गद्य लेखनको चेष्टा भएको पाइन्छ । यहीँबाट नेपाली निबन्धले आफ्नो पूर्वाधार प्राप्त गरेको पाइन्छ ।

नेपाली साहित्यको इतिहासमा आजसम्म प्राप्त हुन सकेका नेपाली गद्यका नमुनाहरूमा पृथ्वीनारायण शाहको दिव्योपदेश (१८३१) नै निबन्धात्मक गुणले युक्त पहिलो कृति हो (शर्मा, २०५१ : ३) । यस रचनाले नेपाली साहित्यको इतिहासमा समेत नवीनतम आयाम थप्ने काम गरेको छ । दिव्योपदेशको लेखन समयदेखि लिएर आजसम्मको विकासक्रमलाई हेर्दा नेपाली निबन्ध परम्परालाई तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छः

प्राथमिक काल (पृष्ठभूमि काल) (वि. सं. १८३१ देखि १९५७ सम्म)

माध्यमिक काल (निर्माण काल) वि. सं. १९५८ देखि १९९२ सम्म)

आधुनिक काल (विकास काल वि. सं. १९९३ देखि हालसम्म)

### ४.४.१ प्राथमिक काल (१८३१-१९५७)

प्राथमिककालीन गद्यलाई हेरेर निबन्धकै कोटिमा राख्न नमिल्ने देखिए पनि ती निबन्धको पृष्ठभूमि बनेका छन् किनभने ती कृतिहरूमध्ये कतिपय चाहिँ आख्यानेत्तर गद्य भाषामा लेखिएका छन् । पृथ्वीनारायण शाहको दिव्योपदशलाई यसको थालनी मानेर हेर्दा त्यसपछिका कृतिमा माथि लेखिएका विशेषता पाइने देखिन्छ । यस क्रममा उल्लेखयोग्य कृतिमध्ये रामभद्रपाध्या रेग्मीको **लक्ष्मीधर्म सम्वाद** (१८५१), वाणिविलास पाण्डेको **वाग्मती पुल स्तम्भ अभिलेख** (१८६८), दैवज्ञ केशरी अर्यालको **गोरक्ष योगशास्त्र** (१८७७), सन्त **शशीधरको वाणीपनिषद्** (१८८९) आदि उपलब्ध छन् ।

साहित्यिक गुणका दृष्टिले यस कालमा देखापरेका महत्त्वपूर्ण कृतिहरू हुन्- बेनामी **जङ्गबहादुरको बेलायत यात्रा** (१९९०), **बेनामी बत्तीस सालको रोजनाँम्चा** (१९३२), मोतीराम भट्टको **कवि भानुभक्ताचार्यको जीवनचरित्र** (१९४८) र चिरञ्जीवी शर्माको **आफ्नु कुरा** ( १९५५) आदि रहेका छन् । यी कृतिहरू नेपाली गद्यको ऐतिहासिक विकासका महत्त्वपूर्ण उपलब्धि मान्नाको कारण के हो भने यी कृतिहरूले नेपाली गद्यको फाँटलाई फराकिलो पारेका छन् । यात्रा तथा जीवनी साहित्यसँग नै सम्बन्धित भए तापनि नेपाली गद्य विकासको प्रवाह यी कृतिहरूमा प्रतिबिम्बित भएको पाइन्छ । पृष्ठभूमि कालमा नेपाली गद्यको जुन रूप तथा प्रकृति रहेको पाइन्छ । त्यससँग नेपाली निबन्धलाई शृङ्खलाबद्ध गर्नु ऐतिहासिक दृष्टिले औचित्यपूर्ण हुन्छ । यिनले माध्यमिककालीन निबन्धको थालनीमा पूर्वाधार तयार गरेका छन् ।

### ४.४.२ माध्यमिक काल (१९५८-१९९२)

गारखापत्र (२०५८) को प्रकाशन सँगसँगै नेपाली निबन्ध विधाको माध्यमकि काल सुरु भएको मानिन्छ । साहित्यको विकासका लागि पत्रपत्रिकाको ठूलो योगदान रहन्छ । यस समयमा नेपाल बाहिर पनि धेरै पत्रपत्रिकाहरू प्रकाशित भएका देखिन्छन् । तीमध्ये **सुन्दरी** ( १९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **जन्मभूमि** (१९७९), **गोरखा संसार** (१९८२), **नेपाली साहित्य सम्मेलन** (१९८९), आदि नेपाली निबन्धको विकासमा योगदान पुऱ्याउने पत्रिकाहरू हुन् । माध्यमिक कालका थुप्रै स्रष्टाहरूले निबन्धमा कलम चलाएको पाइन्छ । यसकालका निबन्धकारहरू हरिहर आ.दी., वीरेन्द्रकेशरी, राममणि आ.दी., पद्मनाभ सापकोटा आदि हुन् ।

यस कालका निबन्धमा साहित्यसेवा, चरित्रसुधार, नैतिकता आदि विषयवस्तु बनाएको पाइन्छ । नेपालीपनको उत्थानका लागि जागृतिको सन्देश दिने प्रयत्न यस कालका निबन्धले गरेका छन् र तिनीहरू आधुनिक निबन्धको आधारशिला बन्न पुगेका छन् ।

### ४.४.३ आधुनिक काल (१९९३-हालसम्म)

वि.सं. १९९१ मा काठमाडौँबाट **शारदा** पत्रिकाको प्रकाशन हुन थाल्यो । यसै पत्रिकामा वि.सं. १९९३ मा लक्ष्मीप्रसाद देवकोटाको **आषाढको पन्ध्र** निबन्ध प्रकाशित हुन्छ । यो नै नेपाली निबन्ध साहित्यको पहिलो आधुनिक निबन्ध हो (श्रेष्ठ पूर्ववत् : १४१) । सर्वप्रथम देवकोटाले पाश्चात्य ढङ्गले पूर्ण निजात्मक निबन्ध नेपाली साहित्यलाई दिए । विषयवस्तुमा नवीन मानसिक चेतना भएका कारणले पनि देवकोटाको आषाढको प्रन्ध १९९३ लाई पहिलो आधुनिक निबन्ध मानिएको हो । वि. सं. १९९३ देखि हालसम्मको विकासको गतिलाई हेरी आधुनिक नेपाली निबन्धका परम्परालाई प्रथम, द्वितीय र तृतीय गरी तीन चरणमा बाँडी हेर्न सकिन्छ-

### ४.४.३.१ प्रथम चरण (१९९३-२००३)

वि.सं. १९९३ मा प्रकाशित देवकोटाको **आषाढको पन्ध्र** निबन्धले देवकोटामा रहेको निजात्मक सौन्दर्य चेतनालाई पहिलोपल्ट उद्घाटन गर्‍यो । यस निबन्धले कला र सौन्दर्यको नयाँ मूल्यलाई प्रतिष्ठापित गर्न गहन भूमिका खेलेको कुरा स्पष्ट हुन्छ । आधुनिक निबन्धको प्रथम चरणको नेतृत्व देवकोटाले गरेका हुन् र यस चरणमा स्वच्छन्दतावादी धाराको प्रभुत्व रहेको छ (सुवेदी, २०५३ : १६) । यस चरणका निबन्धकारहरूमा विचारभन्दा बढ्ता भाव र अन्तर्मुखी चिन्तनका पक्षहरू स्थापित भएका छन् । यस चरणमा कलम चलाउने अन्य निबन्धकारहरूमा बाबुराम आचार्य, बोधविक्रम अधिकारी, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, रुद्रराज पाण्डे, नरेन्द्रमणि आ.दी. बालकृष्ण सम, बद्रीनाथ भट्टराई, भेषराज शर्मा, हृदयचन्द्रसिंह प्रधान, यदुनाथ खनाल आदि हुन् । यसै चरणमा आलोचनात्मक यथार्थवादी प्रवृत्तिको पनि बीजारोपण भएको छ र यसको नेतृत्व चाहि हृदयचन्द्रसिंह प्रधानले गरेका छन् ।

### ४.४.३.२ द्वितीय चरण (२००४-२०३५)

आधुनिक नेपाली निबन्धको द्वितीय चरण **युगवाणी** (२००४) बाट सुरु भएको पाइन्छ । यस चरणमा **साहित्य स्रोत** (२००४), **जनसाहित्य** (२०११), **दियालो** (२०१३), **नौलो पाइलो** ( २०१३) आदि पत्रिकाले निबन्धको विकासमा ठूलो योगदान पुर्‍याएका छन् । मूलतः यस चरणमा दुईओटा प्रवृत्ति लिएर निबन्धकारहरू देखा पर्दछन् । यस चरणमा देखा परेका निजात्मक एवम् बौद्धिक चिन्तनधारा एउटा प्रवृत्ति हो भने विचारपरक आलोचनात्मक अर्को यथार्थवादी धारा हो । पहिलो प्रवृत्तिको नेतृत्व शंकर लामिछानेबाट भएको छ भने दोस्रो प्रवृत्तिको नेतृत्व श्यामप्रसाद शर्मा र भैरव अर्यालबाट भएको छ । यस आधारमा पहिलो धारमा पर्ने निबन्धकारहरूमा रामकृष्ण शर्मा, कमल दीक्षित, इन्द्रबहादुर राई, लोकराज बराल, नगेन्द्र शर्मा, बालकृष्ण पोखरेल, श्रीधर खनाल, रामकृष्ण पाँडे, कृष्णप्रसाद पराजुली र वासुदेव त्रिपाठी आदि हुन् भने दोस्रो धारमा पर्ने निबन्धकारहरूमा रमेश विकल, पारिजात, आनन्ददेव भट्ट, लीलाध्वज थापा, चूडामणि रेग्मी, वल्लभमणि दाहाल, बालमुकुन्ददेव पाण्डे, वासुदेव लुइटेल, तारानाथ शर्मा, मोदनाथ प्रश्रित, रामलाल अधिकारी, कृष्णचन्द्रसिंह प्रधान आदि हुन् ।

यस चरणका केही प्रतिभा क्रान्तिकारी स्वच्छन्दतावादी देखिन्छन् भने केही प्रतिभा प्रगतिमूलक यथार्थवादी देखिन्छन् । शिल्पका दृष्टिले यस चरणको नेतृत्व गर्नेहरूमा चेतनप्रवाह पद्धतिका क्षेत्रमा शंकर लामिछाने, यात्राको क्षेत्रमा तारानाथ शर्मा, हास्यव्यङ्ग्यको क्षेत्रमा भैरव अर्यालको शीर्षस्थ स्थान छ । वि. सं. २००७ को राजनैतिक परिवर्तनपछि निबन्धको फाँट पनि निकै मलिलो देखिएको छ । ज्ञानविज्ञानका विविध क्षेत्रको सम्पर्कले गर्दा निबन्धमा भावको उच्छलन गर्दा बौद्धिकताको घोत्ल्याइँ बढी भएको पाइन्छ ।

समाजका धार्मिक, प्रशासनिक एवम् सांस्कृतिक विसङ्गतिका पक्षहरूलाई देखाउनका साथै राजनैतिक एवम् आर्थिक विसङ्गतिहरूलाई प्रहार गर्दै व्यङ्ग्य गर्ने निबन्धहरू यस युगका उपलब्धिपूर्ण सामग्री हुन् ।

### **४.४.३.३ तृतीय चरण (२०३६ देखि हालसम्म)**

वि.सं. २०३६ देखि वर्तमानसम्मको अवधिलाई आधुनिक नेपाली निबन्धको तेस्रो चरण मानिन्छ । यसलाई समसामयिक चरणसमेत भन्ने गरिएको छ । यस चरणमा **मधुपर्क**, **नेपाली**, **रचना**, **प्रज्ञा** र **गरिमा** आदि पत्रिकाहरूले निबन्ध लेखनमा योगदान पुऱ्याइरहेका छन् । यस चरणका निबन्धहरूमा विषयमा विविधता, शैलीमा अभ्यास, प्रयोग र सुदृढीकरणको समन्वय भएको पाइन्छ । विविध किसिमको चिन्तन, खोजमूलकता, परम्परित मार्गमा थप वैशिष्ट्ता यस चरणका मूलभूत प्रवृत्तिहरू हुन् । समाजमा आएका विकृति, विसङ्गतिका साथै प्राकृतिक संसाधनमा आएका विकृतिहरू, भौतिक स्रोत, साधनका विनासहरू देशका युवावर्गमा बढ्दै गएको अनुशासनहीनता, अकर्मण्यता, अन्तर्राष्ट्रिय क्षेत्रबाट गरिएको राजनैतिक र आर्थिक थिचोमिचो, नारी अस्मितामाथिका क्रयविक्रय, बलात्कार, हत्या, आतङ्क र गुण्डागर्दी आदि समाजका विद्यमान विसङ्गतिले जन्माएका विकृतिमाथि तीव्र प्रहार गर्ने निबन्धकारहरू हुन्- माधवप्रसाद पोखरेल, निर्मोही व्यास, यादव खरेल, रामणि रिसाल, गोपीकृष्ण शर्मा, मोहनराज शर्मा, राजेन्द्र सुवेदी, किशोर नेपाल, मनुजबाबु मिश्र, पद्मरत्न तुलाधार, मेघराज शर्मा, पिताम्बर शर्मा, सुधा त्रिपाठी, विश्वप्रेम अधिकारी घनश्याम ढकाल, यमबहादुर पौडेल क्षेत्री शारदा शर्मा, राजेन्द्र चापागाई, युवाराज नयाँघरे, सुकुम शर्मा, लालगोपाल सुवेदी, नरेन्द्रराज प्रसाइँ, प्रेमराज लुइटेल, गायत्री लम्साल, सुन्तली रानाभाट रहेका छन् ।

## ४.५ निष्कर्ष

समग्रमा यस चरणमा लिखित निबन्धहरूले मानव मात्रको नैसर्गिक अधिकारमाथि भइरहेको अतिक्रमणलाई उखेल्न र फ्याँक्नका लागि गरेका प्रयासहरू यस अवधिका निबन्धका उपलब्धिहरू हुन् । वर्तमानका विकृत पक्षहरूलाई समेत निबन्धात्मक परिस्थितिको मर्यादा प्रदान गर्ने यस समयका निबन्धहरू निकै गरिमायुक्त छ । यस चरणलाई निबन्धको वर्तमानकालीन उपलब्धि मान्नु वाञ्छनीय ठहर्छ ।

## पाँचौं परिच्छेद

# मकवानपुर जिल्लाका निबन्धकार तथा तिनका निबन्ध र निबन्ध सङ्ग्रहको अध्ययन

### ५.१ विषय प्रवेश

नेपाली साहित्यलाई सर्वेक्षण गरेर हेर्दा साहित्यका विभिन्न विधामध्ये निबन्ध कान्छो विधा मानिएको छ । नेपाली साहित्यमा पृथ्वीनारायण शाहको (दिव्योपदेश १८३१) लाई पहिलो निबन्धकार कृति मानिएको छ । यही रचनालाई आधार मानेर निबन्धको इतिहास खोतल्ने हो भने त्यसपछिका भानुभक्तको (**हितोपदेश मित्रलाभ** १८३३) शक्तिबल्लभको **हास्यकदम्ब** ( १८५५) सुन्दरानन्द बाँडाको **त्रिरत्न सौन्दर्य गाथा**
(१८९०) र भवानीदत्त पाण्डेको **मुद्राराक्षस** (१८९२) प्रारम्भिक कालमा उल्लेखनीय छन् (शर्मा, २०५७ : ३३) ।

नेपाली निबन्ध साहित्यको प्रारम्भिक काल पछि यसको स्वरूपको विकास हुँदै माध्यमिक कालमा आइपुग्दा नेपालभित्र तथा नेपालबाहिर निबन्धको विकास हुन थाल्यो । नेपालभित्रको निबन्ध विकासमा १९५८ मा सुरुभएको **गोर्खापत्र** पत्रिकाले महत्त्वपूर्ण भूमिका खेल्यो भने नेपालबाहिरका **सुन्दरी** (सं. १९६३) **माधवी** (१९६५) **चन्द्र** (१९७१) आदि पत्रिकाले पनि ठूलो योगदान पुऱ्याए । माध्यमिक कालमा खरसाङबाट प्रकाशित **चन्द्रिका** (१९७५) मा प्रकाशित शम्भुप्रसाद ढुङ्गेलको 'महेन्द्रमल्ली' र 'प्रेम' आदि निबन्धले बाटो देखाए भने काठमाडौँबाट प्रकाशित **शारदा** (१९९१) पत्रिकामा बालकृष्ण समको 'बर्दहामा शिकार' (१९९१ फागुन) लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' र 'पहाडी जीवन' (१९९२) ले नेपाली निबन्धलाई पूर्णाकारमा ढाली यसको व्यापकतामा ठूलो योगदान गरे । नेपाली निबन्धले यसबाट फैलने मौका पायो र नेपालभित्रकै विभिन्न साहित्यकारहरूले निबन्ध विधामा कलम चलाउन थाले (शर्मा, २०५७ : ३४) ।

## ५.२ मकवानपुर जिल्लामा निबन्ध लेखनको आरम्भ

मकवानपुर जिल्लाको निबन्ध लेखनको आरम्भलाई खोज्दै जाँदा अग्रज निबन्धकारका रूपमा प्रगतिवादी साहित्यकार श्यामप्रसाद शर्मा देखा पर्छन् तर उनको कुन निबन्ध कहिले र कुन पत्रिकामा प्रकाशित भयो भन्ने कुरा अज्ञात नै छ । साथै उनको कर्मथलो मकवानपुर बन्न नसकेको देखिन्छ । 'अभिव्यक्ति' द्वैमासिक पत्रिका (२०५०) मा दिइएको जानकारी अनुसार २०२४ सालतिर रामचन्द्र आचार्य 'फुर्सती' को 'स्याल आरती' पहिलो निबन्धका रूपमा रहेको छ । उक्त निबन्ध 'अर्पण' मासिक पत्रिकामा प्रकाशित भएको थियो । त्यसपछि उनकै चारवटा निबन्धहरू समेटिएको विविध रचनाहरूको सङ्ग्रह **फेरीपनि कुर्णेश** (२०३९) प्रकाशित भएको देखिन्छ । त्यसपछि निबन्ध परम्परालाई अगाडि बढाउने क्रममा आर.सी. रिजालले शोधकर्तालाई दिएको जानकारी अनुसार आर.सी. रिजालको 'कवि बन्ने धुनमा' शीर्षकको निबन्ध २०२८ सालमा 'रातो सूर्य' नामक पत्रिकामा प्रकाशित भएको थियो र यो निबन्ध उनको निबन्ध सङ्ग्रह '**हाकिमको खप्पर**' (२०६३) मा सङ्ग्रहित छ । त्यसपछि यसै परम्परालाई निरन्तरता दिँदै निबन्ध लेखनमा क्रियाशील निबन्धकारहरूमा नवराज शर्मा ( तिमिल्सिना) यादवप्रकाश शर्मा, आर.आर. चौलागाईं, श्याम भारद्वाज, भीम विराग, श्यामकुमार बानियाँ, देवराज खरेल, आनन्दराज पौडेल रामहरि श्रेष्ठ, सञ्जय साह, सुवास खनाल, टङ्कनाथ पराजुली रमेशमोहन अधिकारी, मृदुला शर्मा, सुमन कोइराला, हयग्रीव आचार्य, कुरेश पाण्डे, देवराज न्यौपाने आदि रहेका छन् । यी मध्ये कतिपय निबन्धकारहरूका एकाध निबन्धहरू पत्रपत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन् भने कतिपय निबन्धकारहरूका निबन्ध अप्रकाशित पाण्डुलिपिका रूपमा रहेका छन् (रामचन्द्र आचार्यबाट प्राप्त जानकारी)।

## ५.३ मकवानपुर जिल्लाका निबन्धकार तथा तिनका निबन्ध र निबन्ध सङ्ग्रहहरू

मकवानपुर जिल्लालाई थुप्रै निबन्धकारहरूले आफ्नो लेखन क्षेत्र बनाएका छन् । यस जिल्लाका निबन्धकारहरूले आफ्ना फुटकर निबन्ध विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गरेका छन् भने सङ्ग्रहका रूपमा पनि केही निबन्धकारहरूले आफ्नो कृति प्रकाशन गरेका छन् । हालसम्म यस जिल्लाका विभिन्न निबन्धकारहरूका नौ वटा निबन्ध सङ्ग्रह र १५ वटा फुटकर

निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । निबन्धहरूको विवरण यस प्रकार रहेको छ ।

| क्र. सं. | निबन्धकारको नाम | निबन्ध सङ्ग्रह | प्रकाशन मिति | प्रकाशक | कैफियत |
|---|---|---|---|---|---|
| १ | रामचन्द्र आचार्य 'फुर्सती' | क) **स्याल आरती**<br>ख) **फेरि पनि कुर्णेश** | २०२४<br>२०३९ | स्वयम्<br>स्वयम् | अप्राप्त |
| २ | आर. सि. रिजाल | क) **कुकुरको पुच्छर**<br>ख) **कण्ठ लङ्गौटी**<br>ग) **हाकीमको खप्पर** | २०५५<br>२०५७<br>२०६३ | स्वयम्<br>स्वयम्<br>स्वयम् | |
| ४ | भीम विराग | क) **स्वरसम्राटको सम्झना** | २०५६ | स्वयम् | |
| ४ | श्याम भारद्वाज | क) **कहीँ नभएको जात्रा हाँडीगाउँमा**<br>ख) **साम्देन बा र ज्योतिष बाजे** | २०५८<br>२०६३ | लक्ष्मी भारद्वाज | |
| ५ | रमेशमोहन अधिकारी | क) **सम्झनाको सेरोफेरो** | २०६३ | प्रतिक प्रकाशन | |

## फुटकर निबन्धहरू

| क्र. सं. | निबन्धकारको नाम | निबन्ध | प्रकाशन मिति | पत्रिकाको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | रुद्रनाथ न्यौपाने | क) **वन भ्रमण** | २०५७ | वार्षिक मुखपत्र | |
| २ | आर. आर. चौलागाईं | क) **खुट्टा तान्ने खेल**<br>ख) **खोलो तरेपछि** | २०५४<br>२०५७ | हेटौंडा बुलेटिन<br>सगर | |
| ३ | देवराज खरेल | क) **म** | २०६७ | मधुपर्क | |
| ४ | अनन्तराज न्यौपाने | क) **शरणागति औचित्य** | २०६२ | शरणागति सन्देश | |
| ५ | सुवास खनाल | क) **म रोबर्ट** | २०६७ | मधुपर्क | |
| ६ | नवराज न्यौपाने | क) **साउदिमा पाँच वर्ष** | २०६५ | हेटौंडा सन्देश | |

## ५.४ मकवानपुर जिल्लाका निबन्धकार र उनीहरूका निबन्ध सङ्ग्रहहरू

### ५.४.१ भीम विरागको समान्य परिचय

विरगञ्जको माइस्थानमा जन्मेका भीम विराग (१९९१-२०६८) को साहित्यिक यात्राको सातौं कृतिको रूपमा २०५७ मा प्रकाशित **स्वरसम्राटको सम्झना** उनको लेख-निबन्ध विधाको पहिलो कृति हो । उनी निबन्धकारका साथै कवि, गायक, सङ्गीतकार, कथाकारका रुपमा पनि परिचित छन् ।

### ५.४.१.१ स्वरसम्राटको सम्झना निबन्ध सङ्ग्रहको सङ्क्षिप्त विवेचना

स्वरसम्राट नारायण गोपालको शवयात्राको टेलिकास्ट हेरिरहेको बेलामा भीम विरागकै घरमा डेरा गरी बस्ने वर्माका वासिन्दा मोङ्गको प्रेरणाबाट लेखिएको प्रस्तुत संस्मरणले एकातर्फ स्वरसम्राटको व्यक्तित्वलाई बहन गरेका छ भने अर्कातर्फ विरागको लेखन शैलीलाई पाठक सामु ल्याएको छ । भीम विराग र नारायण गोपाल बीचको मित्रता एवम् जीवनमा बिताएका व्यक्तिगत घटनाहरूलाई संस्मरणका रूपमा उल्लेख गरिएको प्रस्तुत कृतिको साहित्यिक महत्त्व कम भए पनि सङ्गीत क्षेत्रमा एक ऐतिहासिक कृतिका रूपमा महत्त्व राख्न सफल छ ।

कतै संस्मरणात्मक शैली कतै संवादात्मक शैलीलाई अंगालेर लेखिएको यस कृतिमा सहज सरल भाषाको प्रयोग गरिएको छ । स्वरसम्राट नारायण गोपालको गायक व्यक्तित्व राष्ट्रवादी व्यक्तित्व, प्रशासक व्यक्तित्व माथि प्रकाश पार्दै उनको बहुआयामिक व्यक्तित्व देखाइएको भीम विरागको प्रस्तुत कृतिले महत्त्वपूर्ण स्थान हासिल गरेको देखिन्छ ।

### ५.४.२ निबन्धकार आर.सी. रिजाल र उनका निबन्ध सङ्ग्रहहरूको  विवेचना

### ५.४.२.१ आर.सी. रिजालको सामान्य परिचय

वि.सं. २००९ चैत्र ११ गते मकवानपुरको गढीमा जन्मिएका निबन्धकार आर.सी. रिजाल व्यङ्ग्य निबन्धकार हुन् । वि. सं. २०२७/०२८ देखि नै साहित्य रचनामा लागेका रिजालका 'कुकुरको पुच्छर', 'कण्ठलङ्गौटी' र '**हाकिमको खप्पर**' गरी तीनवटा हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् । उपन्यास, कथा, निबन्ध, कविता जस्ता साहित्यका विविध विधामा कलम चलाए पनि उनको रुचि व्यङ्ग्य निबन्ध लेखनमा नै बढी रहेको कुरा रिजालले यस शोधकर्तालाई जानकारी दिएका
थिए । यिनका साहित्यिक रचनाहरू **कुराकानी** (साप्ताहिक), **प्रयास** (त्रैमासिक), **बुधबार** ( साप्ताहिक), **बलिदान**, (साप्ताहिक) लगायत स्थानीय एवम् राष्ट्रिय स्तरका साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् ।

### ५.४.२.२ 'कुकुरको पुच्छर' निबन्ध सङ्ग्रहको सङ्क्षिप्त विवेचना

#### क) पृष्ठभूमि

निबन्धकार आर.सी. रिजालको पहिलो निबन्ध सङ्ग्रह **कुकुरको पुच्छर** २०५५ मा प्रकाशित भएको हो । यस निबन्ध सङ्ग्रहभित्र १५ वटा निबन्धहरू सङ्कलित छन् ।

रिजाल ले साहित्यक्षेत्रमा प्रवेश गर्दाको समय (२०२८) मा नेपालको राजनैतिक अवस्था नाजुक थियो । त्यसको प्रभावले सामाजिक असर पर्नुका साथै मानिसमा आधुनिक कहलिने, राजनीतिको नाममा ब्रम्हलूट गर्ने, शोषणको फाइदा उठाउने जस्ता प्रवृत्तिहरू बढ्दै गइरहेको थियो । यसकै परिणामस्वरुप २०४६ सालमा आएको प्रजातन्त्र केवल शोषक सामन्ती र भ्रष्टाचारीहरूको लागि मात्र प्रजातन्त्र बन्यो । पार्टीहरूको राजनैतिक स्वार्थका कारण हड्ताल, चक्काजामजस्ता घटना दिनानुदिन बढ्दै जान थाले । यस्ता घटनाहरूले समाजमा आफ्नो संस्कृतिप्रति पनि वितृष्णा जन्माउन थाल्यो । यिनै विविध घटना र परिवेशलाई विषयवस्तु बनाएर रिजालले यस सङ्ग्रहका निबन्धहरू लेखेका छन् ।

## ख) संरचना

विभिन्न किसिमका विषयवस्तुलाई समेटेर तयार पारिएको प्रस्तुत ‘कुकुरको पुच्छर’ निबन्ध सङ्ग्रहको कलेवर १५ ओटा निबन्धहरूबाट तयार पारिएको छ । जसमध्ये सबैभन्दा लामो आयामको निबन्ध ‘धत्तेरिका’ हो, भने सबैभन्दा छोटो निबन्ध ‘भ्रष्टेश्वर महादेव’ हो, निबन्धकार स्वयंमले प्रकाशित गरेको प्रस्तुत निबन्ध सङ्ग्रहमा निजी गन्थन शीर्षक दिए र लेखकले आङ्नो कुरा लेखेका छन् । यस बाहेक अन्य साहित्यकारहरूको भूमिका रहेको छैन । यस सङ्ग्रहको शीर्षक यसै सङ्ग्रहभित्रको ‘कुकुरको महिमा’ शीर्षकको निबन्धसँग मिल्दोजुल्दो विषयवस्तुलाई समेट्ने ‘कुकुरको पुच्छर’ राखिएको छ । यस सङ्ग्रहभित्रका निबन्धहरू क्रमशः तँलाई गोरु, नैतिकताको ग्रन्थिमा क्यान्सर, धत्तेरिका, राम्रो म, भ्रष्टेश्वर महादेव, खुट्टा तान्नु, कुकुरको महिमा, आधुनिक र मान्छेको मोडेल, प्रजातन्त्र कान्छा-कान्छी, भीमसेनको बोका र कस्तुरी मृग, राजधानीको चलन, वैतरणी, माया र फराँस कान्छा हुन् ।

## ग) विषयवस्तु

‘कुकुरको पुच्छर’ निबन्ध सङ्ग्रहमा समावेश गरिएका निबन्धहरूमा राजनैतिक, सांस्कृतिक, सामाजिक, शैक्षिक, प्रशासनिक आदि क्षेत्रसँग सम्बन्धित विषयवस्तु रहेका छन् । यहाँ क्रमशः यी विषयवस्तुमा आधारित निबन्धहरूको चर्चा गरिएको छ ।

***सामाजिक विषयवस्तुमा आधारित निबन्धहरू***

निबन्धकार आर.सी. रिजालले सामाजिक विषयवस्तुलाई विशेष रूपमा निबन्धको विषयवस्तु बनाएका छन् । उनको यस सङ्ग्रहको पहिलो निबन्ध ‘तँलाई गोरु’ मा परिश्रमी व्यक्तिको प्रतीक ‘गोरु’ र मिचाहाको प्रतीक ‘साँढे’ लाई प्रस्तुत गरेर हाम्रो समाजमा साँढेलाई पूज्ने र गोरुलाई अपहेलना गर्ने प्रवृत्तिलाई देखाएका छन् ।

त्यसैगरी ‘राम्रो म’ निबन्धमा ‘म’ को वैशिष्ट्य दर्शाउँदै ‘म’ बाट उब्जिएका मानसिक विकृतिहरूकै कारणले समाजमा कर्तव्यको पथबाट विचलित भएका मानिसहरूको स्वार्थी चरित्रलाई विषयवस्तु बनाएका छन् ।

'भीमसेनको बोका' र 'कस्तुरी मृग' निबन्धमा समाजका भ्रष्ट आचरणको दुर्गन्धबाट दुर्गन्धित व्यक्तिहरूलाई भीमसेनको बोका र असल काम गर्ने सज्जन व्यक्तिलाई कस्तुरी मृग रूपमा चित्रित गर्दै यसबाट समाजको विकृति विसङ्गतिलाई प्रस्तुत गरेका छन् ।

'कुकुरको महिमा' निबन्धमा हरेक दृष्टिकोणबाट मान्छेभन्दा कुकुरको महत्त्व बढी छ भन्ने कुरा दर्शाउन निबन्धकारले अन्तरीक्ष देखि कुकुर रतिक्रियासम्मको वर्णन गरेका छन् । जुन परिधिबाट हेरे पनि मानिसभन्दा कुकुर श्रेष्ठ छ भन्ने कुरा देखाइएको यस निबन्धमा कुकुरकै चरित्रलाई विषयवस्तु बनाइएको छ ।

'फराँस कान्छा' निबन्धमा फराँस कान्छालाई पात्र बनाई उसको बाबुको मृत्यु देखाउँदै फराँस खेल्न छाडेर ऊ बाबुको दाहसंस्कार गर्न जान हिचकिचाएको घटनालाई विषयवस्तु बनाएका छन् । त्यसैगरी पाण्डवको वनवासको प्रसङ्ग, राणाकालमा तिहारमा टुँडिखेलमा पाल टाँगेर जुवा खेलाइने प्रसङ्ग र प्रहरीले लखेटेको प्रसङ्ग पनि निबन्धमा आएका छन् ।

'माया' निबन्धमा मायाको वास्तविक स्वरूपलाई कोट्याउने क्रममा सुन्तली र ठूलेको विवाह, पुर्ल र रामेश्वर शर्माको मित्रता, सन्तानको माया र मदरटेरेसाको अनाथप्रतिको स्नेहलाई विषयवस्तु बनाइएको छ ।

*राजनैतिक विषयवस्तुमा आधारित निबन्धहरू*

निबन्धकार रिजालले राजनैतिक विषयवस्तुमा आधारित निबन्धहरू पनि उत्तिकै खुवीका साथ लेखेका छन् । यस सङ्ग्रहमा राजनैतिक विषयवस्तुमा आधारित निबन्धहरू चार वटा रहेका छन् ।

'नैतिकताको ग्रन्थिमा क्यान्सर' निबन्धमा फटाहा नेताहरूको नैतिकतामा बेइमानीको क्यान्सर लागेको, त्यो रोग लागेको कारणले नेताहरूले तराइबाट ट्रकमा लादिएर जाने राँगा भैसी सजिलै पचाउने मात्र होइन, युरिया मल ,जेट-प्लेन, जग्गा-जमिन, गाडी, टेलिफोन, सुनचाँदी, जङ्गल नदी, बारुद सबै पचाउन सक्ने कुरालाई विषयवस्तुका रूपमा उठाइएको छ । वि. सं. २००७ पछि पनि देशको गति उही हुनाको कारण नेताहरूको नैतिकताको ग्रन्थिमा

क्यान्सर लागेकाले भन्ने प्रसङ्गलाई प्रस्तुत गरिएको छ । समग्रमा राजनीतिमा देखिएको स्वार्थी र लुच्चापनालाई नै निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

'खुट्टा तान्नु' निबन्धमा खुट्टा तान्ने प्रवृत्ति एउटा सरुवा रोग हो र यसले सब भन्दा पहिले राजनीतिको क्षेत्रमा प्रवेश गरी सम्पूर्ण राजनीतिज्ञहरूलाई रोगी बनाइसकेको छ र अब सम्पूर्ण मानिसलाई नै छुन थालेको कुरालाई निबन्धकारले प्रस्तुत गरेका छन् ।

'प्रजातन्त्र' निबन्ध पनि पूर्ण रूपमा राजनैतिक विषयवस्तुलाई आधार बनाएर लेखिएको निबन्ध हो । यस निबन्धमा गाउँको एउटा मजदुर मानेले 'प्रजातन्त्र' हेर्ने इच्छाले काठमाडौँको सबै ठाउँमा खोजेको तर कहीँ नभेटेको कुरा देखाइएको छ ।

'धत्तेरिका' निबन्धमा पार्टीगत विभेदताका कारण दाजुभाइमा समेत वैमनस्य बढेको र यस्तो प्रवृत्तिले आफ्नै कुभलो गर्छ भन्ने कुरा अभयप्रसाद र निष्पक्षप्रसाद नामका दुई पात्रहरूको माध्यमबाट देखाइएको छ । यी दुई पात्रबीच पार्टीका नाममा चलेको विवाद नै यस निबन्धमा विषयवस्तुका रूपमा आएको छ ।

*प्रशासनिक विषयवस्तुमा आधारित निबन्ध*

निबन्धकार आर.सी. रिजालको प्रशासनिक विषयवस्तुमा 'भ्रष्टेश्वर महादेव' निबन्ध सशक्त रूपमा देखा पर्छ । यस निबन्धमा प्रशासनिक क्षेत्रका घुस्याहा कर्मचारीहरूको चरित्र वर्णन गरिएको छ । तिनकै क्रियाकलापको सेरोफेरोमा घुसखोरी हाकिमहरूलाई भ्रष्टेश्वर महादेवको संज्ञा दिँदै तिनलाई व्यापारी, धनी र ठग व्यक्तिहरूले मात्र खुशी पार्न सक्ने अनि ति महादेवलाई बैङ्कका नोट र धातु मात्र चढ्ने प्रसङ्गलाई विषयवस्तु बनाइएको छ ।

*साँस्कृतिक विषयवस्तुमा आधारित निबन्धहरू*

यस सङ्ग्रहभित्र 'आधुनिकता र मान्छेको मोडल', 'राजधानीको चलन' र 'वैतरणी' गरी तीन वटा निबन्धहरू सांस्कृतिक विषयवस्तुमा आधारित छन् ।

'आधुनिकता र मान्छेको मोडल' मा सुरुमा युवाहरूले आधुनिकताका नाममा बूढापाकालाई अवहेलना गरेको प्रसङ्ग विषयवस्तुको उठानका रूपमा आएको छ भने त्यसै प्रसङ्गलाई पुष्टि गर्न लेखकले काठमाडौँमा रहेका आफ्नो मित्रको पारिवारिक दृश्यलाई वर्णन गरेका छन् र अन्त्यमा आधुनिकताले गाँजेको यो दुनियाँमा मान्छेको मोडल चाहिँ उही पुरानो भएको गुनासो प्रस्तुत गरिएको छ ।

उनको अर्को निबन्ध 'राजधानीको चलन' मा सुरुमा काठमाडौँको चक्काजामलाई यहाँको समस्याको रूपमा चित्रण गर्दै आजको नयाँ जमानामा फजुल खर्च गर्ने, विवाह र व्रतबन्ध जस्ता कार्यमा आफूलाई समृद्ध देखाउने र बिहामा दाइजो घट्नुको सट्टा बढिरहेको तथ्यलाई विषयवस्तु बनाएका छन् ।

त्यसैगरी 'वैतरणी' निबन्धमा निबन्धमा मानिस मरेपछि उसको वैतरणी पारी जाने साधनको विषयमा चलेको विवाद मूल विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

*शैक्षिक विषयवस्तुमा आधारित निबन्ध*

यस निबन्ध सङ्ग्रहमा शैक्षिक विषयवस्तुमा आधारित एउटा मात्र निबन्ध 'कान्छा-कान्छी' रहेको छ । यस निबन्धमा उमेरका आधारमा अनपढ गवाँरलाई पनि सम्मान गर्नुपर्ने र थोरै योग्यता भएकाले पद र प्रतिष्ठाको लोभमा ठूला-ठूला संस्थालाई पनि बर्बाद बनाएको प्रसङ्ग छ । निबन्धमा यही कुरालाई उजागर गर्न लेखकले स्कुलको घटना प्रस्तुत गर्दै विद्यार्थी, कर्मचारी र प्रतिभा नभएका पदलोलुप वरिष्ठ व्यक्तिलाई विषयवस्तुको रूपमा लिएका छन् ।

समग्रमा निबन्धकार आर.सी. रिजाल हाम्रै सेरोफेरोमा घटेका विभिन्न घटनालाई टपक्क टिपेर विषयवस्तुका रूपमा निबन्धमा स्थापित गर्न चतुर छन् । विषयवस्तुगत विविधता प्रस्तुत निबन्ध सङ्ग्रहमा प्रष्ट देखिएको छ ।

## घ) भाषा शैली

रिजालको 'कुकुरको पुच्छर' निबन्धसङग्रह व्यङ्ग्यात्मक निबन्धहरूको संगालो हो । रिजालले यस निबन्ध सङ्ग्रहमा व्यङ्ग्यात्मक भाषा शैली अवलम्बन गरेका छन् । उखान टुक्काको समुचित प्रयोग गरेर पाठकलाई हँसाउन सक्नु उनको अर्को शैलीगत विशिष्टता हो । त्यसैगरी धान, सविधान, विधान जस्ता अनुप्रासयुक्त भाषाको बहुल प्रयोग, सटीक सम्प्रेषण, सोझो र झर्रो भनाई आत्मपरक अनि तार्किक शैली निबन्धकार आर.सी. रिजालको शैलीगत वैशिष्ट्यभित्र पर्दछ ।

## ङ) उद्देश्य

निबन्धकार आर.सी. रिजाल आफ्ना निबन्धमार्फत् समाजमा व्याप्त हरेक प्रकारका विकृतिमाथि तीखो व्यङ्ग्यवाण प्रहार गर्न कुशल देखिएका छन् । उनको 'कुकुरको पुच्छर' निबन्ध सङ्ग्रह भित्रका निबन्धहरू सांस्कृतिक, राजनीतिक र सामाजिक क्षेत्रमा व्याप्त विकृतिलाई जरैदेखि फ्याक्नुपर्ने उद्देश्यमा केन्द्रित छन् । विशेष गरेर उनको 'वैतरणी' निबन्ध सांस्कृतिक विकृतिलाई च्यात्दै चेतनाको विकास गर्नुपर्ने उद्देश्यमा केन्द्रित छ भने 'खुट्टा तान्नु' निबन्धले राजनीतिलाई कलुषित पार्ने अवरोधात्मक प्रवृत्तिलाई उदाङ्गो पारी त्यसको निराकरण गर्ने सन्देश बोकेको छ । त्यसैगरी 'फराँस कान्छा' निबन्धले सामाजिक विकृतिलाई बढावा दिने जुवा तास र दुर्व्यसन वास्तवमा हाम्रो देशको विनाशक तत्त्व हो भन्ने कुराको चेतना सरकारलाई समेत हुनुपर्छ भन्ने कुराको उद्देश्य बोकेको छ ।

समग्रमा हास्य र व्यङ्ग्य मिश्रित उनको 'कुकुरको पुच्छर' निबन्ध सङ्ग्रहले राष्ट्रव्यापी रूपमा मौलाउँदै गैरहेको कुकृत्य, भ्रष्टाचार, आडम्बर, शोषण आदि समाजमा व्याप्त रहेसम्म कहिल्यै देश उँभो लाग्न सक्दैना यस्ता विकृतिलाई फ्याँक्न सरकार मात्र होइन, समाजका

प्रत्येक नागरिकको दायित्व छ भन्ने कुराको सन्देश दिन खोजेको छ । यही नै प्रस्तुत निबन्ध सङ्ग्रहको उद्देश्य हो ।

### च) शीर्षक

**कुकुरको पुच्छर** निबन्ध सङ्ग्रहमा जम्मा १५ वटा निबन्धहरू सङ्कलित छन् । यस निबन्ध सङ्ग्रहको शीर्षक यसै सङ्गहभित्रको कुकुरको महिमा निबन्ध संग मिल्दो जुल्दो विषयवस्तुलाई समेट्ने कुकुरको पुच्छर रहेको छ । प्रस्तुत निबन्ध सङ्ग्रह व्यङ्ग्य निबन्धहरूको सङगालो भएकाले सबै निबन्धहरूमा सामाजिक, राजनैतिक, साँस्कृतिक तथा नैतिक प्रपञ्चहरूको व्यर्थता तथा त्यही व्यर्थतासँग जोडिएका कतिपय सामाजिक कुरीति आडम्बर र कुसंस्कारहरूलाई विषयवस्तु बनाइएको छ । उक्त विषयवस्तुको आधारमा हेर्ने हो भने कुकुरको पुच्छर स्वयम् कुकुरका लागि व्यर्थ भएजस्तै हामी नेपालीहरूको आडम्बर र फोस्रोपन पनि व्यर्थ छ भन्ने कुराको सङ्केत यस शीर्षकले गर्दछ भने अर्कोतिर कुकुरको पुच्छर बाह्र वर्ष ढुङ्ग्रामा राखे पनि बाङ्गाको बाङ्गै भन्ने उखानको आसय पनि यस निबन्ध सङ्ग्रहका सबै निबन्धमा पाइने हुनाले यस सङ्ग्रहको शीर्षक उपयुक्त र सार्थक देखिन्छ ।

## ५.४.२.३ 'कण्ठलङ्गौटी' निबन्ध सङ्ग्रहको सङ्क्षिप्त विवेचना

### क) पृष्ठभूमि

निबन्धकार आर.सी. रिजालको दोस्रो निबन्ध सङ्ग्रह 'कण्ठलङ्गौटी' निबन्धकारको आफ्नै प्रकाशकत्वमा वि.सं. २०५७ मा प्रकाशित भएको देखिन्छ । यस निबन्ध सङ्ग्रहभित्र बाह्रओटा निबन्धहरू सङ्गृहीत छन् ।

रिजालका कृतिहरू व्यक्तिभावना, भोगाइ, संघर्ष र जमर्काहरूको अभिव्यीक्त हुन् । प्राप्त वा आनुभूतिक कथ्यलाई सुपाच्य काल्पनिकताले सिँगारेर कलात्मक पाराले व्यक्त गर्ने कलाविशेषसँग रिजालको सन्निकटता देखिन्छ । कुनै पनि साहित्यिक कृति सामाजिक, आर्थिक, राजनीतिक वस्तुतथ्यको स्पष्ट प्रतिच्छविबाट अछुतो रहन सक्दैन । बेला-बेलामा हुँदै आएका राजनैतिक उतारचढावलाई साहित्यको जुनसुकै विधाले पनि सकारात्मक वा नकारात्मक रूपमा ग्रहण गर्दै आएको तथ्यलाई स्वीकार नगरी सुखै छैन । साहित्यिक धारालाई स्पष्ट

रूपले प्रभावित तुल्याउने राजनैतिक उथलपुथलमध्ये २०४६ को ऐतिहासिक जनआन्दोलन पनि उल्लेख्य छ र यस आन्दोलनलाई अझ गतिशीलता प्रदान गर्न विभिन्न लेखक साहित्यकारहरूले आफ्ना रचनाहरूका माध्यमबाट महत्त्वपूर्ण भूमिका निर्वाह गरेको वस्तुतथ्यलाई बिर्सन सकिन्न । यस्तै भूमिका निर्वाह गर्ने क्रममा आफ्नो कलम रूपी हतियार बोकेर युद्ध मोर्चामा सरिक भएका निबन्धकार हुन्, आर.सी. रिजाल । उनको यो कण्ठलङ्गौटी निबन्ध सङ्ग्रह यिनै राजनैतिक घटना र त्यसबेला देखिएका सामाजिक विकृतिहरूको सेरोफेरोमा घुमेका छन् ।

**ख) संरचना**

**कण्ठ लङ्गौटी** लामा-छोटा गरी कुल एक दर्जन निबन्धहरूको पोको हो । विभिन्न आयामका बाह्र निबन्धहरू पुस्तकाकार स्वरूपको ५६ पृष्ठहरूमा आबद्धित देखिन्छन् । यस सङ्ग्रहको सबैभन्दा लामो निबन्ध **कण्ठलङ्गौटी** हो । जसको आयाम नौ पृष्ठमा फैलिएको छ भने सबै भन्दा छोटो निबन्ध **नकच्चरा** हो र यसको आयाम दुई पृष्ठको रहेको छ । निबन्धकारको आफ्नै प्रकाशकत्वमा पहिलोपल्ट प्रकाशित भएको यस निबन्ध सङ्ग्रहको प्रकाशित सङ्ख्या एक हजार एक सय एघार रहेको छ । जसको व्यक्तिगत मूल्य रु. २५ रहेको छ भने संस्थागत रु. ७५ रहेको छ । यस सङ्ग्रहको भूमिकाको रूपमा चट्याङ मास्टरका ‘रिजालको विशाल बगैचा’ नामक मन्तव्य रहेको छ । यस सङ्ग्रहको शीर्षक यसै सङ्ग्रहभित्रको छैठौं निबन्धको शीर्षकबाट राखिएको छ । यस संङ्ग्रहभित्रका निबन्धहरू क्रमशः गुरु वा गुरुआमा, तेरो बाबुको पिण्ड लडाइस हैन ? कुकुर त म नेपालकै हुँ, ज्यू चपेटाप्रसादको व्यथा, कण्ठलङ्गौटी, नकच्चरा, हामी नै हौँ त बुद्धिजीवी ?, अच्छा लेकिन, नेपालका मजदुर एक हौँ, राष्ट्रि धमिरा र लिङ्गजडान कार्यक्रम हुन् ।

## ग) विषयवस्तु

निबन्धकार आर.सी. रिजालको हास्यव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रहलाई विषयवस्तुका दृष्टिले साँस्कृतिक सामाजिक, राजनैतिक, प्रशासनिक, शैक्षिक र साहित्यिक गरी छ प्रकारमा विभाजन गर्न सकिन्छ । यी छ प्रकारका विषयवस्तुमा आधारित निबन्धहरूलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

***साँस्कृतिक विषयवस्तुमा आधारित निबन्ध***

रिजालको यस सङ्ग्रहभित्र भएका 'तेरो बाबुको पिण्ड लडाइस् हैन ?' निबन्धमा मातृपितृहरूलाई पिण्ड दिने हिन्दू संस्कारको परम्परागत कथ्यलाई विषयवस्तु बनाएका छन् । त्यसैगरी 'लिङ्ग जडान कार्यक्रम' निबन्धमा व्यङ्ग्यकारले जनावरहरूको लिङ्ग जडान सम्बन्धी एउटा दन्त्य कथालाई विषयवस्तु बनाएका छन् ।

***सामाजिक विषयवस्तुमा आधारित निबन्ध***

सामाजिक विषयवस्तुमा आधारित निबन्धहरूमध्ये 'हामी नै हौ त बुद्धिजीवी' निबन्धमा म पात्रको समाजमा देखिएका विकृति विसङ्गतिहरू जस्तै पढ्दै नपढी बुद्धिजीवी भएको धाक लगाउने तुच्छ व्यक्तिहरूप्रतिको गुनासो विषयवस्तुका रूपमा आएको छ ।

'अच्छा लेकिन' निबन्धमा अभावजन्य परिस्थितिले विदेशी बन्दुक काँधमा हाल्न बाध्य नेपाली लाहुरेहरूको करुण कथालाई विषयवस्तु बनाइएको छ ।

***राजनैतिक विषयवस्तुमा आधारित निबन्ध***

राजनैतिक विषयवस्तुमा आधारित निबन्धहरूमध्ये 'कुकुर त म नेपाल कै हुँ' निबन्धमा कुकुर र नेताको काल्पनिक कथालाई विषयवस्तु बनाइएको छ । 'राष्ट्रिय धमिरा' मा काठलाई धमिराले सखाप पारे झै राष्ट्रलाई धमिरारूपी फटाहाहरूले ब्रम्हलुट गरेर मोजमस्ती गरेको दुश्चरित्रलाई विषयवस्तुका रूपमा लिइएको छ । त्यसैगरी 'नेपालका मजदूर एक हौँ' निबन्धमा आफ्नो स्वार्थरक्षामा नेताहरूले प्रयोग गर्ने सरल मजदूरहरूको कथालाई विषयवस्तु बनाइएको छ । 'चमेटाप्रसादको व्यथा' निबन्धमा नेपालको राजनीति र महङ्गीको मारले पिल्सिएका

अधिकांश अकिञ्चन नेपालीहरूको प्रतिनिधि मूलक कथालाई विषयवस्तुका रूपमा लिइएको छ । 'नकच्चरा' निबन्धमा वर्तमानमा समाज र राजनीतिमा व्याप्त कर्तव्य र दायित्वबाट विमुख नकच्चरा नेताहरूको चरित्रलाई विषयवस्तु बनाइएको छ ।

*प्रशासनिक विषयवस्तुमा आधारित निबन्ध*

रिजालका निबन्धमा प्रशासनिक विषयवस्तुलाई मनि उतिकै स्थान दिएको पाइन्छ । यस सङ्ग्रहमा उनको प्रशासनिक विषयवस्तुमा आधारित एउटा निबन्ध 'कण्ठलङ्गौटी' छ । यस निबन्धमा नेपालको प्रशासनिक बेथितिको उचारचढावहरू विषयवस्तु बनेर आएका छन् । हाकिम अफिस जाने बेलामा सर्ट लगाइसकेपछि टाइ (कण्ठलङ्गौटी) नभेटिनुको आक्रोश अफिसमा सुब्बालाई हकारेर पोख्छ, सुब्बाले खरदारलाई, खरदारले पिउनलाई, पिउनले स्वास्नीलाई र स्वास्नीले मूकप्राणी कुकुरलाई कण्ठलङ्गौटी प्रकरणको रिस पोख्छे ।

*शैक्षिक विषयवस्तुमा आधारित निबन्ध*

रिजालका शैक्षिक विषयवस्तुमा आधारित एउटा मात्र निबन्ध 'गुरु बा गुरु आमा' हो । यस निबन्धमा प्रायः गरेर ग्रामीण भेगका विद्यालयहरूमा शिक्षक शिक्षिकाको शिक्षणप्रतिको गैर जिम्मेवारीपूर्ण व्यवहारलाई वर्णन गरिएको छ । स्कुलमा शिक्षक शिक्षिकाहरू पढाउनुको सट्टा कोही सुत्ने, कोही खेतमा काम गर्न जाने र शिक्षण पेशालाई मागी खाने भाँडोका रूपमा लिने अनि तिनै शिक्षक शिक्षिकाहरू पुरस्कृत हुने परम्परालाई निबन्धको मूल विषयवस्तु बनाइएको छ ।

*साहित्यिक विषयवस्तुमा आधारित निबन्ध*

रिजालको साहित्यिक विषयवस्तु बोकेको एउटा मात्र निबन्ध 'ज्यू' हो । यस निबन्धमा मोफसलमा रहेका साहित्यकारहरूको सञ्चारमाध्यमदेखि लिएर राजनीतिको उच्च तहबाट समेत उपेक्षा गरिएको वर्णन छ । उनीहरूको उपेक्षा र राजधानीबासीप्रतिको पक्षपातपूर्ण व्यवहारलाई निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

### घ) भाषाशैली

रिजालको हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह 'कण्ठलङ्गौटी' मा निजात्मक शैलीको अवलम्बन गरिएको छ । सरल भाषा शैलीलाई पछ्याउने रिजालले अनुप्रासीय शैलीलाई बढी जोड दिएको पाइन्छ र यसमा उनी सफल पनि भएका छन । आगन्तुक शब्द संस्कृतका तत्सम शब्द र हिन्दी टुक्कालाई समेत निबन्धमा समेटेका छन् । 'लाइट फुड', 'अच्छा लेकिन' जस्ता आगन्तुक शब्द, मांसपिण्ड जस्ता तत्सम शब्दको उदाहरण हुन् । 'जहाँ न पहुँचे रवि वहाँ कवि जस्ता हिन्दी टुक्काको पनि प्रयोग भएको छ । आएको छ । समग्रमा प्रायः निबन्धहरूमा कुनै न कुनै कथाको प्रसङ्ग उठाउनु अनप्रासीय शैलीमा व्यङ्ग्यलाई हास्यको तहमा पुऱ्याउनु आदिलाई निबन्धकारका शैलीगत विशिष्टता मान्न सकिन्छ ।

### ङ) उद्देश्य

निबन्धकार आर.सी. रिजालका निबन्धमा व्यङ्ग्यात्मक पाराले समाजका हरेक क्षेत्रमा फैलिएका विकृतिहरूप्रति पाठकहरूलाई सचेत गराउन खोजेको देखिन्छ । सामाजिक क्षेत्रमा धर्मप्रति र कर्तव्यप्रति सजग र नैतिकवान् बनाउन खोज्नु उनको यस सङ्ग्रहको उद्देश्य रहेको छ भने साहित्यका क्षेत्रमा व्यापक रूपमा गरिने पक्षपातपूर्ण व्यवहारलाई अगाल्नु हुँदैन भन्ने अर्को उद्देश्य रहेको छ । त्यसैगरी राजनैतिक, प्रशासनिक आदि क्षेत्रमा व्याप्त भ्रष्टाचारीहरूको चरित्र उदाङ्ग पार्नु र तिनीहरूको गलत क्रियाकलापबाट जनताहरू कतिपसम्म पीडित छन् भन्ने कुरा देखाउन खोज्नु उनको मूल उद्देश्यका रूपमा देखिन्छ ।

### च) शीर्षक

प्रस्तुत निबन्ध सङ्ग्रहको छैटौं क्रममा रहेको निबन्धबाट शीर्षक राखिएको यस निबन्ध सङ्ग्रह धेरै विषयवस्तुलाई समेटन सफल छ । पाश्चात्य संस्कृतिको एउटा अभिन्न अङ्ग मानिएको पोशाक टाइलाई नेपालीकरण गरी यस सङ्ग्रहको शीर्षक 'कण्ठलगौंटी' राखिएको छ । नेपाली समाजमा लङगौटी भन्नाले कट्टु वा साधु र ग्रामीण भेगका मानिसले केवल लिङ्ग छोपिने गरी लगाउने कपडाको चारपाटे टुक्रा भन्ने बुझिन्छ । यसरी टाइ र लङ्गौटीको समीकरण गरिएको प्रस्तुत शीर्षकले निबन्ध सङ्ग्रहका प्राय सबै निबन्धको मूल मर्मलाई

छोएको छ । नेपाली समाजमा देखिएको पाश्चात्य संस्कृतिको प्रभाव तथा घाँटीमा अनावश्यक रूपमा पोशाक झुण्ड्याएर आफूलाई भलादमी भनाउने नेपाली सामाजिक आडम्बरलाई सङ्ग्रहभित्रका प्रत्येक निबन्धले सूक्ष्म रूपले कोट्याएको हुनाले प्रस्तुत शीर्षक उपयुक्त र सार्थक देखिन्छ ।

### ५.४.२.४ 'हाकिमको खप्पर' निबन्ध सङ्ग्रहको सङ्क्षिप्त विवेचना

#### क) पृष्ठभूमि

निबन्धकार आर.सी. रिजालको तेस्रो निबन्ध सङ्ग्रह **हाकिमको खप्पर** (२०६३) आफु सहित अन्य केही साहित्यकार एवम् साहित्यप्रेमीहरूको सहयोगमा प्रकाशन भएको देखिन्छ । प्रस्तुत सङ्ग्रहभित्र २१ वटा निबन्धहरू रहेका छन् ।

निबन्धकार रिजाल स्वयम् पनि सरकारी कार्यालयमा कार्यरत भएकाले विशेषतः यस निबन्ध सङ्ग्रह प्रशासनिक क्षेत्रमा देखिएको अव्यवस्थितता, लाचारीपन, ठग प्रवृत्ति, हाकिमले अन्य कर्मचारीमाथि गर्ने तुच्छ व्यवहारलाई व्यङ्ग्यात्मक तरिकाले प्रस्तुत गरिएको छ । साथै समाजमा व्याप्त कुसंस्कार, अन्धविश्वास, चाडवाड पर्व आदिमा देखिने देखावटी फजुल खर्च धर्म संस्कृतिका नाममा देखिने आडम्बर र नेपालीहरूको दुर्दशाको अन्त्य गरी स्वच्छ समाजको निर्माण गर्ने दिशातर्फ लाग्नुपर्ने कुरालाई हास्य व्यङ्ग्यको माध्यमबाट व्यक्त गरिएको पाइन्छ ।

#### ख) संरचना

निबन्धकारको पूर्वोक्त दुई निबन्ध सङ्ग्रह भन्दा प्रस्तुत सङ्ग्रह आयामगत केही फराकिलो रहेको छ । लगभग ७६ पृष्ठको यस सङ्ग्रहमा सबभन्दा लामो निबन्ध 'ज्वाई माहात्म्य' र 'लासपोस' सबभन्दा छोटो निबन्ध हो । यसै निबन्ध सङ्ग्रहभित्रको निबन्ध 'हाकिमको खप्पर' बाट प्रस्तुत कृतिको शीर्षक चयन गरिएको छ ।

हास्यव्यङ्ग्यकार रामकुमार पाँडेको 'रिजालले गजब गरे' शीर्षकको मन्तव्य रहेको छ भने मुकुन्द आचार्यको आफ्नो भनाइ रहेको छ । ऋषि के विको आवरण कला रहेको प्रस्तुत सङ्ग्रहभित्र सङ्कलित निबन्धहरू क्रमशः ज्वाइँ महात्म्य, जोखाने बाजे, खुस्केकोबाट फुस्केको

कुरा, राजखानीका मान्छे, नजरमान सापटको झापड, तँलाई श्री ५ को सरकार, कवि बन्ने रन्को, भष्टाचारको विचार, सिजन भ्याकेसन हाकिमको खप्पर, शान्तिखाने देश, चाडको पहाड गाई माता गद्या पिता, राजीनामा कि दबाबनामा सुप्रसिद्ध बरिष्ठ दीर्घरोगी, कवि मिलन्धरेको सम्मान, नारीवादी रोगी स्रष्टा, कसले यो भन्छ विकास भा छैन, लुतो फाल्ने कि देउता, लासपोस हुन् ।

**ग) विषयवस्तु**

निबन्धकार रिजाल आफ्ना व्यङ्ग्य निबन्ध मार्फत् सुसंस्कृत, सभ्य र समृद्ध समाजको चाहना राख्दछन् । यसका लागि रिजाल व्यक्तिका आचरण र विचारका साथै समाजका विभिन्न पक्षको सुधार आवश्यकता ठान्दछन् । त्यसकारण उनले यस सङ्ग्रहमा समाजमा व्याप्त विभिन्न क्षेत्रका कमी-कमजोरी, सामाजिक विसङ्गति आदिलाई विषयवस्तुका रूपमा लिएका छन् । प्रस्तुत निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरू सबैभन्दा बढी सामाजिक र राजनैतिक विषयवस्तुमा आधारित देखिन्छन् । अन्य निबन्धहरू शैक्षिक प्रशासनिक सांस्कृतिक, साहित्यिक विषयवस्तुमा आधारित
छन् । यी निबन्धहरूलाई यहाँ क्रमैसँग चर्चा गरिएको छ ।

***सामाजिक विषयवस्तुमा आधारित निबन्ध***

रिजालले समाजमा व्याप्त विसङ्गतिलाई निर्मूल पारी स्वच्छ समाजको चाहना राख्ने हुनाले नै उनका निबन्धहरू सामाजिक विषयवस्तुमा बढी केन्द्रित देखिन्छन् । उनले ज्वाइँ, घरपालुवा ज्वाइँ, प्रतिगामी ज्वाइँ गरी ज्वाइँका विभिन्न प्रकार र महत्त्व दर्शाई उपर्युक्त ज्वाइँहरूले समाजमा पार्ने कुप्रभाव र तिनिहरूले निम्त्याउने दुर्घटनालाई प्रस्तुत गरेका छन् । 'राजखानीका मान्छे' निबन्धमा ग्रामीण र सहरिया जीवन बीचको तुलनात्मक मूल्याङ्कन देखाइएको छ । 'सापटको झापट' निबन्धमा आफूलाई आवश्यक पर्दा सापट लिने र अर्काले गरेको गुन र आफ्नो उत्तरदायित्व नै बिर्सिने मानसिकताका मान्छेप्रतिको विषयलाई उठाइएको छ । 'गाई माता गद्या पिता' निबन्धमा पशुअधिकार र मानिसको पशुवत् चरित्रलाई लिइएको छ । 'नारीवादी रोगी स्रष्टा' मा नारीलाई अर्धाङ्गिनी होइन पूर्णाङ्गिनी सम्झनु पर्ने अनि मात्र नारीको सम्मान हुने कुरालाई विषयवस्तुका रूपमा लिइएको छ भने 'सिजन भ्याकेसन'

मा आम मानिसहरूले अन्य प्राणीहरूको जस्तो निश्चित समयमा गर्भाधान नगर्नाले गरीबी हरूको सख्यामा बृद्धि एवम् अभाव बढ्ने र त्यसले निम्त्याउने दुर्घटना जस्ता समसामयिक विषयको प्रस्तुति पाइन्छ ।

*राजनैतिक विषयवस्तुमा आधारित निबन्ध*

रिजालले आफ्ना निबन्धमा राजनीतिक विषयवस्तुलाई पनि विशेष महत्व दिएका छन् । उनको 'नजरमान' निबन्धमा मोतीमान पछि आफ्नै चतुर्‍याइँ, फटाहा एवम् लापर्वाही प्रवृतिद्वारा नजरमान भएको विषयलाई लिइएको छ । 'तँलाई श्री ५ सरकार' मा देशले प्रजातन्त्र प्राप्त गरिसक्दा पनि राष्ट्रका हरेक निकायबाट हुने अप्रजातान्त्रिक कार्यव्यवस्थालाई उठाएको छ । त्यसैगरी 'कसले यो भन्छ विकास भा छैन' निबन्धमा देश विकास भनि छुट्याउने रकमको सहयोग हुन नसकेको दयनीय अवस्थाको प्रस्तुति पाइन्छ । 'खुस्केकोबाट फुस्केको कुरा' निबन्धमा राजधानीमा बढेको अत्यधिक प्रदुषणसँगै स्वास्थ्य, पत्रकारिता एवम् राजनीतिमा देखिएको आडम्बरी प्रवृत्तिको चित्रण पाइन्छ । 'शान्ति खाने देश' निबन्धमा एम.ए.को उपाधि प्राप्त गरेर पनि राजनैतिक अस्थिरताले विदेसिनु पर्ने बाध्यतालाई विषयवस्तु बनाइएको छ ।

*साहित्यिक विषयवस्तुमा आधारित निबन्ध*

रिजालले आफ्ना निबन्धमा साहित्यिक क्षेत्रका विषयलाई पनि समेटेका छन् । वर्तमान अवस्थामा अरुद्वारा रचित रचनाद्वारा आफू रातारात कवि, कथाकार र गीतकार बन्ने परिपाटी माथि व्यङ्ग्य हान्न 'कवि बन्ने रन्को' निबन्ध सफल छ । त्यसैगरी 'कवि पिलन्धरे को सम्मान' निबन्ध जो वास्तविक स्रष्टा हुन् जस्को साहित्यका विभिन्न विधामा ठूलो योगदान रहेको छ, उनीहरूको वास्तविक पहिचान हुन नसक्नु राष्ट्रको ठूलो कमजोरी हो भन्ने कुरालाई विषय वस्तुका रूपमा उठाएका छन् ।

*सांस्कृतिक विषयवस्तुमा आधारित निबन्ध*

संस्कृतिले कुनै न कुनै ठाउँ विशेष छुट्टै पहिचान बनाएको हुन्छ, तर नेपाली जनमानसमा आफ्नो संस्कृति विर्सेर अर्काको संस्कृति सिको गर्ने चलन बढ्न थालेको छ ।

अर्काको संस्कृति अनुसरण गर्ने परिपाटीले हाम्रो मौलिक संस्कृति अप्ठ्यारोमा पर्न थालेको यथार्थ रिजालका निबन्धमा पाइन्छ । उनको 'चाडको पहाड' निबन्धमा आफूलाई उच्च र सभ्य देखाउन अर्काको संस्कृति चोरेर सिको गर्ने र खर्चको प्रतिस्पर्धामा आफूलाई अब्बल राख्न खोज्ने नेपाली परिवेशलाई विषयवस्तु बनाइएको छ । 'लुतो फाल्ने कि देउता?' मा नेपाली धर्म संस्कृतिमा परेको भारतीय प्रभावको ज्वलन्त समस्यालाई विषयवस्तु बनाइएको छ । त्यसैगरी 'जोखाने बाजे' निबन्धमा बकम्फुसे ज्यातिषीहरूको पण्डित्याइँ र तिनीहरूले बढाएको अन्धविश्वासलाई वर्णित विषयवस्तु बनाइएको छ ।

*प्रशासनिक विषयवस्तुमा आधारित निबन्ध*

रिजालले आफ्ना निबन्धहरूमा प्रशासन क्षेत्रमा हुने अत्याचार, भ्रष्टचार पदीय कार्यभार सम्हाल्न नसक्ने उच्च प्रशासकहरूको आन्तरिक रहस्योद्‌घाटन गरेका छन् ।

'हाकिमको खप्पर' निबन्धमा तल्लो स्तरका कर्मचारीहरूको माथिल्ला तहका हाकिमहरूले कुनै मान मर्यादा नगर्नु, उनीहरूको सुनुवाई नहुनु आदि प्रसङ्गहरू विषयवस्तु बनेर आएका छन् । त्यसै गरी 'राजीनामा कि दवावनामा' निबन्धमा पदीय दायित्व निर्वाह गर्न नसक्दानसक्दै पनि राजीनामा नगर्न र कुर्सीमा टाँसिइरहन मन पराउने उच्च ओहोदाका व्यक्तिहरूको मनोवृत्तिलाई विषयवस्तु बनाइएको छ । त्यस्तै अर्को निबन्ध 'लासपोस' मा सरकारी ढुकुटीको दुरूपयोग गर्ने हाकिमको चरित्रलाई विषयवस्तुका रूपमा लिइएको छ ।

*शैक्षिक विषयवस्तुमा आधारित निबन्ध*

निबन्धकार रिजालको यस सङ्ग्रहमा एउटा निबन्ध मात्र शैक्षिक विषयवस्तुमा आधारित देखिन्छ । उनको 'सुप्रसिद्ध वरिष्ठ दीर्घरोगी' शीर्षक निबन्धमा 'म' पात्रको हजुरबाउको रोगी जीवनको कृतिवृत्तिलाई प्रसङ्ग बनाउँदै नपढेका केवल डिग्रीको आधारमा पद ओगटेको डाक्टरले रोग निको पार्ने होइन उल्टै रोग थपिदिन्छन् भन्ने कुरा देखाइएको छ ।

## घ) भाषाशैली

समाजप्रति यथार्थवादी दृष्टिकोण र प्रगतिशील चिन्तन पोख्ने रिजालको यस निबन्ध सङ्ग्रहमा यस अघिका दुई निबन्ध सङ्ग्रहमा भन्दा स्तरीय र उत्कृष्ट भाषाशैली देखा पर्दछ । रिजालले आफ्ना सबै जसो निबन्धमा आत्मपरक शैलीलाई अँगालेका छन् । रिजालले यस सङ्ग्रहमा झर्रो र सरल भाषाको प्रयोग गरिएको छ । शब्दानुप्रास र ध्वन्यानुप्रासको बाहुल्यले गर्दा भैरव अर्यालको निबन्धमा प्रयोग गरिएको भाषाशैलीको छनक पाइन्छ । व्यङ्ग्य गर्दा गाउँ घरका घटनालाई उदाहरण दिने भएकाले यिनको यस सङ्ग्रहमा उखान टुक्का झरी नेपाली शब्द र केही आगन्तुक शब्दका साथै हिन्दी शब्दावलीको प्रयोग पनि देखिन्छ । 'कुण्ड कुण्ड पानी मुण्ड मुण्ड बुद्धि, बाबु पाडो डोऱ्याउने लठुवा र छोराचाहिँ विगौती चटुवा, जस्ता उखान, धक्कु, माथिङ्गल, जस्ता झर्रा शब्द फ्युज, फोल्डिङ, जस्ता आगन्तुक र सियावर रामचन्द्रकी!, जहाँ नपहुचे कवि वहाँ पहुचे कवि जस्ता हिन्दी शब्दको प्रयोगले निबन्धकारको शैलीमा विविधता थपेको छ ।

## ङ) उद्देश्य

निबन्धकार रिजालको व्यङ्ग्य निबन्धको सङ्गालो **हाकिमको खप्पर** (२०६३) मा युगीन चेतना प्रगतिवादी चिन्तन र समाजसुधारको कामना रहेको छ । रिजालले यस निबन्ध सङ्ग्रहमा गरिबी, कालोबजार, अन्याय, अत्याचार, भ्रष्टाचार, दुराचार, बेरोजगारी तन्त्र, विकृति नेपाली राजनीति, अभिव्यक्ति र स्वतन्त्रताको हनन, मान्छेका पाशविक प्रवृत्ति नेता, डक्टर व्यापारी, योजनाकारहरूका कुकार्य, चाडवाड, धर्म संस्कृतिका नाममा देखिएनगएका आडम्बर र नेपालीहरूको दुर्दशा, निम्न वैतानिक कर्मचारी तथा कलमजीवीहरूको बिल्लीवाँड जस्ता अनेक विषयवस्तुलाई निबन्धात्मक स्वरूप प्रदान गरी त्यसबाट उम्कन सबैलाई सचेत तुल्याउने उद्देश्य राखेका छन् । रिजाल सामाजिक एवम् राष्ट्रिय वेथिति र युगीन यथार्थलाई हास्यव्यङ्ग्यात्मक निबन्धका माध्यमबाट सिस्नुपानी लगाउँदै लठ्याउन र सुधारतर्फ इङ्गित गर्न निकै सिपालु छन् ।

निबन्धकारका दृष्टिमा आजको हाम्रो समाज अत्यन्तै जीर्ण अवस्थामा पुगेको छ । यसका जराहरू व्यक्तिगत स्वार्थ र कुरीतिले मक्किएका छन् । एकातिर यी कुराहरूप्रति

लेखकको चिन्ता देखिन्छ । भने अर्कोतिर समाजलाई खोक्रो बनाउने सामाजिक डाँकुहरूलाई गलहत्याउने आग्रह राखेका छन् । यही नै यस सङ्ग्रहको मुख्य उद्देश्य रहेको देखिन्छ ।

**च) शीर्षक**

प्रस्तुत निबन्ध सङ्ग्रहको एघारौं क्रममा रहेको 'हाकिमको खप्पर' निबन्धलाई सङ्ग्रहको शीर्षक दिइएको छ । सङ्ग्रहभित्रका सबै निबन्धहरूमा प्रायः प्रशासनिक क्षेत्रमा देखिएका कमी कमजोरी र कुप्रथाहरूको व्यङ्ग्यात्मक विरोध गरिएको छ । प्रशासनिक क्षेत्रमा हाकिमहरूले निम्न कर्मचारीहरूलाई हेप्ने तथा फोस्रो आडम्बर र देखावटी पनमा आ□नो इज्जत र प्रतिष्ठाको आधार खोज्ने नेपाली हाकिमको प्रवृत्तिहरूको पर्दाफास र तिनीहरूप्रति चोटिलो व्यङ्ग्य यस निबन्ध सङ्ग्रहमा समावेश गरिएका निबन्धहरूले प्रस्तुत गरेको छ । विशेषतः हाकिमको खप्परमा जुन कुराले स्वागत पायो त्यही कुराका आधारमा प्रसासनीक निर्णय नीति र कानुन बन्ने मूल यथार्थलाई पस्कन सफल भएकाले उक्त शीर्षक प्रस्तुत निबन्ध सङ्ग्रहका लागि उपयुक्त देखिन्छ ।

यस प्रकार उपयुक्त निबन्ध सङ्ग्रहहरूमा प्रायः समाजिक प्रशासनिक राजनीतिक क्षेत्रमा देखिएका विकृतिहरूलाई नै उजागर गर्न खोजिएकोले सबै निबन्धहरूले यस्ता विसङ्गतिहरूलाई हटाउन केन्द्रित देखिन्छन् ।

## ५.४.३ नियात्राकार तथा संस्मरणकार रमेशमोहन अधिकारी र उनको नियात्रा तथा संस्मरण सङ्ग्रहको सङ्क्षिप्त विवेचना

### ५.४.३.१ रमेशमोहन अधिकारीको सामान्य परिचय

रमेशमोहन अधिकारीको जन्म वि.सं. २०१९ मा रौतहट जिल्लाको विश्रामपुरमा भएको हो । नेपालीमा एम.ए. गरेका अधिकारीको हालको बासस्थान मकवानपुर हो । पेशाले उनी अहिले मकवानपुर नाम्टार उच्च मा वि. अध्यापन गरिरहेका छन् । सानै उमेरदेखि साहित्य विधामा रुचि राख्ने अधिकारीले विगत डेढ दशकदेखि अनेक पत्रपत्रिकाहरूमा प्रशस्त फुटकर रचनाहरूको प्रकाशन गर्दै आएका छन् । उनी स्थानीय विभिन्न साहित्यिक पत्रिकाका सम्पादक हाल सम्म उनको एकमात्र कृति नियात्रा तथा संस्मरण सङ्ग्रह **सम्झनाको सेरोफेरो** (२०६३)

प्रकाशित भएको छ । अधिकारी कर्ममोहन प्रतिभा पुरस्कार (२०५५) मकवानपुर साहित्य प्रतिभा पुरस्कार (२०५६) बाट पुरस्कृत भएका छन् । यिनको लेखन कार्य अद्यापि चलिरहेको छ ।

### ५.४.३.२ सम्झनाको सेरोफेरो नियात्रा तथा संस्मरण सङ्ग्रहको सङ्क्षिप्त विवेचना

### क) पृष्ठभूमि

नियात्राकार रमेशमोहन अधिकारीको पहिलो नियात्रा तथा संस्मरण संङ्ग्रह **सम्झनाको सेरोफेरो** २०६३ सालमा प्रतीक प्रकाशन समूह प्रा.लि. वीरगञ्जले प्रकाशन गरेको देखिन्छ । प्रस्तुत सङ्ग्रहभित्र १८ अटा नियात्रा तथा संस्मरणहरू रहेका छन् ।

अधिकारीको यस पूर्व कुटकर कथा, कविता प्रकाशित भएपनि यहाँ निबन्ध ङ्ग्रहहरूको चर्चा गरिएको छ । प्रस्तुत सङ्ग्रहलाई अध्ययन गर्दा उनको जीवनको यात्रा र त्यसक्रममा भेटिएका महत्त्वपूर्ण व्यक्तिहरूसँगको सम्बन्धलाई सम्झिने क्रममा यो सङ्ग्रह तयार भएको देखिन्छ । यात्रा गर्दा जुन ठाउँ र परिवेशको गहिरो छाप उनमा पऱ्यो त्यसको शब्दचित्र उत्तारिहाल्ने स्वभावले नै उनका नियात्रामूलक निबन्ध सिर्जित भए भने कुनै महत्त्वपूर्ण व्यक्ति जसले आफ्नो जीवनमा सम्झनाको बिरुवा रोपेर गए, तिनीसँगको सहचर्याको संस्मरण गर्दा उनका संस्मरणात्मक लेख तयार भएका देखिन्छन् । यी दुबै लेखहरूको सङ्गालो नै उनको 'सम्झनाको सेरोफेरो' नामक सङ्ग्रह कृति हो ।

### ख) संरचना

**सम्झनाको सेरोफेरो** मा विभिन्न आयामका १० ओटा नियात्रा तथा ८ ओटा संस्मरणहरू आवद्धित देखिन्छन् । यस सङ्ग्रहको सबै भन्दा लामो निबन्धको रूपमा 'नौलो खालको यात्रा' र सबै भन्दा छोटो 'माइतको यात्रा' र 'प्रिय चित्लु' दुई वटा लेख २-२ पृष्ठका रहेका छन् । प्रतिक प्रकाशन समूह प्रा. लि. बीरगञ्जको प्रकाशकत्वमा प्रकाशित भएको यस नियात्रा तथा संस्मरण सङ्ग्रहको प्रकाशित सङ्ख्या पाँच सय रहेको छ । यस सङ्ग्रहको भूमिकाको रूपमा निर्मोही व्यासको 'सम्मति र शुभकामना' शीर्षकको मन्तव्य रहेको छ । त्यसैगरी भूमिकाकै रूपमा प्रतीक प्रकाशन समुह प्रा.लि का तर्फबाट जगदीशप्रसाद शर्माको

दुइ शब्द शीर्षकको मन्तव्य रहेको छ । अनि अन्तिम भूमिकाका रूपमा लेखकको आफ्नै मन्तव्य 'चुरो कुरो' शीर्षकमा रहेको छ । यस सङ्ग्रहभित्रका निबन्धात्महरू क्रमशः आनन्दमय यात्राहरू, फाल हाल्दै आउँछु म, एकतिर दुई शिकार बखफर मेरो सम्झानामा, मेरो प्यारो चितवन, उनीफेरी आउनेछन् । माइतको यात्रा, भेट्ननासाथ सिक्नुको सिर्कनु प्रिय, चित्लु, नौलो खालको यात्रा, श्राद्धाञ्जलीः स्नेहकी मूर्तिलाई, गोल्मे थुक्को, साहित्यकार श्यामप्रसादसँगका साक्षात्कार तिमीलाई माया मार्ने मैले कसरी ? सार्थक क्रम, त्यहीँ त रहेछ नि ! सुमधुर सम्झना सौराहाको, सम्झना बनेर गई ऊ रहेका छन् ।

## ग) विषयवस्तु

प्रस्तुत **सम्झनाको सेरोफेरो** सङ्ग्रहमा रहेका र रचनाहरूलाई विषयवस्तुका दृष्टिले दुई भागमा विभाजन गरेर अध्ययन गरिएको छ : क) नियात्रा, ख) संस्मरण । यस संस्मरण सङ्ग्रहभित्रका यात्रात्मक रचनाहरूमा मकवानपुर, सिन्धुली र चितवनका विभिन्न स्थानहरूको भ्रमणलाई विषयवस्तु बनाइएको छ । यात्राकारले आफ्ना यात्राका क्रममा देखेका भोगेका र अनुभवमा समेटेका यथार्थलाई समावेश गरिएको छ । उक्त स्थानका प्रकृति, समाज, संस्कृति, साहित्य एवम् कलाहरूलाई आफ्ना रचनाहरूको विषयवस्तुमा समेटेका छन् । मकवानपुरको राई गाउँ, छतिवन, फापरबारी, चित्लाङ, गोरखा जिल्लाको मनकामनाको दर्शन गर्न जाँदाको केबुलकारको आनन्दमय यात्र एवम् त्यहाँको प्राकृतिक परिदृश्यका साथ त्यहाँ विभिन्न कारुणिक जीवनगाथाहरू टपक्क टिपेर विषयवस्तुमा राखिएका छन् । त्यस्तै यसमा सङ्कलित संस्मरण मध्ये एउटा यात्राकेन्द्री र एउटा स्थानकेन्द्री छ । चारवटा व्यक्तिकेन्द्री छन् र दुईवटा साहित्यिक संस्था र समारोहसित सम्बन्धित छन् । उनका संस्मरणहरू पनि साहित्यिक गुणले युक्त  हुनाले पठनीय बनेका छन् ।

## घ) उद्देश्य

निबन्धकार रमेश मोहन अधिकारीद्वारा लेखिएको **सम्झनाको सेरोफेरो** (२०६३) नामक निबन्ध सङ्ग्रह यात्रा र घटनाहरूको संस्मरणात्मक निबन्धहरूको सङ्गालो हो । निबन्धकारले आफ्नो बाल्यकाल देखि वर्तमान सम्म आफ्नो जीवनमा घटेका घटना तथा रमाइला यात्राहरूको चित्रात्मक शैलीमा वर्णन गरेका छन् ।

जीवनमा यात्राको ठूलो महत्त्व र भूमिका हुन्छ मानिसले जस्तोसुकै अभाव परिवेश र परिस्थिति भए तापनि बाहिरी वातावरणको यात्राले आनन्दित तुल्याउँछ भन्ने कुरा यो निबन्ध सङ्ग्रहमा देखाउन खोजेका छन् । उनले आफू बाँचेको कालखण्डमा भएका आर्थिक, सामाजिक, राजनैतिक तथा सांस्कृतिक अवस्थाको चित्रण गरी पाठकहरूलाई जीवनका हरेक पक्षसँग जोडिएका ऐतिहासिक विषयवस्तु तथा अवस्थाका बारेमा परिचित गराउने उद्देश्य राखेका छन् ।

### ङ) शीर्षक

अधिकारीद्वारा लिखित यात्रा तथा विभिन्न घटनाहरूको संस्मरणात्मक निबन्धहरूको संगालो **सम्झनाको सेरोफेरो** (२०६३) शीर्षक सङ्ग्रहित निबन्धहरू भन्दा बाहिरबाट छुट्टै शीर्षक राखिएको छ । निबन्धकारले प्राय आफ्नो बाल्यकालमा घटेका घतलाग्दा घटना र छोटा तथा रमाइला यात्राहरू सम्झेर संस्मरणको शैलीमा निबन्धको स्वरूप दिएका छन् । उनका सम्झनामा बसेका केही स्थान व्यक्ति र मार्मिक घटनाहरूले नै निबन्ध सङ्ग्रहको आकार तुल्याउनमा भूमिका खेलेको कुरा उनकै निबन्धबाट पुष्टि हुन्छ । अतः उनले यस सङ्ग्रहको शीर्षक **सम्झनाको सेरोफेरो** राख्नु सार्थक देखिन्छ ।

## ५.४.४ निबन्धकार श्याम भारद्वाज र उनका हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहहरूको सङ्क्षिप्त विवेचना

### ५.४.४.१ श्याम भारद्वाजको सामान्य परिचय

निबन्धकार श्याम भारद्वाजको जन्म वि. सं. २०२४ आषाढ २७ गतेका दिन काभ्रेको नालामा माता राममाया भारद्वाजको कोखबाट भएको हो । यिनका पिता द्वारिकानाथ भारद्वाज हुन् । हाल उनको वर्तमान बासस्थान मकवानपुर जिल्लाको हेटौंडा -५ सानोपोखरा हो । वाणिज्य शास्त्रमा बी. कम. गरेका भारद्वाजले २०४३ देखि हालसम्म महेन्द्र मा. वि. पदमपोखरी मा शिक्षण गरिरहेका छन् । सानै उमेरदेखि साहित्यमा रुचि राख्ने भारद्वाजले साहित्यमा उच्चशिक्षा प्राप्त नगरे पनि यस क्षेत्रमा उनको रुचि र प्रतिभाले गर्दा निबन्ध क्षेत्रमा लगातार कलम चलाएको देखिन्छ । हालसम्म उनका हास्यव्यङ्ग्य सङ्ग्रहका रूपमा दुईओटा पुस्तक **कहीँ नभएको जात्रा हाँडी गाउँमा,** (२०५८) र **साम्देन बा र ज्यातिषी बाजे** ( २०६१) प्रकाशित भैसकेका छन् । यिनी श्री मकवानपुर सांस्कृतिक कलाकेन्द्र हेटौंडाका सम्पादक, सानो पोखरा क्लब हेटौंडाका सदस्य, 'गाउँका सहयोगी हातहरू' नामक सामाजिक संस्थाका सल्लाहकार एवम् पदमपोखरी -१ हेटौंडाबाट प्रकाशित हुने महेन्द्र बाटिका वार्षिक पत्रिकाका सम्पादक पनि रहेका छन् । भारद्वाजको पहिलो निबन्ध भने 'कहीँ नभएको जात्रा हाँडी गाउँमा' (२०५६) प्रणयन वार्षिक पत्रिकाको अङ्क २ मा प्रकाशित भएको हो र उहीँबाट

उनको निबन्ध यात्राको सुरुवात पनि भयो । विशेषतः यिनी हास्यव्यङ्ग्य निबन्धकार हुन् । यिनका प्राप्त दुई निबन्ध सङ्ग्रह पनि हास्यव्यङ्ग्यमा आधारित छन् ।

## ५.४.४.२ कहीँ नभएको जात्रा हाँडी गाउँमा निबन्ध सङ्ग्रहको सङ्क्षिप्त विवेचना

### क) पृष्ठभूमि

निबन्धकार श्यामकुमार भारद्वाजको पहिलो निबन्ध सङ्ग्रह **कहीँ नभएको जात्रा हाँडी गाउँमा** २०५८ सालमा आफ्नै प्रकाशकत्वमा प्रकाशित भएको देखिन्छ । अमृत थापाको आवरण कला रहेको यस निबन्ध सङ्ग्रहमा जम्म दस ओटा निबन्धहरू रहेका छन् ।

नेपालको राजनैतिक परिवर्तन मूलभूत रूपमा वि. सं. २००७ साल २०१७ साल र २०४६ सालमा भयो । यो राजनैतिक परिवर्तनसँग परम्परा, संस्कृति र सामाजिक मान्यताहरू पनि विघटित हुन पुगे । जसका कारण युवाहरूमा आधुनिकताको होडबाजी चल्न थाल्यो । समाजमा युवा पुस्ता र प्रौढ पुस्ता गरी दुई वर्ग विभाजित भए । केही युवा राजनीतिमा रमाउन थाले भने केहीले साहित्यमा रस लिन थाले । यसरी परिवर्तन भएको युवावर्गमा युवा साहित्यकारहरूले आफ्ना राजनैतिक, सामाजिक र साँस्कृतिक अरुचि र मतभिन्नतालाई साहित्यमा प्रयोग गर्न थाले । विगत केही वर्षमा भएका राजनैतिक संक्रमण र परिवर्तनले जनतामा आशा र निराशा दुवै ल्यायो । साहित्यकारहरूले यसलाई साहित्यको राम्रो खुराकका रूपमा लिए । कसैले यसलाई सिधा प्रस्तुत गरे भने कसैले यसलाई व्यङ्ग्यात्मक पाराले प्रकट गरे । यही समय सन्दर्भमा देखापरेका मकवानपुरे हास्यव्यङ्ग्य निबन्धकार श्याम भारद्वाजले पनि यिनै विविध परिवर्तनबाट उब्जेका विषयवस्तुलाई समेटेर आफ्ना निबन्ध सङ्ग्रह **कहीँ नभएको जात्रा हाँडी गाउँमा** तयार पारेका हुन् ।

**ख) कहीा नभएको जात्रा हााडीगाउामा निबन्ध सङ्ग्रहको संरचना**

लामा छोटा गरी विभिन्न विषयवस्तुलाई समेटेर तयार पारिएको प्रस्तुत **कहीँ नभएको जात्रा हाँडी गाउँमा** निबन्ध सङ्ग्रहको कलेवर दश ओटा निबन्धहरूबाट तयार पारिएको छ । जसमध्ये सबै भन्दा लामो आयामको निबन्ध **म माहात्म्य** र सबै भन्दा छोटो आयामको निबन्ध **दुई नम्बर** हो । यसको आयाम तीन पृष्ठमा फैलिएको छ । निबन्धकारको आफ्नै प्रकाशकत्वमा प्रकाशित प्रस्तुत निबन्ध सङ्ग्रहको प्रकाशित सङ्ख्या ५०० रहेको छ । जम्मा ५२ पृष्ठमा फैलिएको यस कृतिको मूल्य २५ रु रहेको छ । कृतिको भूमिका रूपमा भीम विरागको **मेरो दुई शब्द** रहेको छ । यस कृतिको आवरणकला अमृत थापाको रहेको छ । यस सङ्ग्रहको शीर्षकमा यसै कृतिको चौथो क्रमको निबन्ध 'कहीँ नभएको जात्रा हाँडीगाउँमा' राखिएको छ । त्यसै गरी यस सङ्ग्रह भित्रका निबन्धहरू क्रमशः **आलु, टिकट ! ए त्योसो पो, हाम्रो कुर्सी-बक्सिङ् खेल, कहीँ नभएको जात्रा हाँडी गाउँमा, देखाजाएगा** र **ल, दुई नम्बर, ससुरालाई चिठी, म माहात्म्य, पेटको कीरा** हुन् ।

**ग) विषयवस्तु**

**कहीँ नभएको जात्रा हाँडीगाउँमा** सङ्ग्रहका निबन्धहरू प्रायः राजनीतिक विषयवस्तुमा आधारित भएर लेखिएका हुनाले यहाँ विषयवस्तुको वर्गीकरण नगरिकनै चर्चा गर्ने प्रयास गरिएको छ । प्रसङ्ग अनुसार अन्य विषयवस्तुको पनि यहाँ जानकारी दिइएको छ । 'आलु' निबन्धमा म पात्रको सुरेश भन्ने एक जना मित्रसँग वार्तालाप मुख्य विषयवस्तुका रूपमा आएको छ भने त्यस वार्ताका क्रममा आलुको उपमा दिँदै नेताहरूको पार्टी फेर्ने परिपाटीलाई आलुसँग दाज्ने जस्ता कुरा विषयवस्तु बनेका छन् । 'टिकट : ए त्यसो पो' मा देशको निर्वाचनको टिकटलाई विषयवस्तु बनाइएको छ । 'हाम्रो कुर्सी-बक्सिङ खेल' मा म पात्रको घरमा रहेको बुढापाकाहरू बस्ने पुरानो कुर्सीलाई प्रतीकात्मक रूपमा लिँदै सत्तामा बस्ने नेताहरूको चरित्रलाई विषयवस्तु बनाइएको छ । 'कहीँ नभएको जात्रा हाँडी गाउँमा' निबन्धमा म पात्रको हाँडी गाउँको जात्रा हेर्न जाने क्रममा एक जना छट्टुसँग भेट भएको र उसले म पात्रलाई नराम्रोसँग ठगेको कुरालाई विषयवस्तुका रूपमा लिइएको छ । 'नाक' निबन्धमा म पात्रको आत्मकथाका रूपमा आएको आफ्नै परिवेशको नाक काटिएको प्रसङ्ग विषयवस्तुका

रूपमा आएको छ। 'देखा जाएगा र ल' निबन्धमा राजनीतिमा पाइला टेकेका उच्च व्यक्तिहरूले दुरदर्शी विचारै नराखी हचुवाका भरमा योजना बनाउँछन् भन्ने कुरालई विषयवस्तु बनाइएको छ। 'दुई नम्बर' निबन्धमा दुई नब्र शब्दको अर्थ कोट्याई त्यसको नकारात्मक प्रभाव म पात्रमा परेको कुरालई विषयवस्तु बनाइएको छ। 'ससुरालाई चिठी' निबन्धमा पत्रात्मक शैलीमा राजधानीको अस्तव्यस्ततालाई ज्वाइँले ससुरालाई पठाएको चिठीमा उल्लेख गरेको कुरा विषयवस्तुका रूपमा आएको छ। 'म माहात्म्य' मा पौराणिक प्रसङ्गबाट उठान गरेर, राजनैतिक, सामाजिक, प्रेम, व्यापार लगायत समाजका हरेक वर्गका व्यक्तिले म को दुरूपयोग गरेको कुरालाई विषयवस्तु बनायउको छ। त्यसैगरी यस सङ्ग्रहको अन्तिम निबन्ध 'पेटको कीरा' मा डाक्टरले नै चुरोट तानेको देख्दा म पात्रलाई अचम्म लागेको र डाक्टरले चुरोटका सकारात्मक पक्षको उल्लेख गरेको कुरा विषयवस्तुका रूपमा छ।

## घ) भाषाशैली

**कहीँ नभएको जात्रा हाँडीगाउँमा** (२०५८) निबन्ध सङ्ग्रहमा सरल नेपाली भाषाको व्यङ्ग्यात्मक प्रयोग गरिएका छ। कतै कतै स्थानीय भाषिकाको पनि प्रयोग पाइन्छ। यस सङ्ग्रहका निबन्धहरूमा छ कहीँ नभएको जात्रा हाँडीगाउँमा, काग कराउँदै गर्छ पिना सुक्दै गर्छ, जस्ता नेपाली भाषाका र जबतक रहेका आलु तबतक रहेका लालु आदि हिन्दी भाषाका उखान टुक्काको पनि प्रयोग छ। केही आगन्तुक शब्द जस्तै चप, मुर्गा, पन्चर, फ्राइ, मार्कसीट, पापड, स्पीकर आदिको प्रयोगले निबन्धमा रोचकता थपेको छ। यस सङ्ग्रहमा निजात्मक शैलीमा व्यङ्ग्यभाषा प्रस्तुत गरिएको छ। केही निबन्ध संस्मरणात्मक शैलीमा र केही कथात्मक शैलीमा लेखिएका छन्।

## ङ) उद्देश्य

यस सङ्ग्रहको रचना राजनीतिक विषयवस्तुमा आधारित भएकाले यसको उद्देश्य पनि त्यतैतिर ढल्केको पाइन्छ। राजनीतिक खिचातानी र आफ्नो भुडीँ फुलाउने प्रवृत्तिले विकृति तुल्याइसकेको राजनीति र सामाजिक संस्थाहरू लगायत अन्य प्रशासनिक निकायहरूको कर्तुतलाई पर्दाफास गर्ने उद्देश्य राखेको देखिन्छ। समाजमा बढेको ठगी र घुस्याहा प्रवृत्तिको मूल श्रोत भनेकै राजनीति हो र अब त यो राजनीति परिवारका सदस्यबीच पनि चल्न

थालेको छ । अतः यस्तो भयङ्कर महामारीका रुपमा फैलिएको यस प्रवृत्तिबाट छुटकारा कसरी पाउने भन्ने प्रश्न उठाउँदै त्यसको समाधानतिर लाग्नु पर्ने आग्रह यस सङ्ग्रहले बोकेको छ । यही नै उनको यस सङ्ग्रहको उद्देश्य हो ।

### च) शीर्षक

निबन्धकार श्याम भारद्वाजद्वारा लिखित र सङ्ग्रहित १० ओटा व्यङ्ग्य निबन्धहरूको सङ्ग्रह **कहीँ नभएको जात्रा हाँडीगाउँमा** (२०५८) को शीर्षक सङ्कलित निबन्धहरूमध्येकै चौथो निबन्धको शीर्षक हो । लेखकले निकै विचार गरेर मात्र यो शीर्षक छनौट गरेको देखिन्छ । नेपाल बहुसांस्कृतिक देश भएको र ठाउँठाउँमा जात्राहरू भैरहने भएकाले पनि यहाँ जात्राको विशेष मह□व देखिन्छ । अर्को कुरा नेपालका प्रजातान्त्रिक नेताहरूले नेपालको सम्पूर्ण परिस्थितिलाई हाँडीगाउँको जात्रा जस्तै हास्यास्पद बनाएका छन् भन्ने निबन्ध सङ्ग्रहको मूल मर्मलाई हेर्दा यो शीर्षक उपयुक्त र सार्थक देखिन्छ ।

## ५.४.४.३ साम्देन बा र ज्योतिष बाजे हास्यव्यङ्ग्य सङ्ग्रहको सङ्क्षिप्त विवेचना

### क) पृष्ठभूमि

निबन्धकार श्याम भारद्वाजको दोस्रो हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह **साम्देन बा र ज्योतिष बाजे** शकुन्तला सिंहको प्रकाशकत्वमा २०६१ साल माघमा प्रकाशित भएको देखिन्छ । यस निबन्ध सङ्ग्रहभित्र जम्मा १३ ओटा निबन्धहरू सङ्गृहीत छन् ।

निबन्धकार श्याम भारद्वाज मूलतः व्यङ्ग्य निबन्धकार भएकाले त्यस्ता निबन्धकारहरूका लागि लेख्ने परिवेश स्वतन्त्र हुनु आवश्यक छ । अभिव्यक्ति स्वतन्त्रता हनन भएका बेला व्यङ्ग्य निबन्धकारहरूलाई लेख्न स्वाभाविक रूपमा असजिलो महसुस हुन्छ । उपर्युक्त कथनलाई आधार मानेर उनको प्रस्तुत निबन्ध सङ्ग्रहको प्रकाशन काललाई हेर्ने हो भने प्रकाशन कालदेखि धेरै नै अगाडि उनले सङ्कलित निबन्धहरू लेखेको देखिन्छ । वि. सं. २०५८ सालको राजनैतिक परिवर्तन, त्यसले गरेको स्वतन्त्रताको हनन र द्वन्द्वको चरमोत्कर्षमा यस्ता हास्यव्यङ्ग्य निबन्धहरूले स्थान पाउने र विषयवस्तु भेट्टाउने अवस्था पनि कमै थियो ।

अतः यी सबै कुरालाई केलाउँदा यिनको यो कृति २०४७ देखि २०५७ को बीचको परिवेशमा लेखिएको देखिन्छ ।

## ख) संरचना

विभिन्न विषयवस्तुलाई समेटेर तयार पारिएको प्रस्तुत हास्यव्यङ्ग्य सङ्ग्रहको कलेवर बहत्तर पृष्ठको रहेको छ, जसमा १३ ओटा निबन्धहरू सङ्ग्रहीत छन् । सबैभन्दा लामो निबन्ध 'म पढेको विद्वान् भैदिएको भए' हो भने सबैभन्दा छोटो निबन्ध ऊ रहेको छ । 'भूमिका चट्याङको' शीर्षकमा चट्याङ् मास्टरको भूमिका रहेको छ भने **यस पुस्तक बारे** शीर्षकमा भीम विरागको मन्तव्य रहेको छ । प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहीत निबन्धहरू क्रमशः वरिष्ट डाक्टर, कक्टेल, बिरालोको घाँटीमा घण्टी झुण्याउनेको ?, कोमाको कान्छो छोरो म पढेको विद्वान् भइदिएको भए, साम्देन वा र ज्योतिष बाजे, ऊ, श्रीमान् महोदय, मज्जै मजाको हड्ताल, परिवर्तित शब्दार्थ, नेपाल चाउचाउ पार्टी, नियन्त्रण र नयाँ उखान हुन् ।

## ग) विषयवस्तु

**साम्देन बा र ज्योतिष बाजे** जम्मा तेह्र वटा हास्यव्यङ्ग्य निबन्धहहरूको सङ्कलित कृति हो । यस कृतिका निबन्धहरूले प्रायः राजनैतिक विषयवस्तुलाई समातेको देखिन्छ भने केही निबन्धहरू मात्र सामाजिक विषयवस्तुमा रहेका छन् । तर ती पनि अन्त्यमा राजनीतितिर मोडिएका छन् । अतः यहाँ विषयवस्तुको वर्गीकरण गर्ने काम गरिएको छैन क्रमशः निबन्धहरूको विषयवस्तुलाई खोतल्दै जाँदा पहिलो निबन्ध सामाजिक पृष्ठभूमिको देखा पर्दछ । प्रस्तुत पहिलो निबन्ध 'वरिष्ठ डाक्टर' मा वरिष्ठ पद भिरेर हिँडेका अनुभवहीन डाक्टर देखि लिएर नेता सम्मको प्रवृत्ति र वरिष्ठ बन्न रहर बोकेको तुच्छ व्यक्तिहरूको व्यवहारलाई विषयवस्तु बनाइएको छ । दोस्रा निबन्ध कक्टेलमा सामाजिक र राजनैतिक दुबै विषयवस्तुको समीश्रण छ । यसमा कक्टेलको अर्थ म पात्रले खोतल्ने सन्दर्भमा सामाजिक विकृतिका रूपमा देखिएका खराब आचरण र राजनीतिमा देखिएका अनैतिक क्रियाकलापलाई विषयवस्तु बनाइएको छ । तेस्रो निबन्ध 'बिरालोको घाँटीमा घण्टी झुण्ड्याउने को' मा विभिन्न भेगका मुसाहरूको सम्मेलनलाई प्रतीकात्मक बनाई राजनैतिक क्रियाकलापको चर्चा गरिएको छ । अतः यो निबन्धले विषयवस्तु बोकेको देखिन्छ । चौथो निबन्ध **कोमाको कान्छो छोरा** मा १२

वर्षे बालक कोमामा रहेको प्रसङ्गलाई आधार बनाएर प्रजातन्त्र धरापमा परेको कुरालाई विषयवस्तु बनाइएको छ । पाँचौ निबन्ध **म पढेको विद्वान् भइदिएको भए** यस निबन्धमा बाबुले पढेर विद्वान् हुनु भन्ने अर्ती सिद्ध गर्न हरेक ठाउँ म पात्रले चाहारेको तर जताततै लुटाहाहरू मात्र रहेकाले म पात्रको विद्वान् बन्ने सपना पूरा हुन नसकेको कुरालाई विषयवस्तु बनाइएको छ । छैठौं निबन्ध 'साम्देन बा र ज्योतिष बाजे' मा साम्देन बा र ज्यातिषी बाजेको वार्तालापबाट समाजमा धूर्त र चाटुकार व्यक्तिले मात्र प्रात्साहन पाउने सामाजिक प्रसङ्गलाई विषयवस्तुका रूपमा लिइएको छ । **ऊ** निबन्धमा कक्षाकोठाबाट प्रसङ्ग उठाउँदै जनताको विपत्तीमा नेताले राजनीति गर्ने कुरालाई राजनैतिक विषयवस्तुका रूपमा उठाइएको छ । आठौं निबन्ध 'श्रीमान् महोदय' मा न्यायधीश र भ्रष्टचारी नेताको व्यङ्ग्यात्मक विवादलाई राजनैतिक विषयवस्तुका रूपमा लिइएको छ । नवौं विबन्ध 'मज्जै मज्जाको हड्ताल' मा बन्दहड्तालमा जनमानसलाई कति सम्म अप्ठ्यारो पर्छ भन्ने कुरा एकातिर दर्शाइएको छ भने त्यस्तो बेला विहेको लगन पर्दा एम्बुलेन्सबाट जन्ती ओसार्नु परेको र यो परिस्थिति राजनैतिक स्वार्थ पूरा गर्नेका लागि उब्जाइन्छ भन्ने राजनैतिक परिवेशको घटना विषयवस्तुका रूपमा आएको छ । दशौं निबन्ध 'परिवर्तित शब्दार्थ' मा अब विद्यालयमा शिशुहरूलाई क बाट कलम अ बाट अङ्गुर पढाउनुको सट्टा अ बाट अनसन, आ बाट आन्दोलन जस्ता समय सापेक्ष वर्णमाला पढाउनु पर्ने कुराद्वारा व्यङ्ग्यात्मक पाराले राजनीतिले राष्ट्रमा पारेको नकारात्मक प्रभावलाई परोक्षमा विषयवस्तु बनाइएको छ । एघारौं निबन्ध 'चाउचाउ पार्टी' मा म पात्रको चाउचाउमा प्राप्त हुने उपहार मोह र त्यस्तै मोह बाँडेर पार्टी सम्म खोल्न सक्ने म पात्र लगायत अन्य साथीको संवादलाई विषयवस्तु बनाइएको छ । बाह्रौं निबन्ध 'नियन्त्रण' पनि राजनीतिक विषयवस्तु बोकेको निबन्ध हो । प्रस्तुत निबन्धमा म पात्रले अरु साथी माझ धक्कु लगाउन आफ्नो घर परिवारमा अनावश्यक अधिकारको प्रयोग गरी नियन्त्रण गर्न खोजेको प्रसङ्गलाई विषयवस्तु बनाइएको छ । अन्तिम निबन्ध 'नयाँ उखान' मा समयको माग अनुरूप उखानमा पनि परिवर्तन गर्नुपर्ने आवश्यकतालाई औंल्याई केही नेपाली उखानलाई राजनीतिक घटनासंग जोड्ने प्रयासमा गरिएको छ र त्यही उखानलाई यस निबन्धको विषयवस्तु बनाइएको छ ।

### घ) भाषाशैली

निबन्धकार भारद्वाज विशेषतः व्यङ्ग्य निबन्धकार भएकाले उनको शैली पनि व्यङ्ग्यात्मक छ । प्रायः आत्मपरक शैलीमा लेखिएका उनका निबन्धमा कथात्मक शैली पनि अपनाइएको छ । झर्रो बानीको टर्रो स्वभाव पर्छ-झर्छ जस्ता आनुप्रासिक शब्दको प्रयोग उनका निजी शैलगीत विशेषता हुन् । सरल भाषाको प्रयोग, अङ्ग्रेजी शब्दको बाहुल्यता भए पनि तिनको सान्दर्भिक प्रयोग र तार्किकता उनका शैलगीत विशेषता भित्र पर्दछन् ।

### ङ) उद्देश्य

निबन्धकार भारद्वाजको **साम्देन बा र ज्योतिष बाजे** पूर्णतया राजनीतिक क्षेत्रमा भएका भ्रष्टभार र कुकृत्यलाई झटारो हान्ने व्यङ्ग्य शैलीमा लेखिएको कृति हो । राजनीतिको खेल दिनानुदिन फोहोरी बन्दै गैरहेको प्रति लेखक चिन्तित देखिएका छन् । आफ्नो स्वार्थका निम्ति पार्टी खोल्ने र स्वार्थ पूरा भएपछि पार्टी फुटाई जनतालाई दुख दिने जस्ता प्रवृत्तिलाई रोक्नुपर्छ भन्ने उद्देश्य यस निबन्धले अङ्गीकार गरेको छ, साथै आजको राजनीतिले सामाजिक क्षेत्र, धार्मिक क्षेत्र लगायत शिक्षाको क्षेत्रमा पारेको नकारात्मक प्रभावप्रति सचेत हुँदै यदि यस्तै दशा रह्यो भने आगामी वर्षमा शैक्षिक क्षेत्र सामाजिक संस्थान र प्रशासनिक क्षेत्र कस्तो होला भन्ने चिन्ता व्यक्त गर्नुका साथै लेखकले यसबाट सबैमा चेतना जाग्नु पर्ने आग्रह गरेका छन् । जुन कुरा यस कृतिको उद्देश्य बनेको छ ।

## ५.५ मकवानपुर जिल्लाका निबन्धकार र तिनका फुटकर निबन्धहरू

यस अघिका शीर्षकहरूमा मकवानपुर जिल्लामा स्थायी बसोबास गर्ने एवम् आफ्ना साहित्यिक कृतिहरू प्रकाशित गरेका निबन्धकारहरूको परिचय र तिनको योगदान माथि विश्लेषण गरियो भने यस शीर्षकमा लामो समय देखि निबन्ध लेखनका क्षेत्रमा लोगका निबन्धकारहरूको सामान्य परिचय सहित फुटकर निबन्धको चर्चा गरिएको छ ।

***रामचन्द्र आचार्य 'फुर्सती' (२००५)***

मकवानपुर जिल्लामा व्यङ्ग्यशात्रीका नामले परिचित आचार्यले गद्य र पद्य दुवै विधामा कलम चलाएका छन् । उनका प्रकाशित दुई कृतिमध्ये दोस्रो कृति फेरी पनि कुर्णेश विविध विषयको सङ्ग्रह भएकाले यसमा सङ्गृहीत निबन्धको मात्र चर्चा गरिएको छ ।

प्रस्तुत सङ्ग्रहमा दुईवटा निबन्धहरू आबद्ध छन् । 'भासभुसे सम्मेलनको फासफुसे निर्णय' व्यङ्ग्य निबन्धमा निबन्धकारले विभिन्न वैठकका लागि बजेट छुट्याउने सरकारले उक्त बजेटको कुनै ठोस निर्णय गर्न नसकी केबल तरल पदार्थ पिएर बचेको रकम दामासाहीहरूमा बाँढ्ने परिपाटि देशमा बढ्दै भएको भन्दै त्यसको विरोध गरेका छन् ।

त्यस्तै अर्को निबन्ध 'टेढिनु छ फलाधिक' मा आजको जमानामा जो बाङ्गो छ त्यसले नै आफ्नो स्थार्थ पूरा गर्छ र जो सोझो छ त्यसको मुखमा कुकुरले पनि चाट्छ भन्ने देखाइएको छ । यहाँ मरणोपरान्त सम्मान एवम् पुरस्कार दिने परिपाटीको विरोध, समालोचकमा रहेको स्तुतिवादी प्रवृति, साहित्यकारहरूलाई हातमुख जोर्न समस्या र नेताहरूको विलासी जीवनको चित्रण, भानुभक्तको 'आदि कवित्वका' का बारेमा उठेका टिकाटिप्पणी जस्ता विषयवस्तुलाई अगाडि सारिएको छ ।

विभिन्न उखान टुक्का तथा अलङ्कारको प्रयोग गर्दै व्यङ्ग्यात्मक शैलीमा लेखिएका प्रस्तुत निबन्धहरूमा हिन्दी, संस्कृत, अङ्ग्रेजी भाषाको फाटफुट प्रयोग गरेको देखिए पनि सरल र बोधगम्य बनेको छ । यसरी प्रस्तुत निबन्धले यस जिल्लाको व्यङ्ग्य साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

*रुद्रनाथ न्यौपाने (२००२)*

नुवाकोटको गेर्खुमा जन्मिएका न्यौपानेले साहित्यिक क्षेत्रमा खासै योगदान नदिए तापनि उनको वनभ्रमण शीर्षकको निबन्ध वन समितिको आङ्कनै वार्षिक मुखपत्र (२०६२) मा प्रकाशित छ । उनले विभिन्न सामाजिक संस्थाहरू (वन समिति, विद्यालय खानेपानी, बाटो निर्माण) मा संस्थापक एवम् अध्यक्ष पदमा रहेर योगदान गरेका छन् । साधारण लेखपढ गरेका न्यौपानेले आफू वन समतिका अध्यक्ष पदमा रहँदा वन संरक्षणको अध्ययनका क्रममा गइएको भ्रमणलाई रोचक ढङ्गले प्रस्तुत गरेका छन् ।

कथात्मक शैलीमा लेखिएको तीन पृष्ठको उक्त नियात्रा वनको संरक्षण र सम्बर्न्धनमा केन्द्रित छ । यात्राका क्रममा विभिन्न स्थानमा रहेका संरक्षित वनहरूको विशेषता एवम् फाइदाहरूलाई रोचक ढङ्गले उठाइएको छ । लामो समयसम्म उक्त पदमा रहँदा समाजले पनि उत्तिकै रुचाएको, आफ्नो नेतृत्वमा हटिया गा. वि. स. को विभिन्न स्थानमा वृक्षरोपण गरिएको र उक्त कार्य सफल पनि भएको विषयलाई उठाइएको छ । स्थानीय वनको संरक्षण गर्नु हामी सबैको धर्म, कतर्व्य र दायित्व हो भन्ने न्यौपानेको नियात्रामा सरल भाषाशैलीको प्रयोग भएको पाइन्छ ।

***देवराज खरेल (२००७)***

काभ्रेमा जन्मिएका खरेलका निबन्ध, कविता, कथा गजल प्रकाशित भए पनि प्रस्तुत **म** निबन्ध **अभिव्यक्ति** (२०६०) पत्रिका मा प्रकाशित छ । देवनागरी वर्णमाला व्यञ्जनवर्णहरूमध्ये पच्चिसौं र 'प' वर्गको अन्तिम अक्षर व्याकरणमा उत्तम पुरुषको एक वचनलाई बुझाउने आम्रवाचक सर्वनाम शब्द 'म' भन्ने अर्थ लाग्ने तँ अक्षरले तुच्छ र 'म' अक्षरले राम्रो ठूलो स्वार्थीपना बुझाउने कुरालाई विषयवस्तु बनाएका छन् ।

प्रस्तुत निबन्धमा 'म' कै कारणले मानिसले जीवनमा प्रगति गर्न नसकेको म कै कारणले लुछाचुँडी र द्वेष भाव जन्मेको म नै ठूलो म नै जाती, म दयालु, म सिपालु र म धर्मात्मा म शुद्ध म पवित्र, म निष्कलङ्क जस्ता मपाईत्व भावले परिवार, देशले उन्नति गर्न नसकेको कुरालाई रोचक ढङ्गले व्यक्त गरेको छन् । राष्ट्रिय राजनीतिमा समेत मपाइत्वको कुप्रभाव देखा परेकाले २०४६ को सफल आन्दोलन पछि नेताहरूको व्यक्तिगतहरू स्वार्थले गर्दा देशले ठूलो घाटा सहनु परेको विषयलाई सरल सहज भाषा र शैलीमा लेखिएको निबन्ध मार्मिक छ ।

समग्रमा आत्मपरक निबन्धकार खरेलले मपाइत्वको नकारात्मक प्रभावले व्यक्तिदेखि राष्ट्रसम्म जरागाडेको छ । यसलाई सबै तहबाट मपाइँत्व नरहेमा स्वच्छ पवित्र, र सन्दुर हुने दुरगामी कल्पना गरेका छन् ।

*आर. आर. चौलागाईं (२०१५)*

आर. आर चौलागाई काभ्रेमा जन्मिए पनि उनी स्थायी रुपमा मकवानपुर बस्दै आएकाले साहित्यिक कर्मथलो भने उनको मकवानपुर बनेको छ । यिनी कवि कथाकारका रुपमा परिचित भएपनि यहाँ उनको पहिलो निबन्ध **खुट्टा तान्ने खेल, मिरमिरे** (२०५२) मा प्रकाशित छ । विशेषतः उनी कविका रूपमा परिचित भए पनि निबन्ध विधामा पनि उत्तिकै कलम चलाएका छन् । कर्मचारी तहदेखि माथिल्ला तहसम्म फैलिएको अर्काको प्रगति देख्न नसक्ने प्रवृत्ति, नै यस निबन्धको विषयवस्तु बनेको छ ।

चौलागाइको अर्को निबन्ध **खोलो तरेपछि** (२०५४) **सगर** पत्रिकामा प्रकाशित छ । जब चुनाव नजिक आउँछ त्यसबेला नेताहरू घर-घर आउँने र जे भन्यो गरिदिने लोभ देखाउँछन् तर सत्तामा पुगेपछि खोला तरेपछि लौरो बिर्सने उखान चरितार्थ हुने कुरालाई यस निबन्धमा मार्मिक तरिकाले उठाएका छन् ।

लघु आकारको ६ अनुच्छेद मा विभक्त चौलागाइँको निबन्ध भाषा शैली सुबोध सरल र वर्णनात्मक शैली अपनाइएको छ । निबन्धमा कतै-कतै थिचथाच, मिचमाच जस्ता अनुप्राशीय शब्दले व्यङ्ग्यात्मक मधुरता थपेको छ ।

समग्रमा आफुले गर्न नसके पनि अरुले गरेका कामलाई नविगारे मात्रै पनि समाज र देशको कल्याण हुन्थ्यो कि ? भन्ने कुरालाई अघि सारेका छन् ।

*अनन्तराज न्यौपाने (२०३६)*

नुवाकोट जिल्लामा जन्मेका न्यौपाने साहित्यिक क्षेत्रमा भन्दा आध्यात्म पाटोतिर बढी सक्रिय देखिन्छन् । उनका रचनाहरू विशेष गरेर धार्मिक पत्रिकामा प्रकाशित छन् प्रस्तुत 'शरणागति औचित्य' शीर्षकको निबन्धधर्मी रचना भएकाले यहाँ चर्चा गरिएको छ । २०५४ सालदेखि शिक्षण पेशामा लागेका न्यौपाने शिक्षण पेशा छाडी एकाएक अध्यात्मतिर तानिन पुग्छन् । स्नातक तह उत्तीर्ण न्यौपाने हाल **शरणागति सन्देश** धार्मिक पत्रिकामा आबद्ध छन् भने श्री वैष्णव युवा परिषद्का केन्द्रीय सदस्य हुन् ।

प्रस्तुत **शरणागति औचित्य** निबन्धमा ईश्वरको भक्ति र समर्पर्णलाई विषयका रूपमा उठाइएको छ । वर्तमान सन्दर्भमा अध्यात्मदेखि टाढा भएका व्यक्तिहरूको जीवन अर्थहीन भएको र अस्तित्त्व जोखिममा परिरहेको कुरालाई मार्मिक ढङ्गले व्यक्त गरिएको छ । जस्तै नास्तिकले पनि कुनै न कुनै प्रकारले ईश्वरलाई मानिरहेको हुन्छ । श्रीमदभागवद्गीतामा श्री कृष्ण भगवानले अर्जुनलाई समर्पण एवम् शरणागतिबारे **सर्वधर्मान् परित्यज्य** को भावना अनुसार यथार्थ ज्ञान गराए जस्तै हरेक मानिसले ईश्वर प्रति समर्पित हुनु पर्ने औचित्य र महत्त्वलाई यस निबन्धमा दर्शाइएको छ । शरणागति भनेको नै भगवानप्रति समर्पित हुनु हो भन्ने भाव रहेको प्रस्तुत निबन्धमा धर्मल नै सम्पूर्ण मानिसहरू बिच एकता हुने सद्भाव परोपकार जस्ता भाव उत्पन्न हुने र हत्या, हिंसाजन्य विकृत मानसिकतालाई हटाएर स्वच्छ, पवित्र एवम् धार्मि वातावरण सहितको समाज र राष्ट्रको निर्माण हुने कुरामा निबन्धकार विश्वस्त छन् ।

*नवराज न्यौपाने (२०३८)*

वि. सं. २०३८ सालमा मकवानपुर जिल्लाको हटिया गा. वि. स. मा जन्मिएका संस्मरणकार न्यौपानेले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । स्नातक तहसम्म अध्ययन गरेका न्यौपानेले सौरभ (२०६८) नामक पत्रिकामा आङ्नो निबन्ध उक्त निबन्धमा आफू साउदीमा ५ वर्ष बस्दाको क्षणलाई संस्मरणका ढङ्गबाट उठाइएको छ । लाखौंको सङ्ख्यामा विदेशिएले नेपालीहरू भोग्नु परेको पीडा, धेरै दाजुभाइहरू बुझ्दैनबुझी विदेशिने अवस्था, दलालको फन्दामा परी तोकेजति तलब नपाउनु अरबीहरूको असह्य व्यवहार भाषाको कठिनाइ आदिका कारणले पाउने अफठ्यारा परिस्थितिहरू निबन्धमा छताछुल्ल भएर पोखिएको छ ।

सरसर्ती पढ्दा कथाजस्तो लाग्ने प्रस्तुत निबन्धमा सरल एवम् सहज भाषाको प्रयोग भएको छ कतै अरबी भाषाको प्रयोग पनि भएको पाइन्छ । नेपालीहरूको विदेशिन प्रवृत्तिलाई उजागर गरी विदेशी महत्ता एकै भव्यतालाई देखेर लोभिन नहुने कुराको सङ्केत यस संस्मरणमा गरिएको छ ।

*सुवास खनाल (२०३९)*

मकवानपुरको छतिवन, पावसमा जन्मिएका खनालको 'म रोबर्ट' शीर्षकको निबन्ध **मधुपर्क** (२०६७) मा प्रंकाशित छ । खनाल विचारप्रेमी भएकाले उनको **म रोबर्ट** निबन्धले वेचारिक विषयवस्तुलाई नै समेटेको देखिन्छ ।

यस निबन्धमा मानव सभ्यताको विकासक्रम, मानिसको जीवनशैली, उसको दिनचर्या र उसका जीवनभरिका आकाङ्क्षामा विषयवस्तु फैलिएको छ । मानवको विकासक्रम सँगसँगै मानिसले आफ्नो अस्तित्त्व मेटाएर आफूलाई बाहिरी आडम्बर, धर्म समाज, सभ्यता र संस्कृति अनि पैसाद्वारा नियन्त्रित बनाएको छ । मान्छे जन्मदा स्वतन्त्र जन्मन्छ र समाजले उसलाई परतन्त्र बनाउँदै लैजान्छ भन्ने रुसोका भनाइमा निबन्धकार देखिन्छन् ।

उक्त निबन्धमा विश्लेषणात्मक भाषाशैली अँगालिएको छ । विभिन्न पारिभाषिक शब्द जस्तैः भावभङ्गिमा, हाइपोथेसिस, पोस्टमोर्डन, रोबर्ट, बुख्याचा जस्ता शब्दले अर्थगत जटिलता थपेका छन् । विचार र दर्शनको बाहुल्यता भएकाले निबन्ध केही गहन बनेको छ ।

निष्कर्षमा परतन्त्र र भौतिकतामा यन्त्रमानव जीवन व्यतीत गरिरहेका आजको मान्छे मान्छे होइन केवल मान्छेको आकृति ओढेको रोबर्ट हो भन्ने भनाई यस निबन्धको मुख्य उद्देश्यका रूपमा रहेको छ ।

## ५.६ निष्कर्ष

नेपाली निबन्ध परम्परामा मकवानपुर जिल्लाले जति द्रुत गतिमा योगादन दिनुपर्ने हो सो दिन सकेको छैन । यहाँ सम्भव भए सम्म निबन्धकार र तिनका निबन्धात्मक कृतिहरूलाई विवेचना गरिएको छ तर यति नै पर्याप्त हो भन्न सकिदैन । बृहत अनुसन्धान गर्ने क्रममा अन्य निबन्धकारहरूलाई पनि फेला पार्न सकिने सम्भावनालाई नकार्न सकिँदैन ।

मकवानपुरे निबन्धको क्षेत्र जुन गतिमा विकास हुनुपर्थ्यो त्यो नभएको देखिन्छ । किनकी राजधानीको नजिक भएर पनि निबन्धका साथै साहित्यका अन्य विधामा अग्रता हासिल

गर्न सकेको छैन । कवि-कथाकारहरूले नै यदाकदा लेखेका निबन्धहरू यस शोधपत्रको वर्ण्य विषय भएकाले अत्यन्त लघु आकारमा समेटिएको छ ।

## छैटौं परिच्छेद

# नेपाली निबन्ध परम्परामा मकवानपुर जिल्लाको योगदान

### ६.१ परिचय

प्राकृतिक सौन्दर्यको भण्डार तथा वातावरणीय मोहकतको भरिएको मकवानपुर ऐतिहासिक महत्त्वका साथै शैक्षिक र राजनैतिक महत्त्वले समेत ख्याति प्राप्त जिल्ला हो । सानो नेपाल नामले समेत चिनिने यो जिल्ला भौतिक विकासका दृष्टिले त्यति विकसित नदेखिए पनि पूर्व पश्चिम महेन्द्र राजमार्ग, पृथ्वी राजपथ आदिको सम्पर्कका कारण महत्त्वपूर्ण देखिन्छ । तामाङहरूको बाहुल्य रहेको यस जिल्लामा रहेका महत्त्वपूर्ण स्थानहरूमा मकवानपुर गढी, चिसापानी गढी, हेटौंडा, पालुङ, इन्द्रसरोवर आदि पर्दछन् भने पर्यटकीय दृष्टिले दामन सिमभञ्ज्याङ, सहिद स्मारक आदि उल्लेख्य रहेका छन् । यस जिल्लाको लोक साहित्यिक परम्परा लामै र समृद्ध देखिए पनि मौलिक साहित्यिक परम्पराको सुरुवात भने वि. सं. २००० पछि मात्र भएको देखिन्छ । तत्कालीन समयमा प्रमुख वैदेशिक नाकाका रूपमा रहेको भीमफेदी नै मकवानपुरे साहित्यको क्रीडा स्थल बनेको देखिन्छ । पछि क्रमशः जिल्ला सदरमुकाम हेटौंडा सरेपछि भने सबै खाले साहित्यिक, साँस्कृतिक गतिविधिहरू पनि सहरकेन्द्रित हुन पुगेका देखिन्छन् ।

मकवानपुरे साहित्यको लेखनारम्भ कुन विधाबाट सुरु भयो भन्ने कुराको तथ्यगत प्रमाण फेला पार्न नसकिए तापनि निबन्ध लेखनको सुरुवात भने धेरै पछि मात्र भएको देखिन्छ । मकवानपुरे निबन्धकारहरूमा कतिपय प्रसिद्ध निबन्धकारहरू मकवानपुरबाटै बसाईसरी काठमाडौं आएको इतिहास भेटिन्छ । श्यामप्रसाद शर्मा, केशवप्रसाद उपाध्याय गोविन्द गिरी प्रेरणा जस्ता मूर्धन्य स्रष्टाहरूको जन्मथलो र प्रारम्भिक शिक्षाको थलो मकवानपुर नै भए पनि त्यहाँबाट स्थानान्तरण भै काठमाडौं आएको देखिन्छ ।

निबन्ध लेखनको मूल इतिहासलाई आधार बनाएर त्यसेको सेरोफेरोमा मकवानपुरमा के कस्ता निबन्धकारहरूको उदय भो र ती निबन्धकारहरूले समग्रमा नेपाली निबन्धको परम्परामा के कस्ता प्रभाव र योगदान दिन सफल भए भन्ने कुराको खोजी गर्दा अभिव्यक्ति

द्वैमासिक (२०५०) पत्रिका मा प्रकाशित जानकारी अनुसार २०२४ सालतिर रामचन्द्र आचार्य फुर्सतीको 'स्याल आरती' पहिलो निबन्धका रूपमा 'अपर्ण' मासिक पत्रिकामा प्रकाशित भएको देखिन्छ । व्यङ्ग्य शास्त्रीको उपनामले मकवानपुरे साहित्यको फाँटमा चर्चा पाएका फुर्सती फुर्सतकै बेलामा साहित्यिक कृतिको रचना गर्ने भएकाले साहित्यिक फाँमा आफ्नो प्रतिभालाई निखार्न पाएनन् । उनको पहिलो निबन्ध 'स्याल आरति' अप्राप्य रहेकाले उनको लेखनको कौशलता, निबन्धात्मक पवकृति र योगदान उनका प्राप्य निबन्धात्मक लेख सङ्ग्रह 'फेरि पनि कुर्णेश' आंकलन गर्न सकिन्छ ।

फुर्सती व्यङ्ग्य निबन्धकार हुन् र उनको **फेरि पनि कुर्णेश** कृतिमा सङ्कलित जम्मा चार निबन्धहरूका आधारमा हेर्ने हो भने उनी उच्चकोटीका व्यङ्ग्य निबन्धकारका रूपमा देखिन्छन् । नेपाली व्यङ्ग्य निबन्धको क्षेत्रमा राजधानीको साहित्यिक फाँटबाट भैरव अर्यालले जति चर्चा पाए त्यति चर्चा फुर्सतीले पाएको देखिँदैन् तर पनि निबन्धमा पाइने अनुप्रासीय शैली, व्यङ्ग्यको चोटिलो पेचले समाजका कुरीतिहरूको शिष्ट शैलीमा भण्डाफोर गर्ने प्रवृत्तिले उनलाई नेपाली निबन्धको परम्परामा महत्त्वपूर्ण योगदान दिने व्यक्तिका रूपमा लिन सकिन्छ । निबन्ध विधालाई आधुनिकताकालमा प्रवेश गराउने लक्ष्मीप्रसाद देवकोटाले स्थापना गरेको नेपाली निबन्धको परम्परालाई अझ बलियो र समृद्ध बनाउने कार्यमा फुर्सतीको योगदान प्रशंसनीय छ । नेपाली निबन्धको व्यङ्ग्य परम्परालाई स्थापना गर्ने लक्ष्मीप्रसादको प्रवृत्तिलाई भैरव अर्यालले उज्जव बनाए भने त्यसलाई फराकिलो बनाउन फुर्सतीका निबन्धले निकै ठूलो योगदान दिएका छन् ।

त्यसैगरी मकवानपुरे निबन्ध क्षेत्रमा अर्का निबन्धकार आर. सी. रिजाल देखा पर्दछन् । रिजालले यस शोधकर्तालाई जानकारी दिए अनुसार उनको पहिलो निबन्ध 'कवि बन्ने धुनमा' (२०२८) रातो सूर्य पत्रिकामा प्रकाशित भएको थियो । यिनका हास्यव्यङ्ग्यात्मक निबन्धहरूको सङ्गालो **हाकिमको खप्पर** (२०६३) प्रकाशित छ । यिनका निबन्धहरू मूलतः प्रशासनिक र राजनैतिक विषयवस्तुमा आधारित भए पनि सामाजिक विषयका विभिन्न क्षेत्रलाई यिनको निबन्धमा समेटिएको पाइन्छ । नेपाली उपन्यासको समसामयिक धारा तथा व्यङ्ग्यात्मक धारालाई प्रतिनिधित्व गर्ने उनका प्रत्येक निबन्धहरूले निबन्ध परम्परामा एउटा नयाँ प्रवृत्ति जन्माएको पाइन्छ । उनका प्रायः व्यङ्ग्य निबन्धमा परिस्थितिलाई सानो झ्यालबाट चियाउन

सक्ने क्षमता ठाउँ ठाउँमा भेट्न सकिन्छ । निबन्धको मूल विषयवस्तुलाई विभिन्न घटनाका सन्दर्भमा जोड्ने उनको पवृत्ति प्रसिद्ध निबन्धकार श्यामप्रसाद शर्मासँग मिल्दो देखिन्छ । नेपाली निबन्धहरूमा विभिन्न समसामयिक विषवस्तुलाई जोडे पनि निबन्धको शैलीमा व्यङ्ग्यात्मक पारा निबन्धकार फुर्सतीको भन्दा भिन्न देखिन्छ । शिष्ट र मर्यादित भाषामा सन्दर्भित समाजको दुरुस्त चित्र उतार्न सक्ने खुबीले नेपाली निबन्ध परम्परामा एउटा छुट्टै मोड स्थापना गरेको छ । मकवानपुरकै निबन्ध क्षेत्रलाई प्राञ्जल बनाउने कार्यमा उनको महत्त्वपूर्ण भूमिका देखिन्छ भने नेपाली निबन्धलाई उच्चकोटीमा पुऱ्याउन यिनका निबन्धको ठूलो योगदान रहेको देखिन्छ ।

यसै क्रममा नेपाली निबन्ध परम्परामा अर्का निबन्धकार नवराज शर्मा (तिमिल्सिना) केही फुटकर निबन्धहरू लिएर देखा पर्छन् । उनका निबन्धहरू प्रायशः समसामयिक विषयवस्तुका आधारमा लेखिएका छन् । सामाजिक यथार्थ वैचारिक गहनता र वर्णनात्मक शैलीले उनलाई सफल निबन्धकार बनाएको छ । मकवानपुरबाट निस्कने अभव्यक्ति मासिक साहित्यिक पत्रिकामा आफ्ना विभिन्न फुटकर निबन्ध प्रकाशित गरिसकेका शर्माले नेपाली निबन्धपरम्परालाई महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । नेपाली निबन्ध क्षेत्रमा वर्तमान सन्दर्भमा उनका थोरै निबन्धहरू पनि उत्कृष्ट र प्रतिनिधि निबन्ध बन्न सफल देखिन्छन् ।

निबन्ध परम्परामा अर्का निबन्धकार यादवप्रकाश शर्मा देखा पर्दछन् । यादवप्रकाश शर्माका कतिपय फुटकर निबन्धहरू अभिव्यक्ति साहित्यिक मासिक पत्रिकामा प्रकाशित देखिन्छन् । शर्मा निबन्धलाई आफ्नो विचार पोख्ने साधन मान्दछन् । विचारको व्यवस्थित रूपलाई नै निबन्धको स्वरूप मान्ने शर्माले आफ्नो निबन्धमा नेपालका विभिन्न समाजिक राजनैतिक तथा सांस्कृतिक पक्षलाई सफलतापूर्वक समेटेका छन् । नेपाली निबन्धको समसामयिक धारामा जे जस्ता निबन्धहरू देखिएका छन् तिनकै गोरेटोलाई पछ्याउने खालका शर्माको निबन्धहरूले नेपाली निबन्ध परम्परामा मकवानपुरको साहित्यिक फाँटबाट योगदान पुऱ्याएको देखिन्छ ।

यसपछिका निबन्धकारहरूमा निबन्धकार आर. आर. चौलागाईँ देखा पर्दछन् । साहित्यका विभिन्न विधामा कलम चलाउने उनका विभिन्न पत्रपत्रिकामा फुटकर निबन्धहरू

प्रकाशित भए पनि पर्याप्त कृतिहरू उपलब्ध हुन सकेको छैनन् । **अजम्बरी नामहरू** शीर्षकको कृतिमा थुप्रै निबन्धहरूको नाम उल्लेख भएको पाइन्छ । (अजम्बरी, २०६३, चौलागाईं, हेटौंडा, साहित्य प्रसङ्गम प्रकाशन) उनका प्रकाशित केही फुटकर निबन्धहरूमा उनको निबन्धकार व्यक्तित्वलाई आँकलन गर्न सकिन्छ । उनी मूलतः वैचारिक निबन्धकार बनेर मकवानपुरको निबन्ध क्षेत्रमा उदएका हुन् । समसामयिक नेपाली निबन्धपरम्परामा लेखकीय प्रवृत्तिहरू परिवर्तन हुँदै गएपछि क्रमशः उनी पनि आफ्नो लेखनीय प्रवृत्तिलाई मोडेर व्यङ्ग्य निबन्धकार बन्न पुग्छन् । **खोलो तरेपछि** र **खुट्टा तान्ने खेल** जस्ता निबन्धले उनलाई गम्भीर व्यङ्ग्य निबन्धकारका रूपमा उभ्याएको छ । निबन्धका विभिन्न धारा र प्रवृत्तिलाई पछ्याउने क्रममा चौलागाइले निबन्धको यथार्थवादी धारालाई पछ्याएका छन् । उनको नैबन्धिक लेखन यात्राले नेपाली निबन्धको परम्परालाई उझ बलियो बनाएको देखिन्छ ।

मकवानपुरे निबन्धका फाँटमा यस पछि अर्का निबन्धकार श्याम भारद्वाज देखा पदृछन् । उनका **कहीँ नभएका जात्रा हाँडी गाउँमा** (२०५८), **साम्देन बा र ज्यातिष बाजे** (२०६३) गरीदुई वटा निबन्ध सङ्ग्रहबाट नेपाली निबन्धपरम्परालाई समृद्ध बनाएका छन् । यिनी मूलतः आलोचनात्मक लेखक भएकाले यिनका निबन्धमा आलोचनावादी प्रवृत्ति बढी देखिन्छ । सामाजिक कुरीति र विसङ्गतिलाई विभिन्न प्रतिनिधि व्यक्तिको चरित्रका माध्यमबाट व्यक्त गर्ने उनको प्रवृत्तिले निबन्धलाई थोरै व्यङ्ग्यात्मक पनि बनाएको छ । समसामयिक समाजका जल्दा बल्दा समस्यालाई मूल विषय वस्तु बनाउने भारद्वाजले आफ्नो निबन्ध मार्फत नेपाली निबन्धपरम्पराको मूल धारलाई समातेकाले यिनको योगदान उल्लेखनीय देखिन्छ । यसपछि मकवानपुरे निबन्धको फाँटमा अर्का लेखक भीम विराग देखा पर्दछन् । उनी मूलतः कवि र गीतकार भए पनि उनको एउटा संस्मरणात्मक निबन्ध **स्वर सम्राटलाई सम्झना** लिएर देखा पर्दछन् । संस्मरणात्मक शैलीमा लेखिएको उनको यो निबन्ध नेपाली निबन्धको परम्परामा निकै महत्त्वपूर्ण देखिन्छ । यसपछिका अर्का निबन्धकार हुन् रमेश मोहन अधिकारी । अधिकारीको १९ वटा संस्मरणात्मक निबन्धहरूको सङ्गालो **सम्झनाको सेरोफेरो** प्रकाशित देखिन्छ । उनी मूलतः वैचारिक धारका लेखक र समीक्षक भए पनि उनले आफ्नो नैबन्धिक प्रवृत्तिलाई बेग्लै धारमा दौडाएका छन् । ताना शर्मा जस्ता चर्चित नियात्राकारहरूको तुलनामा उनका नियात्राहरू फितला देखिएतापनि नेपाली नियात्राको परम्परालाई उनले आफ्नो निबन्ध

सङ्ग्रहबाट बलियो तुल्याएका छन् । यसपछि मकवानपुरको निबन्ध क्षेत्रलाई हेर्ने हो भने नेपाली निबन्धको परम्परालाई अगाडिबढाउन मकवानपुरका अन्य फुटकर निबन्धकारहरूको पनि निकै ठूलो भूमिका देखिन्छ । फुटकर निबन्धकारहरूमा श्याम कुमार बानियाँ, निबन्धकारहरूले नेपाली निबन्धको परम्परालाई आफ्ना फुटकर निबन्धका माध्यमबाट समृद्ध तुल्याएका छन् ।

## ६.२ निष्कर्ष

नेपाली निबन्ध समग्र नेपाली साहित्यकै कान्छो विधा भएकाले निकै कालपछि मात्र नेपाली साहित्यमा निबन्ध देखा परेको हो । देवकोटाले प्रारम्भ गरेको आधुनिक नेपाली निबन्ध परम्पराको इतिहास आठ दशकको मात्र छ । धेरै पछि सुरु भए पनि निबन्धले नेपाली साहित्यमा निकै ठूलो फट्को माऱ्यो, जसको प्रभाव नेपालका हरेक क्षेत्रमा पऱ्यो । मकवानपुरमा पनि क्रमशः नेपाली निबन्धकारहरू देखापन थाले । फलस्वरूप मकवानपुर जिल्लाले पनि वर्तमान समयसम्म आइपुग्दा प्रशस्त निबन्धकारहरूलाई जन्मायो । राष्ट्रिय देखि स्थानीय स्तरका निबन्धकारहरूले मकवानपुर जिल्लाको निबन्ध परम्परालाई मात्र होइन समग्र नेपाली निबन्धपरम्परालाई पनि फराकिलो र सुदृढ तुल्याएका छन् । त्यसैले मकवानपुर जिल्लाको नेपाली निबन्धपरम्पराा ठूलो योगदान रहेका मान्न सकिन्छ ।

# सातौं परिच्छेद

# उपसंहार

## ७.१ निष्कर्ष

**नेपाली निबन्ध परम्परामा मकवानपुर जिल्लाको योगदान** शीर्षकको प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय प्रस्तुत गरिएको छ । यस परिच्छेदमा विषय परिचय, समस्याकथन शोधकार्यको उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, शोधकायृको औचित्य, महत्त्व र उपयोगीता, सीमाङ्कन र शोधपत्रको रूपरेखा प्रस्तुत छ ।

दोस्रो परिच्छेदमा मकवानपुर जिल्लाको संङक्षिप्त परिचय दिइएको छ । यस क्रममा मकवानपुरको नामकरण, क्षेत्र, सिमाना, राजनीतिक विभाजन, जनसङ्ख्या, हावापानी शैक्षिक विकास, यातायात, राजमार्ग, सञ्चार आदिको परिचय एवम् त्यहाँबाट प्रकाशित हुने पत्रिकाहरूको जानकारी दिइएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा नेपाली निबन्ध लेखनको परम्परामा मकवानपुर जिल्लाको योगदान उल्लेख गरिएको छ । यस क्रममा मकवानपुर जिल्लाबाट प्रकाशित साहित्यिक कृतिहरू, पत्रपत्रिकाहरू, गठन भएका साहित्यिक सङ्घ संस्थाहरू, एवम् विभिन्न पुरस्कार तथा सम्मान र त्यसले पुऱ्याएको योगदानको चर्चा गरिएको छ ।

चौथो परिच्छेदमा निबन्धको सैद्धान्तिक परिचय दिइएको छ । जसमध्ये निबन्ध निर्माणको लागि चाहिने निबन्धका आवश्यक तत्त्वहरूको सामान्य चर्चा गरी नेपाली निबन्ध परम्पराको उठान प्रयासको चर्चा गरिएको छ ।

पाँचौं परिच्छेदमा मकवानपुर जिल्लाका निबन्धकार तथा तिनका निबन्ध र निबन्ध कृतिको अध्ययन गरिएको छ । यस क्रममा मकवानपुर जिल्लाको निबन्धलेखनको पृष्ठभूमि मकवानपुरे जिल्लाको निबन्धलेखनको आरम्भ एवम् विभिन्न निबन्धकारका निबन्ध सङ्ग्रह एवम् फुटकर निबन्धहरूको कालक्रमिक रूपम अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्रको छैटौं परिच्छेदमा मकवानपुर जिल्लाले समग्र नेपाली निबन्ध परम्परामा दिएको योगदानको चर्चा गरिएको छ । मकवानपुर जिल्लाको निबन्ध लेखन शुरुवातको समयदेखि वर्तमानसम्म सक्रिय निबन्धकार एवम् समय-समयमा देखा पर्ने निबन्धकार फुटकर निबन्धकारहरूको योगदान र त्यसले निबन्ध परम्परामा पुऱ्याएको योगदानको समेत चर्चा गरिएको छ ।

सातौँ परिच्छेदमा शोधपत्रको उपसंहार एवम् निष्कर्ष दिइएको छ । जुन समग्र शोधको सार एवम् निचोड हो । यसका साथै सम्भावित शोधशीर्षकहरू र यस शोपत्रलाई तयार पार्ने क्रममा सहयोग लिइएका सन्दर्भ सामग्रीहरूलाई कालक्रमिकका आधारमा राखिएको छ ।

## ७.२ सम्भावित शोधशीर्षकहरू

यस शोधसँग सम्बन्धित अध्ययन गर्न सकिने शोधशीर्षकहरू यस प्रकार छन्:

क) आर. सि. रिजालको निबन्धकारीताको अध्ययन ।

ग) मकवानपुरका निबन्धहरूमा हास्यव्यङ्ग्य विधान

# सन्दर्भ सामग्री सूची


अधिकारी, रामलाल (१९७६), **नेपाली निबन्ध यात्रा,** दार्जिलिङ्ग : नेपाली साहित्य संचायिका ।

अवस्थी, महादेव (२०५५), "निबन्धको सैद्धान्तिक परिचय र निबन्ध लेखनका औचित्य एवम् फाइदा", **कुञ्जिनी** वर्ष ६ अङ्क ४ ।

अधिकारी रमेशमोहन (२०६३) **सम्झानाको सेरोफेरो**, विरगञ्ज : प्रतीक प्रकाशन ।

आचार्य, रामचन्द्र 'फुर्सती' (२०५२), **मकवानपुरका धार्मिक स्थलहरू,** सामुहिक महारुद्री अनुष्ठान स्मारिका ।

................, (२०५६), "साहित्यिक सेरोफेरोमा मकवानपुर", **दीपशिखा,** वर्ष १ अङ्क १ ।

उपाध्याय, केशवप्रसाद (२०४९) **साहित्य प्रकाश पाँचौ संस्करण,** काठमाडौं : साझा प्रकाशन ।

गौतम र अन्य (२०५५), **नेपाली निबन्ध,** काठमाडौं : नवीन प्रकाशन ।

थापा, मोहन हिमाशुं, (२०४२) **साहित्य परिचय** (दोस्रो संस्करण) काठमाडौं : साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद, (२००२), **लक्ष्मी निबन्ध सङ्ग्रह** (बाह्रौं संस्करण,२०५७) ललितपुर : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०४०) **नेपाली बृहत शब्दकोष,** ने. रा. प्र. प्र. ।

पाठक, बद्री बहादुर (२०५९), **इन्द्रसरोवर,** मकवानपुर ।

पोखेल, मोदनाथ (२०६३) "मकवानपुरका कथाकारको अध्ययन", अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि., कीर्तिपुर ।

बराल, खिलप्रसाद (२०६२) "मकवानपुरका कवि र कविता", अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि., कीर्तिपुर ।

भारद्वाज, वरदराज (२०६४) **शरणागति सन्देश,** हेटौंडा : श्री लक्ष्मीनारायण मन्दिर ।

भारद्वाज, श्याम, (२०५४), **कहीं नभएको जात्रा हाँडी गाउँमा,** स्वयम् ।

................ , (२०५८) **साम्देन बा र ज्योतिष बाजे** स्वयम् ।

शर्मा, गोपीकृष्ण (२०५७) **नेपाली निबन्ध परिचय,** (एघारौं संस्करण) काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५५), **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौं : ने. रा. प्र. प्र. ।

सापकोटा कुलप्रसाद (२०५६), “नेपाली साहित्यमा मकवानपुर जिल्लाको योगदान”, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि., कीर्तिपुर ।

संक्षिप्त जिल्ल परिचय (२०६७), जिल्ला विकास समिति मकवानपुर ।

सुवेदी, राजेन्द्र (२०५३), **स्रष्टा सृष्टि द्रष्टा दृष्टि,** काठमाडौं : पाठ्य सामग्री पसल ।

.................., (२०५७), “आधुनिक निबन्ध शिक्षण” **वाङ्मय,** वर्ष १० नेपाली केन्द्रीय विभाग कीर्तिपुर, पूर्णाङ्क १० ।

रिजाल, आर. सी. (२०५५) **कुकुरको पुच्छर**, मकवानपुर : स्वयम् ।

...................., (२०५७) **कण्ठ लङ्गौटी**, मकवानपुर स्वयम् ।

...................., (२०६३) **हाकिमको खप्पर**, मकवानपुर स्वयम् ।

**अन्य पत्रपत्रिकाहरु**

हेटौडा टुडेको विभिन्न अङ्कहरु

हेटौंडा सन्देश

नारयणी

समृद्ध समाज

प्रयास

## परिशिष्ट-१

## मकवानपुर जिल्लाको नक्सा

